# मेचे जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा
व्यवस्थापन विभाग अन्तरगत स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको

## शोध-पत्र

**प्रस्तुतकर्ता**
**नर्वदा अधिकारी**
**क्याम्पस रोल नं.: १९**
**परीक्षा रोल नं.: २०४००६१/२०६६**
**त्रि.वि. दर्ता नं.: १६४८९-९०**

**कनकाई बहुमुखी क्याम्पस**
**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**
**सुरुङ्गा, झापा**
**२०७२**

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :...२०७२/०९/१६.....

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **नर्बदा अधिकारी**ले मेरो प्रत्यक्ष निर्देशनमा **मेचे जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु। यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु।

(गोपीकृष्ण भट्टराई)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
कनकाई बहुमुखी क्याम्पस
☎ ०२३-५५०१५३
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
Fax : ०२३-५५०८५३
स्था : २०४७
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..२०७२/१०/०४.....

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **नर्बदा अधिकारीले मेचे जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..........................................

२. गोपीकृष्ण भट्टराई
शोध निर्देशक ..........................................

३. उप-प्रा. शेषराज अधिकारी
बाह्य परीक्षक ..........................................

# कृतज्ञता ज्ञापन

त्रिभूवन विश्वविद्यालय अन्तरगत कनकाइ बहुमुखी क्याम्पस सुरुङ्गा झापाको स्नात्तकोतर तह द्वितिय वर्षको शैक्षिक योजना तथा ब्यबस्थापन बिषयको आंशिक परिपूर्तिका लागी यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा शोध प्रस्तावनाको रुपरेखा तयार गर्नेदेखि लिएर शोधपत्रको अन्तिम रुप प्रदान गरुञ्जेलसम्म आवश्यक निर्देशन, सल्लाह र सुझाव गरिदिनुहुने शोध निर्देशक आदरणीय गुरु श्री गोपीकृष्ण भट्टराईज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोध कार्यलाई अगाडि बढाउनका लागि आवश्यक वातावरण मिलाई विभागीय स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटीज्यू र विभागका आदरणीय गुरुहरुप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अध्ययनको क्रममा नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, मेचे अभिभावकहरु, शिक्षक, कर्मचारी र विद्यार्थीहरु जसले यस कार्यका लागि आफ्नो अमूल्य समय प्रदान गरी सूचना र तथ्याङ्क उपलब्ध गराई शोधपत्र तयार गर्न यथेष्ट सहयोग पुर्‍याउनु हुने सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको तयारीको क्रममा भाषिक शुद्धिकरणका टङ्कन गरी शोधपत्र तयारीमा अन्तिम रुप दिन आवश्यक सहयोग पुर्‍याउनु हुने वशिष्ठ कम्प्यूटर डिजाइनिङ्ग सेन्टरका दुर्गा लुइटेललाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

नर्वदा अधिकारी

# शोधसार

प्रस्तुत शोधपत्र "प्राथमिक शिक्षामा मेचे बालबालिकाको सहभागिता" शीर्षक राखेर तयार गरिएको छ । यस अध्ययनको मूल उद्देश्य झापा जिल्लाका विभिन्न गा.वि.स. र नगरपालिकाको बुधवारे, काँकरभिट्टा र हल्दिबारी स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययनरत बालबालिकाको शैक्षिक सहभागिता अन्तर्गत भर्नाको अवस्था, कक्षा छाड्ने र दोहोऱ्याउने अवस्था, यसलाई प्रभाव पार्ने कारण तथा तत्वहरूको पहिचान गरी प्राथमिक शिक्षामा बालबालिकाको शैक्षिक सहभागिता वृद्धि गर्न अवलम्वन गर्नुपर्ने उपायहरू दर्शाइएको छ ।

यस शोधपत्रको उद्देश्य प्राप्तिका लागि खोज अनुसन्धान गर्न अन्वेषणात्मक साथै वर्णनात्मक ढाँचा प्रयोग गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । यो अध्ययनको लागि उद्देश्यमूलक नमूना छनौट विधि प्रयोग गरिएको छ । झापा जिल्लाको बुधवारे, काँकरभिट्टा र हल्दिबारी स्रोतकेन्द्रका ५ वटा सामुदायिक विद्यालयहरू छनौट गरिएको छ । तथ्याङ्क संकलन गर्न विद्यार्थी अभिलेख फाराम, प्रश्नावली, अन्तर्वार्ता, छलफल अवलोकन जस्ता साधनहरू प्रयोग गरी बालबालिका, शिक्षक, प्रधानाध्यापक, अभिभावक, बुद्धिजीवी, समिति पदाधिकारी गरी ५८ जना उत्तरदाताहरु सँग प्रत्यक्ष साक्षात्कार गरियो । यस अध्ययनको क्रममा प्राथमिक तथा द्वितीयक स्रोतको प्रयोग गरी मेचे बालबालिकाको भर्नाको अवस्था, कक्षा छाड्ने र दोहोऱ्याउने अवस्थाका साथै यसलाई प्रभाव पार्ने कारण तथा तत्वहरूको व्याख्या र विश्लेषण गरिएको छ । बालबालिकाको सहभागितामा प्रभाव पार्ने कारण र तत्वहरूको व्याख्या तथा विश्लेषण एवम् सहभागिता बढाउने उपायहरू सुझाउन सैद्धान्तिक खाकाको रूपमा अब्राहम मास्लोद्वारा प्रतिपादित मानवका आवश्यकता शृङ्खला नामक उत्प्रेरणा सिद्धान्त र व्यवस्थापकीय सिद्धान्त अन्तर्गत- "सम्पूर्ण गुणस्तरीय व्यवस्थापनको सिद्धान्त" लाई आधार मानिएको छ ।

यस शोधपत्रमा अध्ययन गरिएका पाँचवटा सामुदायिक विद्यालय क्षेत्रका वस्तीहरूमा मेचे समुदायकोको वाहुल्य भएपनि बालबालिकाको शैक्षिक सहभागिता प्राथमिक तहमा अन्य बालबालिकाको भन्दा छात्रवृत्ति वितरण तथा शिक्षण सिकाइ राम्रो पाइए तापनि वर्षेनि भर्ना सङ्ख्या घट्दै गएको देखिएको छ ।

*यस शोध पत्रमा अध्ययन गरिएका पाँचवटा सामुदायिक विद्यालयमा प्राथमिक तहमा अध्ययन गरेका बालबालिकाको भर्ना सङ्ख्या सन्तोषजनक छ तर प्रत्येक शैक्षिक सत्रमा भर्ना सङ्ख्या घट्दो रहेको पाइएको छ । बालबालिको कक्षा छाड्ने र दोहोऱ्याउने दर घट्दो अवस्थामा देखिएन । प्राथमिक शिक्षामा बालबालिकाको सहभागितालाई प्रभाव पार्ने तत्वहरूमा कमजोर आर्थिक अवस्था, जनचेतनाको कमी, पारिवारिक पृष्ठभूमि, भाषागत समस्या, शैक्षिक तथा भौतिक सुविधाको अभाव आदि पाइएको छ ।*

*प्राथमिक शिक्षामा मेचे बालबालिकाको शैक्षिक सहभागिता वृद्धि गर्नका लागि यस समुदायको आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, सरकारी तथा गैर सरकारी संस्था मार्फत प्रौढ शिक्षा, महिला शिक्षा, साक्षरता शिक्षा आदि कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, मातृभाषाको पठनपाठनको व्यवस्था गर्नुपर्ने, सरोकारवालाहरुसँग शैक्षिक, भौतिक तथा आर्थिक पक्षमा सुधार गर्न छलफल तथा अन्तर्क्रिया गर्नुपर्ने, व्यावसायिक तथा प्राविधिक शिक्षामा जोड दिनुपर्ने निष्कर्ष निकालिएको छ । साथै बालबालिकाको लागि पूर्ण छात्रवृत्ति, खाजा, यातायात, पोसाक तथा शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने सुझावहरु प्रस्तुत गरिएको छ ।*

# विषयसूची


| क. स. | शीर्षक | पेज |
|---|---|---|
| १. | सिफारिस पत्र | |
| २. | स्वीकृति पत्र | |
| ३. | कृतज्ञता | |
| ४. | शोधसार | |
| | **परिच्छेद एक : परिचय** | **१-९** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अध्ययनको औचित्य | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ७ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ | अध्ययनको परिसीमा | ८ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | **१०-१३** |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ | सैद्धान्तिक खाका | ११ |
| २.३ | शैक्षिक उपादेयता | १३ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | **१४-१८** |
| ३.१ | अनुसन्धान ढाँचा | १४ |
| ३.२ | जनसंख्या र नमुना छनौट | १४ |
| ३.२.१ | जनसंख्या | १४ |
| ३.२.२ | नमूनाको आकार | १५ |
| ३.२.३ | नमूना छनौट विधि | १५ |
| ३.३ | अनुसन्धानका साधनहरू | १५ |
| ३.३.१ | विद्यार्थी अभिलेख फारम | १६ |
| ३.३.२ | प्रश्नावली | १६ |
| ३.३.३ | अन्तर्वार्ता | १६ |

३.३.४ छलफल १६
३.४ तथ्याङ्कका स्रोतहरु १६
३.४.१ प्राथमिक स्रोत १६
३.४.२ द्वितीय स्रोत १६
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया १७
३.६ तथ्याङ्कको विश्लेषण १७

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या १९-४७**

४.१ बालबालिकाको शैक्षिक सहभागिताको स्थिति १९
४.१.१ प्राथमिक तहका बालबालिकाको भर्ना विवरण २२
४.१.२ बालबालिकाको अध्ययन गर्ने विद्यालय र विद्यार्थी विवरण २३
४.१.३ बालबालिका बीचैमा कक्षा छाड्ने र दाहोऱ्याउने अवस्था २६
४.१.४ शैक्षिक उपलब्धिको अवस्था २९
४.१.५ बालबालिकामा विद्यालयको शिक्षा छात्रवृत्ति तथा अन्य कार्यक्रमको विवरण ३०
४.१.६ बालबालिकाको विद्यमान शैक्षिक अवस्था ३३
४.२ शैक्षिक सहभागिता न्यून हुनाका कारणहरू ३४
४.२.१ प्रधानाध्यापकको धारणा ३५
४.२.२ शिक्षकको धारणा ३५
४.२.३ बालबालिकाको धारणा ३६
४.२.४ अभिभावकको धारणा ३७
४.२.५ विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीको विचार/धारणा ३७
४.२.६ स्रोतकेन्द्रका स्रोतव्यक्तिको धारणा ३८
४.३ शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरूको विश्लेषण ३८
४.३.१ अभिभावकमा चेतनाको कमी हुनु ३९
४.३.२ भाषागत समस्या ३९
४.३.३ घरायसी काम ३९
४.३.४ पारिवारिक पृष्ठभूमि ४०

४.३.५ शैक्षिक सामग्री तथा सुविधाको अभाव ४१

४.३.६ कमजोर बालबालिकालाई शिक्षकले वेवास्ता गर्नु ४१

४.४ बालबालिकालाई विद्यालयमा टिकाइ राख्ने उपायहरू ४२

४.५ प्राप्ति ४४

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू ४८-५२**

५.१ निष्कर्ष ४८

५.२ सुझावहरू ४९

५.२.१ नीतिगत तह ४९

५.२.२ अभ्यासगत तह ५०

५.२.३ अनुसन्धानात्मक तह ५२

सन्दर्भ ग्रन्थ सूची

अनुसूचीहरु

# तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका १ | : | नमूना छनौटमा परेका जनसंख्याको विवरण | १५ |
| तालिका २ | : | प्राथमिक तहमा भर्ना भएका विद्यार्थी विवरण | २० |
| तालिका ३ | : | प्राथमिक तहका बालबालिकाको भर्ना विवरण | २२ |
| तालिका ४ | : | बालबालिकाको अध्ययन गर्ने विद्यालय र विवरण | २४ |
| तालिका ५ | : | बालबालिकाको कक्षा छाड्ने अवस्था | २६ |
| तालिका ६ | : | कक्षा दोहोऱ्याउने अवस्था | २८ |
| तालिका ७ | : | शैक्षिक उपलब्धिको अवस्था | २९ |
| तालिका ८ | : | बालबालिका नमूना विद्यालयको शिक्षा छात्रवृत्ति तथा अन्य कार्यक्रमको विवरण | ३१ |
| तालिका ९ | : | प्रधानाध्यापकको धारणा | ३५ |
| तालिका १० | : | शिक्षकहरूको धारणा | ३६ |
| तालिका ११ | : | बालबालिकाको मत धारणा | ३६ |
| तालिका १२ | : | बालबालिकाका अभिभावकको मत/धारणा | ३७ |
| तालिका १३ | : | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको धारणा | ३८ |

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

नेपाल क्षेत्रफलको हिसाबले सानो देश भए तापनि पूर्वदेखि पश्चिम महाकालीसम्म, उत्तर हिमालदेखि दक्षिण तराईसम्म विभिन्न तथा जनजातिहरूको बसोबास रहेको पाइन्छ । नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातीय राष्ट्र भएको नाताले सांस्कृतिक, धार्मिक, भाषिक विविधता यहाँको मूल विशेषता हो । यस्ता विशेषताहरूलाई सधैँ जोगाई हरेक जातजातिहरू अभिन्न अङ्गका रुपमा रहेका कारण भाषा, संस्कृति, संस्कारहरू सिकाउने थलो विद्यालय हो । हरेक जातजातिहरूका बालबालिकाहरूको शिक्षामा सहभागिता आजको अनिवार्य आवश्यकता हो । राज्यले अपेक्षा गरे अनुरुप गुणस्तरीय शिक्षा नहुँदा नागरिकले जीवनयापन गर्न कठिनाइ भइरहेको छ । यस अवस्थामा शैक्षिक अवस्थालाई सुधार्न हरेक जातजातिका बालबालिकाहरूको शिक्षामा समान भूमिका रहन्छ ।

नेपालको पूर्वि सिमाना स्थित मेची अञ्चलको झापा जिल्लाका विभिन्न नगरपालिका र गाउँ विकास समितिमा धेरै सङ्ख्यामा मेचे जातिका मानिसहरू बसोबास गर्दछन् । सन् २००१ को जनगणना अनुसार नेपालको पाँचैवटा विकास क्षेत्रमा मेचे जातिले बसोबास गरेको पाइन्छ । नेपालमा लगभग ५००० जनसंख्या भएको यो जाति भारत तथा बंगलादेशमा बोडो र कछाडीको नामले त्रिपुरा, ब्रम्हपुत्रको उत्तरी भाग, उत्तरी बंगाल आदि क्षेत्रसम्म फैलिएर बसोबास गरेको पाइन्छ । नेपालको तथ्याङ्क अनुसार यो जातिको सङ्ख्या अन्य जातिको भन्दा न्यून देखिन्छ । पहिला धेरै सङ्ख्यामा रहेको यो जातिको सङ्ख्या घट्दो क्रममा छ । थर परिवर्तनको कारण वा अन्य राष्ट्रतिर पलायन भएकोले यसो भएको हुन सक्ने अनुमान गर्न सकिन्छ । वि.सं. २००७ सालभन्दा अगाडिका डरलाग्दा रोगहरू जस्तैः औलो, विफर, हैजा र जंगली जनावरहरूको शिकार हुनु परेको कारणले गर्दा यो जातिको सङ्ख्यामा कमी आएको अड्कल गर्न सकिन्छ ।

सरकारले सूचीकृत गरेका ५९ जातिहरूभित्र पर्ने मेचे जातिका बारेमा विभिन्न अनुसन्धानकर्ताहरू, इतिहासकारहरू, स्वदेशी तथा विदेशी विद्वानहरू/समाजशास्त्री

आदिले आ-आफ्ना तथ्य तथ्याङ्कका आधारमा मेचे जातिलाई पहिचान गराएका छन् जुन निम्नानुसार छः-

एफ.बी. ह्यामिल्टनले "एन एकाउन्ट अफ दि किङ्गडम अफ नेपाल" नामक पुस्तकमा नेपालको पूर्वी क्षेत्र अर्थात विजयपुर राज्यको पूर्वी भागमा मेचे समुदायको बसोबास थियो भनेर किटान गरेका छन् ।

त्यसै गरी मेचे जातिको बारेमा जानकारी प्रदान गर्ने अर्का व्यक्ति ए. क्याम्पवेल पनि हुन् । उनका अनुसार सन् १८३९ मा मेचे जातिका बारेमा एउटा टिप्पणी लेखेको पाइन्छ जस अनुसार "आसामको ब्रम्हपुत्र नदीदेखि नेपालको कनकाई नदीसम्म मेचे जातिको बसोबास फैलिएको थियो" । बी. एच. हड्सनले मेचेहरूको बसोबास क्षेत्रको गहकिला प्रमाण पेश गरेको पाइन्छ । यिनका अनुसार सन् १८४६ मा आसामको गोवालापाडा जिल्लादेखि नेपालको अलिगञ्ज (जो मोरङ्गमा पर्दथ्यो) भन्ने ठाउँका सबै जातिहरूका बारेमा अध्ययन गरेका थिए । उनको भनाइ अनुसार - बोडो जाति २५$^{o}$ देखि २७$^{o}$ उत्तरी देशान्तर र ८८$^{o}$ देखि ९३$^{o}$ पूर्वी अक्षांससम्म फैलिएका छन् । (The Bodo Extend from 25$^{o}$ to 27$^{o}$ North Latitude and from 88$^{o}$ to 93$^{o}$ East Longitude) यसरी आसामदेखि नेपालसम्मको लामो क्षेत्र समेट्ने हुनाले यो जाति आसामदेखि नेपालको विशाल भू-भागमा फैलिएर रहेका थिए ।

ऐतिहासिक प्रमाण एवं क्रमवद्ध जातीय इतिहासको अभावमा मेचेहरूको मूल थलो कहाँ थियो भनेर किटान गर्न गाह्रो देखिन्छ । मेचेहरूका जनश्रुति वा कथा कहानीहरूबाट बुझिन आएकोबाट उनीहरू चीनबाट हिमाल पार गर्दै पहाडै पहाड भारतको मेघालय राज्यमा रहेको खसिया जयन्तिया पहाडमा आइपुगे । जयन्तिया राजाहरूसँग उनीहरूको विशाल लडाईं भयो । युद्ध विजयपछि क्रमशः उनीहरू विजय गरेको ठाउँमा अधिराज्य जमाउनुका साथै स्थायी बसोबास गरे । यस भनाइलाई प्रमाणित गर्ने केही प्रमाणहरू नभेटिए तापनि १३औं शताब्दीतिर आसामको ब्रम्हपुत्र नदीको दक्षिणपट्टि दिखौं नदीदेखि कलनदीसम्मको भू-भागमा बुहाडी (मेचे) राज्यको स्थापना भइसकेको थियो ।

पौराणिक कालमा पनि मेचे जातिको इतिहास खोज्दा वेदकालमा उल्लेख भए अनुसार हिमाली क्षेत्रमा आर्यहरूको आगमन पूर्व नै कतिपय अन्य मानव जातिको

आगमन भइसकेको थियो, ती हिमाली पहाडी श्रृंखलाहरूमा किराँत, शेर्पा, तामाङ्ग, किन्नरकोल, यज्ञ, नाग आदि धेरै आर्य जातिको बसोबास भैसकेको थियो ।

मेचे शब्द संस्कृतको "म्लेच्छा" शब्दबाट अपभ्रंश भई बनेको तर्क विद्धानहरूको छ । म्लेच्छा शब्दले आर्य कुलका मानिसलाई जनाउँछ । यहि म्लेच्छाबाट अपभ्रंश हुदै क्रमशः मेच्छ र मेच भएको हुनुपर्छ, मेचको नेपालीकरण नै मेचे हो । नेपाली व्याकरणमा 'ए' प्रत्यय जोडी शब्द बनाउने प्रक्रियाअनुसार मेच+ए="मेचे" बनेको हो (खनाल, धनश्याम, २०३५, पृ.४, झापाको मेचे जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अध्ययन, (अप्रकाशितलघु अनुशन्धान) समाजिक शास्त्र अध्ययन संस्था त्रि.वि. पोखरा) ।

अर्को तर्क अनुसार खोला नदीको किनारामा बस्ने जाति हुनाले (वा माछा मारिहिड्ने जाति हुनाले) मेचे भनिएको हो (श्रेष्ठ, स्वयम्भुलाल, २०३२ पृ. १४, हाम्रो गरिमा झापा अवलोकन प्रकाशन) । सम्भवतः मेचे जातिको बसोबास क्षेत्रमा बहने नदीको नामबाट नै मेची अञ्चलको नाम रहन गएको हो (श्रेष्ठ, कृष्णप्रसाद, २०४४, पृ.१, स्थान नाम कोश काठमाण्डौ) ।

यसरी विभिन्न तरिकाबाट 'मेचे' जाति र शब्दका बारेमा अनेकौ तर्क-वितर्कहरू भेटिएका कारण यो जाति अनेक जाति मध्ये एक लोपोन्मुख अवस्थामा रहेको राष्ट्रले जानकारी दिएको छ । यस जातिको बालबालिकाहरूको शैक्षिक अवस्थाबारे जानकारी राख्नका लागि अध्ययन महत्वपूर्ण ठानिन्छ ।

वास्तवमा मेचे जातिहरूका उत्पतिको विभिन्न स्थानहरूको गरिमामय योगदान रहेको कारणले मेचे बालवालिकाहरूको शैक्षिक सहभागीता अध्ययन गर्नु आवश्यक ठानिएको छ जसले भविष्यमा निडर, आत्मविश्वासी जस्तासुकै समस्याहरूलाई सहजै समाधान गर्न सक्ने क्षमता भएका लगनशील, परिश्रमी बालवालिकाहरू राष्ट्र निर्माणमा महत्वपूर्ण भुमिका रहने भएकोले उनीहरूको शैक्षिक परिवेश अध्ययन गरेर के कस्ता उपलब्धिहरू हासिल गर्न सकिन्छ ति तथ्याङ्कहरूको जानकारी लिन यो अध्ययन गरिएको छ ।

सन् १९९० को दशकलाई "सबैको लागि शिक्षा" को दशकको रुपमा चिनिन्छ । थाइल्याण्डको जम्तिनमा बसेको अन्तर्राष्ट्रिय शैक्षिक सम्मेलनले विकासोन्मुख र अविकसित देशहरुलाई लक्षित गरी सन् २००० सम्म विद्यालय जाने उमेर पुगेका सबै

वालवालिकालाई विद्यालय शिक्षा दिने भनी "सबैका लागि शिक्षा" को नारा तय गरियो । उक्त समय भित्र कार्यक्रम सफल नभएपछि डकार सम्मेलनले सबैका लागि शिक्षालाई गुणात्मक विकास गर्ने भनी "गुणात्मक शिक्षा" (Quality Education) को नारा तय गरी औपचारिक शिक्षाको माध्यमबाट सन २०१५ सम्ममा सबैका लागि गुणात्मक शिक्षाको प्रतिबद्धता जाहेर गरेको छ, (शैक्षिक समाचार, २०६७) । शिक्षा विकासको सन्दर्भमा शिक्षामा निष्पक्षता ल्याउन सबैका लागि शिक्षाको नारालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि सन् २०१५ सम्ममा सबैले शिक्षा पाउनुपर्छ भन्ने विश्वव्यापी मान्यताका सन्दर्भमा मेचे जातिमा पनि शिक्षामा सहभागिता गराउनका लागि सरकारबाट पर्याप्त मात्रामा कार्यक्रम लागु गरिए तापनि उक्त समुदायसम्म पहुँच नपुगेको वास्तविकतालाई अध्ययन गरी सत्य-तथ्य उजागर गर्ने प्रयास गरिएको छ ।

मेचे जातिको उत्पत्तिको सम्बन्धमा विद्वान, लेखक, शोधकर्ता, पत्रपत्रिका, प्रतिवेदनहरूले आ-आफ्नो तरिकाले विचारहरू प्रस्तुत गरेको पाइयो जसमा कसैले मेचे जातिको उत्पत्ति संस्कृत शब्द म्लेच्छबाट भएका हो भन्ने कुरा व्यक्त गरे । कसैले मेचे शब्दको उत्पत्ति भैसकेको अवस्थामा मेचे जातिकै रहन सहन संस्कृति, भाषा, बसोबास क्षेत्र, व्यवहार इत्यादिबाट ती ती ठाउँहरूको नाम मेचे जातिबाटै (मेची अञ्चल, मेची नदी, घोडामारा, बडावारी, कञ्चनश्री, खुदुनावारी, बिर्तामोड, धाइजन, आइनावारी आदि) रहँदै आएको देखिन्छ ।

अन्त्यमा मेचे बालबालिकाहरूको शैक्षिक सहभागिताको अवस्था हेर्दा कक्षा १ देखि मास्टर्स डिग्रीसम्म अध्ययनको तथ्याङ्क हेर्दा माध्यमिक तहसम्म प्राय जसोले उत्तीर्ण गरेको, +२ सम्म ३० प्रतिशतले मात्र अध्ययन गरेको, डिप्लोमा तहसम्म १५ जना, मास्टर्स डिग्री सक्ने ५ जना, विद्यावारिधी १ जना र प्राविधिक १० जना जना रहेको छ । जसमा छात्रा भन्दा छात्रको संख्या अधिक रहेको देखिन्छ । उक्त तथ्याङ्क अनुसार ओभरसियर १ जना, एग्रो इन्जिनियर्स १ जना, रहेको सन्तलाल मेचेबाट लिखित पुस्तकबाट प्राप्त भएको हो । यसरी लोपोन्मुख अवस्थामा रहेर पनि शैक्षिक क्षेत्रलाई अगाडि बढाउँदै जाने प्रयास सह्रायनीय देखिन्छ । लोपोन्मुख अवस्थामा रहेका जातिहरूलाई आर्थिक र शैक्षिक आवश्यकताका लागि निश्चित रकमको राज्यले व्यवस्था गरेको छ । त्यसभन्दा अगाडि नेपाल जनजाति प्रतिष्ठानद्वारा मेचे जातिका

बालबालिकाहरूलाई अध्ययन कार्यमा सफलता दिलाउन क्याम्पससम्म छात्रबृति पाउने व्यवस्था गरिदिएको छ ।

## १.२ समस्याको कथन

शताब्दीऔदेखि नेपालको पूर्वाञ्चल स्थित झापा जिल्लाको विभिन्न गाउँ विकास समिति र नगरपालिकाहरूमा फिंजिएर मेचे जातिको बसोबास रहन गएको छ । राष्ट्रले लोपोन्मुख अवस्थाका जातिहरू घोषित गरे पश्चात मेचे जाति पनि सो अवस्थामा रहेको कारण तिनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्था पहिचान गर्न यस समस्याको चयन गरिएको छ । मुख्यतयाः प्राथमिक शिक्षा चुनौतिको रुपमा रहेको परिप्रेक्ष्यमा विद्यालयमा उचित वातावरणको अभाव र प्रतिकूल राजनैतिक अस्थिरताले पठनपाठनमा अवरोध सिर्जना भैरहेको विकराल परिस्थितिमा अशिक्षित अभिभावकका कहालीलाग्दा कमजोर आर्थिक अवस्था, घरमा भाइबहिनी स्याहार्ने समस्या, छोराछोरीहरूप्रति अलग विचार, बुबाआमा नै विदेशिने समस्याहरू, कृषिकार्यमा अधिक समय दिनुपर्ने आदि बाध्यताहरूले गर्दा विद्यालयमा प्राथमिक छात्रछात्राहरूको भर्ना भएर पनि नियमिततामा कमी देखिन्छ ।

यस्ता समस्याहरू जनजाति, दलित, पिछडिएका, लोपोन्मुख बालबालिकाहरूको शैक्षिक अवस्था दयनीय देखिएका कारण प्राथमिक तहमा मेचे बालबालिकाहरूको शिक्षामा सहभागिताको अवस्था, भर्ना सङ्ख्या, विद्यालय छाड्ने, उत्तीर्ण, अनुत्तीर्ण कारणहरूको पहिचान गर्न समस्याको रुपमा लिइएको छ ।

हरेक शोधपत्रहरू, आर्थिक सामाजिक, राजनैतिक सांस्कृतिक, समसामयिक द्वन्द्वात्मक अवस्थाका घटनाहरूको नीति निर्माणहरूको आधारमा अध्ययन अनुसन्धानका क्रममा विश्वको अस्तित्वलाई निरन्तरता दिन, गुणस्तरीय जीवन यापन गराउन आजको आवश्यकता ठानी लोप हुनतिर उन्मुख जातिको पहिचानका साथै ती जातिका बालबालिकाहरूको शैक्षिक अवस्था अध्ययन गर्नु आवश्यक देखिन्छ ।

शिक्षा भनेको मानिसको भित्री आँखा हो । मानिस जन्मँदा बाहिरी आँखा मात्र लिएर आएको हुन्छ । भित्री आँखा खोल्न शिक्षाको आवश्यकता पर्दछ । त्यसैले आफ्नो अस्तित्व बचाइराख्न शिक्षा अपरिहार्य छ । अतः मेचे जातिको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि पक्षको बारेमा मात्र अध्ययन अनुसन्धान गरी जानकारी प्राप्त गर्न सकेको र मेचे जातिका बालबालिकाहरूको शैक्षिक अवस्थाबारे कुनै पनि

शोधकार्यहरू नभएको कारणले सो रिक्तता पूरा गर्न यो अध्ययन गरिएको छ । प्राथमिक शिक्षामा मेचे जातिका बालबालिकाहरूको शैक्षिक सहभागिताको तथ्यगत अवस्था पत्ता लगाउन, बालबालिकाको शैक्षिक उपलब्धि पत्ता लगाउन, प्राथमिक शिक्षामा मेचे जातिका बालबालिकाहरूको सहभागिताको बारेमा जानकारी प्राप्त गर्न, प्राथमिक तहमा मेचे बालबालिकाहरूको भर्नादर, कक्षा छाड्ने र दोहोऱ्याउने दरले पारेको प्रभाव पहिचान गर्न, बालबालिकाहरूको शिक्षामा टिकाइ राख्ने उपायहरूको खोजी गरी प्रस्तुत गर्न यी समस्याहरूलाई लिइ यो शोध अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

मानिसलाई गाँस, वास, कपासको जत्तिको जरुरत पर्दछ शिक्षाको पनि त्यत्तिकै खाँचो पर्दछ । व्यक्तिको अन्तरर्निहित प्रतिभाहरूको प्रस्फुटन गराउँदै व्यवहारिक परिवर्तनमा असर देखिनु शिक्षा हो । शिक्षा बिना नागरिकले गुणस्तरीय जीवन जीउन मुस्किल पर्दछ र राष्ट्रले सोचेजस्तो आय आर्जन गर्न नसकी गरिबी मुलुकमा गणना हुन्छ । त्यसैले हरेक नागरिक शिक्षित बनाउन प्राथमिक तहको शिक्षामा हरेक जातिको पहुँच पुऱ्याउनुपर्दछ तबमात्र सोचेजस्तो जीवन यापन गर्न सकिन्छ । यसै भनाइलाई मध्यनजर राख्दै मेचे जातिका बालबालिकाहरूको पनि शैक्षिक अवस्थाबारे विश्लेषण गरी प्राथमिक शिक्षामा सहभागिता बढ्ने अपेक्षा यस अनुसन्धानबाट राखिएको हुनाले यो अनुसन्धान आफैमा महत्वपूर्ण छ । नयाँ भर्नादेखि लिएर कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, उपलब्धि र शैक्षिक अवस्था बारे अध्ययन गरेर त्यसबारे अनुसन्धान गरी कारणहरू तथा तिनका उपायहरू पहिचान गर्दै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरसम्म मेचे बालबालिकाहरूका बारेमा भावी शैक्षिक योजनाहरू निर्माण गर्न मद्दत मिल्दछ । यसै गरी मेचे जातिका बालबालिकाहरू शैक्षिक सहभागितामा पछाडि पर्ने कारणहरू पहिचान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म उनीहरूको बारेमा शिक्षावीदहरूलाई जानकारी गराई भावी शैक्षिक योजना निर्माण गर्न यस अनुसन्धानले सहयोग गदर्छ । अन्य जातजाति भन्दा जनजाति पिछडिएको समुदायहरूको बालबालिकाहरूको शैक्षिक अवस्था कम देखिएकाले गर्दा मेचे बालबालिकाहरू सरह पनि यस्ता शैक्षिक अवस्थाका कारणहरू पहिचान गरी अन्य सबै जातिका बालबालिकाहरूमा सामान्यीकरण गर्न उपयोग ठानेर यो अध्ययन गर्न सान्दर्भिक ठानिएको छ ।

विभिन्न इतिहासविद, भाषाविदहरूले मेचे जातिका बारेमा शैक्षिक क्षेत्रमा बाहेक अन्य क्षेत्रमा मात्र खोज अनुसन्धान भएका छन् । तर मेचे जातिका बालबालिकाहरूको शैक्षिक अवस्थाका बारेमा अनुसन्धान गरेको नदेखिएकोले गर्दा यो अध्ययनको महत्वपूर्ण स्थान रहन्छ ।

नेपालका आदिवासी जनजातिहरु मध्ये मेचे जाति पनि राज्यको सिमान्तकृत वर्गमा रहेको एउटा जाति हो । यस जातिको शैक्षिक विकास सम्बन्धी गहन अध्ययन-अनुसन्धान भएको पाईंदैन । अध्ययनको सिलसिलामा विशेष गरेर झापा जिल्लाको विभिन्न गाउँ विकास समिति र नगरपालिका अन्तर्गतका छनोटमा परेका सामुदायिक विद्यालयहरुमा बालबालिकाको शिक्षामा सहभागिता के कस्तो छ र यसका साथै यस क्षेत्रको शैक्षिक अवस्था कस्तो छ भनी तथ्यगत तथा वैज्ञानिक अध्ययन गर्न जरुरी देखिन्छ । त्यसैले बदलिदो परिवेशमा विगत अवस्थामा मेचे जातिको आर्थिक र शैक्षिक अवस्था के-कस्तो थियो र वर्तमान समयमा मेचे बालवालिकाको शिक्षामा सहभागिता के-कस्तो छ साथै यी जातिको शैक्षिक अवस्था कस्तो छ भनी यस अध्ययनले सहयोग पुऱ्याउँछ । मेचे बालबालिकाका लागि भावी दिनमा नीति तथा कार्यक्रम तर्जुमा गर्दा मेचे बालबालिकाको शिक्षामा सहभागिता पुऱ्याउनका साथै यी जातिको शैक्षिक अवस्था, विद्यार्थीको निरन्तरता र स्थायीत्व आदिका सम्बन्धमा थप अनुसन्धान गर्न सकिन्छ भन्ने कुरामा दिशाबोध गराउन सकिन्छ भन्ने अध्ययनको औचित्य रहेको छ ।

मेचे जातिका बालबालिकाहरूको अध्ययनबाट विभिन्न योजनाविद, सरकारी तथा गैरसरकारी संस्थाहरूलाई मेचे बालबालिकाहरूको शैक्षिक अवस्थाबारे सूचना प्रदान गराउन सकेमा शिक्षा सम्बन्धी योजना निर्माण गर्न माथि उल्लेखित सम्पूर्ण पक्षलाई सहयोग पुग्दछ । यस अनुसन्धानबाट मेचे जातिको शिक्षामा सहभागिता वृद्धि भई उनीहरूको मात्र नभएर सम्पूर्ण समाज र राष्ट्रको विकासका साथै “सबैका लागि शिक्षा” कार्यक्रमले राखेको लक्ष्य पूरा गर्न सहयोग पुग्दछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य बालबालिकाको शिक्षामा सहभागिताको पहिचान र विश्लेषण गर्नु हो । यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) प्राथमिक शिक्षामा मेचे जातिका बालबालिकाहरूको शैक्षिक सहभागिताको अवस्था (उमेरगत जनसंख्या, प्राथमिक तहमा सहभागिता, बाहिर रहको जनसंख्या) पत्ता लगाउन ।

ख) प्राथमिक शिक्षामा मेचे जातिका बालबालिकाहरूको शैक्षिक स्थितिको बारेमा पहिचान गर्न ।

ग) प्राथमिक तहमा मेचे बालबालिकाहरूको शैक्षिक उपलब्धिको अवस्था (भर्नादर, कक्षा नियमितता, कक्षा छाड्ने र दोहोर्‍याउने प्रवृत्ति, तह पूरा गर्न लाग्ने समय, सिकाइ उपलब्धि) पहिचान गर्न ।

घ) बालबालिकाहरूको शिक्षामा टिकाइ राख्ने उपायहरूको खोजी गरी प्रस्तुत गर्न ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनमा निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरूमा आधारित रही अध्ययन अनुसन्धान गरिएको छ ।

क) प्राथमिक उमेर समूहका मेचे बालबालिकाहरूको विद्यालय भर्ना स्थिति कस्तो छ ?

ख) विद्यालयमा भर्ना भएका मेचे बालबालिकाको सिकाइ अवस्था कस्तो छ ?

ग) मेचे बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता के कस्तो रहेको छ ?

घ) मेचे बालबालिकाहरूमा बीचैमा कक्षा छोड्ने र दोहोर्‍याउने अवस्थाले सिकाइमा के कस्तो प्रभाव देखिन्छ ?

ङ) मेचे बालबालिकाहरूको विद्यालय सहभागिताका वाधक तत्वहरू के के हुन सक्छन् ?

च) मेचे बालबालिकाहरूमा शैक्षिक सहभागितामा कमी हुनाका कारणहरू के के हुन् ?

छ) मेचे बालबालिकाहरूको वार्षिक सिकाइ उपलब्धि कस्तो छ ?

ज) मेचे बालबालिकाहरूको शैक्षिक सहभागिता बढाउन के कस्ता उपायहरू वा तरिकाहरू अपनाउन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

अनुसन्धानकर्ताको समय, स्रोत र साधनको अभाव, खर्च, जनशक्ति आदि विषयको गहनताको कारणले ठुलो जनसंख्या अध्ययन गर्न असमर्थ भएकोले प्रस्तुत शोध कार्य पूरा गर्न सीमा निर्धारण गरिएको छ । यो अध्ययन विभिन्न गाउँ विकास

समिति र नगरपालिका मध्ये जलथल गाउँ विकास समितिको वडा नं. २, ५, मेची नगरपालिका-७, धाइजन-२ र ज्यामिरगढी-७ अन्तर्गतका वहुसङ्ख्यक मेचे बालबालिकाहरूको बसोबास गर्ने क्षेत्रसँग सम्बन्धित ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरूलाई मात्र यस अध्ययनमा समेटिएको छ ।

यससँग सम्बन्धित विद्यालयका प्रधानाध्यापक पाँच जना, शिक्षक पन्ध्र जना, समिति पदाधिकारी दस जना, मेचे तथा अन्य अभिभावक दस जना, मेचे वा अन्य बालबालिका पन्ध्र जना, स्रोतकेन्द्रका स्रोत व्यक्ति तीन जना गरी जम्मा ५८ जना व्यक्तिहरूलाई अनुसन्धानको मुख्य आधार बनाइएको छ । यो अध्ययन प्राथमिक तहमा अध्ययनरत मेचे बालबालिकाको शैक्षिक सहभागिताको स्थीति, भर्ना, कक्षा छाड्ने र दोहोऱ्याउने साथै शैक्षिक सहभागिता बढाउने उपायहरूको खोजीको अवस्थालाई केन्द्रित गरिएको छ । यो अध्ययनको क्षेत्र व्यापक भए तापनि समय, स्रोत र साधनलाई मध्यनजर गरी प्राप्त तथ्याङ्क, निष्कर्ष र सुझावहरूलाई सबै अवस्था र परिस्थितिमा सामान्यीकरण गर्न नसकी सम्बन्धित पाँच वटा विद्यालयका क्षेत्रमा मात्र लागु गर्न सकिन्छ । साथै त्रिभुवन विश्वविद्यालको शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि रहेको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान कार्य गर्नुभन्दा पूर्व आफ्नो शीर्षकसँग सम्बन्धित अन्य व्यक्तिका साहित्यहरूसँग मेल नखाओस् भन्नाका खातिर सम्बन्धित साहित्यको पूर्वअवलोकन गर्नुपर्दछ । कुनै पनि विषयवस्तुसँग गहिरो अध्ययन गर्न सम्बन्धित शीर्षक अन्तर्गतका पुस्तकहरू, रचनाहरू पत्रपत्रिकाहरूको जानकारी प्राप्त गर्न महत्वपूर्ण हुन्छ । यसै परिप्रेक्ष्यमा बालबालिकाहरूको शैक्षिक अवस्थाबारे थुप्रै अनुसन्धानात्मक पुस्तकहरू प्रकाशित छन् तर मेचे बालबालिकाहरूको प्राथमिक तहको शैक्षिक अवस्थाबारे पुस्तकहरू कमै पाइन्छ । मेचे जातिहरूको मात्र पूर्व साहित्यिक पुस्तक तथा पत्रपत्रिकाहरू निम्नानुसार प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

मेचे (बोडो) जातिको सामाजिक आर्थिक अवस्था शीर्षक शोधपत्र (श्रेष्ठ, लोक बहादुर, २०५७, पाटन संयुक्त क्याम्पस) मा मेचे जातिको सामाजिक, आर्थिक अवस्था शीर्षक अन्तर्गत मेचे जातिको शैक्षिक अवस्थाको बारेमा स्थलगत अध्ययन गरेको पाइन्छ जसमा मेचेहरूको शैक्षिक अवस्था अध्ययनमा निरक्षर, साक्षर तहगत अध्ययन र स्नातक तहभन्दा माथि मेचे समुदायको अध्ययन नरहेको पाइन्छ । त्यसै गरी मेचे जाति एक अध्ययन नामक पुस्तक (दहाल, जनार्दन, २०५७ शोधपत्र किर्तीपुर काठमाण्डौं) मा मेचे जातिको शैक्षिक, आर्थिक एवं राजनैतिक अवस्था शीर्षकमा झापाका मेचेहरूको शैक्षिक विवरण कक्षा एकदेखि स्नातकोत्तरसम्म उल्लेख गरेको देखिन्छ ।

पिछडिएको जाति तथा जनजातिको सामाजिक तथा आर्थिक सर्वेक्षण अनुसन्धान परियोजना प्रतिवेदन नामक प्रतिवेदन (२०४२) अनुसार शिक्षा तथा स्वास्थ्य उपशीर्षकमा मेचेहरूमा उच्च शिक्षा प्राप्त गर्नेको संख्या ज्यादै कम रहेको तथ्याङ्क प्रस्तुत गरेको पाइन्छ ।

त्यसैगरी नेपालका केही जातिहरूको सामाजिक आर्थिक अवस्था (सर्वेक्षण प्रतिवेदन, २०५१) शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रिपुरेश्वर, काठमाण्डौ अन्तर्गत मेचे समुदायको शैक्षिक अवस्था घर सर्वेक्षणको क्रममा मेचे बालबालिकाहरूको विद्यालयमा भर्ना स्थिति, पढाइ बीचमा छाड्ने र विद्यालयमा भर्ना नहुने स्थिति सम्बन्धी

जानकारी प्राप्त गर्ने जमर्को गरेको पाइन्छ । सर्वेक्षण परियोजना मेचे लोकवार्ता तथा लोकजीवन (२०६५), नेपाली लोकवार्ता तथा संस्कृति समाज (फिनिसेली स्थानीय सहयोग काठमाण्डौ) अन्तर्गत मेचे जातिको बसोबास क्षेत्र रहेको मेचीनगर नगरपालिका वडा न. १२ र १३ मा बसोवास गर्ने मेचेहरूको शैक्षिक अवस्था कस्तो छ भनेर उनीहरूको सम्पूर्ण परिवारको तथ्याङ्क सङ्कलन गरी अशिक्षित, शिक्षित प्राथमिक शिक्षा, निम्न माध्यमिक शिक्षा, माध्यमिक शिक्षा तथा उच्च शिक्षामा वर्गीकरण गरिएको पाइन्छ । नेपाली साहित्य, कला, संस्कृतिको त्रैमासिक पत्रिका नारी (वर्ष १, अङ्क १, २०५६, साउन) नामक पत्रिकामा मेचे जातिको सामाजिक परिवर्तन (सन्तलाल मेचे) उपशीर्षक मार्फत मेचे जातिहरू पहिले झापामा भूमिपतिका रुपमा चिनिए तापनि हाल आएर प्राय सबै मेचेहरू सोझोपन, अशिक्षाका कारणले सुकुम्वासी जस्तै भएको उल्लेख गरेको छ । आदिवासी जनजाति सम्बन्धी व्यवस्था (तीन वर्षीय अन्तरिम योजना २०६४/०६५-२०६६/०६७) आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा प्रकाशित नीति तथा कार्यनीतिहरूमा लोपोन्पुख, अति सीमान्तकृत तथा सीमान्तकृत आदिवासी जनजातिहरूका निम्ति विशेष लक्षित कार्यक्रम सञ्चालन गरिएको उल्लेख गरिएको छ ।

माथिको शोधपत्र, किताब, लेख, पत्रपत्रिका आदिको अध्ययन गर्दा मेचे जातिका सांस्कृतिक, ऐतिहासिक, सामाजिक, राजनीतिक पक्षलाई केलाउन बढी समय दिएको र शैक्षिक अवस्थालाई त्यति मध्यनजर गरेको देखिदैन । आजको एक्काईसौं शताब्दीमा पनि यी जातिको साक्षरता दर न्यून रहनु अति संवेदनशील विषय हो । तसर्थ यस जातिमा शिक्षा सम्बन्धी कार्यक्रम अन्य जातिको तुलनामा वृद्धि गर्नुपर्ने देखिन्छ किनभने समाजमा सम्पूर्ण वर्गका मानिसलाई शिक्षा दिने दायित्व राज्यको हो । यसै क्रममा झापा जिल्लाका विभिन्न गाउँ विकास समिति र नगरपालिका अन्तर्गत छनोटमा परेका सामुदायिक विद्यालयमा अध्ययन गर्ने, मेचे जातिका बालबालिकाको शिक्षामा सहभागिता के कस्तो छ भनी तथ्यगत अवस्था अध्ययन गर्ने उद्देश्यले यो शोधकार्य गरिएको छ । जसले समग्र मेचे जातिको शैक्षिक अवस्थाको प्रतिनिधित्व गर्न सक्छ ।

## २.२ सैद्धान्तिक खाका

मेचे जातिका बालालिकाहरूको शैक्षिक सहभागिता अध्ययन गर्नका लागि मेचे जातिकै उत्पत्तिको मान्यता र सिद्धान्तमा आधारित रहन सकिन्छ । यस जातिको अध्ययन गर्नका लागि किराँत जात-जातिहरूसँग मेचे जातिको धेरै कुरामा समानता

पाइने हुनाले यिनीहरू आफू किराँत भएको कुरा उल्लेख गर्दछन् । सबै किराँतहरू कुल देउता शिवलाई मान्दछन् । कुनै पनि कुल वा पेशालाई त्यससँग सम्बन्धित ज्ञाताहरूले दैवी शक्ति वा ईश्वरसँग जोडेका छन् । यसै क्रममा मेचे जातिले पनि आफ्नो कुल देवताको रुपमा शिवलाई मान्दै आएका छन् र मेचे जातिको एउटा अंश शिवभक्त भएकोले पछि गएर "शैव" आफ्नो शिव वंश भन्न रुचाउँदछन् (स्थलगत भ्रमणबाट प्राप्त जानकारी) ।

मेचे जातिका बालबालिकाहरूको प्राथमिक तहको शैक्षिक सहभागिताको अध्ययन गर्न विभिन्न विश्वव्यापी सिद्धान्तहरूमध्ये उत्प्रेरणा जगाउने मास्लोको आवश्यकताको श्रृङ्खलाको सिद्धान्तलाई आधार मानेर अध्ययन कार्य गरिएको छ । मास्लोका अनुसार मानिसका तल्लो स्तरदेखि माथिल्लो स्तरसम्म ५ प्रकारका आवश्यकताहरू उल्लेख गरेका छन् । मास्लोका अनुसार आवश्यकताका श्रृङखलाहरूमा शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, सम्मानका आवश्यकता र आत्मसन्तुष्टिका आवश्यकता (काफ्ले, वासुदेव २०६४ बाट उद्धृत) हुन्छन् । अध्ययनमा परेका मेचे बालबालिकाहरू लोपोन्मुख अवस्थामा रहेका कारण शारीरिक आवश्यकता पूरा गर्न वर्षेनी बसाइँ सराइको अवस्थाले कक्षा सहभागिता न्यून रहनुका साथै कतिपयले त कक्षा छाड्ने वाध्यता र विवशता नै देखिन्छ । यसरी एक आवश्यकता पूरा गर्दै क्रमिक रुपमा सुरक्षात्मक आवश्यकता पार गर्दै आत्मसन्तुष्टितिर प्रेरित हुन्छन् ।

त्यस्तै अर्को व्यवस्थापकीय सिद्धान्त अन्तर्गत- "सम्पूर्ण गुणस्तरीय व्यवस्थापनको सिद्धान्त" अनुसार नमूना छनोटमा परेका सामुदायिक विद्यालयहरूका बालबालिकाहरूको आ-आफ्नो प्रतिभा र क्षमता देखाउने, मूल्यांकन गर्ने वातावरण र परिस्थिति सृजना गरी अपेक्षित लक्ष्य र उद्देश्य समयमै प्राप्त गराई देशको सक्षम नागरिक बनाउन महत्वपूर्ण भूमिका रहन्छ (काफ्ले, वासुदेव २०६४ उद्धृत) । अतः मेचे बालबालिकाहरूको प्रतिभा र क्षमताको पहिचान गर्दै प्राथमिक तहको शिक्षामा सहभागिताको स्थितिबारे जानकारी प्राप्त गर्न साथै समस्या र समाधानको उपायहरूको खोजी गरी शैक्षिक क्षेत्रमा लागु गर्न उपयुक्त रहेको छ ।

उत्प्रेरणाको आरोग्य सिद्धान्त (हर्जवर्गको उत्प्रेरणा सम्बन्धी दुई तत्वको सिद्धान्त) अनुसार मानिस कसरी सन्तुष्ट हुन्छ र कुन तत्वले गर्दा प्रभावित हुन्छ भन्ने कुरालाई केन्द्रविन्दु मानेको पाइन्छ । दुई तत्व मध्ये आरोग्य तत्वले काम गर्ने व्यक्तिहरूमा

असन्तुष्टिहरूलाई हटाउने र असन्तुष्टि हुन नदिने कार्य गर्दछ भने दोस्रो तत्व उत्प्रेरित तत्व जसले व्यक्तिलाई सकारात्मक धारणको विकास गरी काममा जागर थपिदिन्छ (काफ्ने वासुदेव २०६४ उद्धृत) ।

माथि उल्लेखित सिद्धान्तको र मान्यताको आधार लिएर मेचे जातिका वालबालिकाहरूको शैक्षिक सहभागिता कमी हुने कारणहरू खोजी गरी अथवा त्यस्ता कारणहरू हुन नदिन अपनाउनु पर्ने उपायहरू बताउन मद्दत मिल्छ साथै बालबालिकाहरूमा सकारात्मक भावनाको विकास गरी विद्यालय आउने कार्यमा उत्प्रेरित गर्न मद्दत मिल्छ ।

## २.३ शैक्षिक उपादेयता

माथि उल्लेखित सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका शीर्षक अन्तर्गत अध्ययन कार्य अगाडि बढाउन विषयवस्तुलाई थप केही सहयोग मिल्दछ । मेचे बालबालिकाहरूको अध्ययन अनुसन्धान सम्बन्धी पुस्तक, शोधपत्र प्रतिवेदन कमै मात्रामा प्रकाशित हुँदै आएका छन् । जस मध्ये स्तरयुक्त र चाहिने जति नभएकाले यो शोधकार्य अगाडि बढाएको हो किनभने कमै व्यक्तिले मात्र यस्ता (लोपोन्मुख) बालबालिकाहरूको लागि कलम चलाएको, राज्यपक्षबाट नीति निर्माण गरिदिएर पन्छिने प्रवृत्तिले लोपोन्मुख बालबालिकाहरू पढ्दा पढ्दै (रोजीरोटीको खोजीमा) बीचैमा कक्षा छाड्ने अवस्था देखिएको हुँदा बालबालिकाहरूको शैक्षिक अवस्था कमजोर देखिन्छ । त्यसैले यस्ता बालबालिकाहरूको शैक्षिक सहभागिता भर्ना स्थिति, उपस्थिति, उपलब्धि आदिमा यो अध्ययन पश्चात सुधारोन्मुख हुन्छ । यस जातिको सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चहानुहुने शिक्षाविद् तथा अन्य कुनै व्यक्तिलाई यस अनुसन्धानले मार्ग निर्देशन गर्छ ।

उक्त अध्ययनको क्रममा प्राप्त तथ्याङ्क, प्रतिक्रिया र परिणामहरूलाई विभिन्न सिद्धान्तहरूसँग तुलनात्मक अध्ययन र विश्लेषण गरिएको छ । साथै सम्बन्धित साहित्यको पुनरावलकोनबाट प्राप्त भएको प्राप्ति र यस अध्ययनको प्राप्तिबीच तुलनात्मक अध्ययन गर्दै निचोडमा पुगिएको छ । यसै विषयमा थप अनुसन्धान गर्न चाहने अनुसन्धादातालाई स्रोतको रुपमा उपयोगी हुने ठानिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्नका लागि विषयवस्तुको प्रकृति अनुसार प्राप्त हुने गरी विभिन्न तरिका र उपायहरू अपनाउनुलाई अनुसन्धान भनिन्छ । प्रस्तावित अनुसन्धान कसरी सम्पन्न गरिदैछ भनि स्पष्ट पार्ने क्रममा अनुसन्धान विधिको विवरण शोध लेखनका कार्यमा सबभन्दा महत्वपूर्ण हुन्छ । यस अन्तर्गत सामग्रीहरू सङ्कलनको विधि, प्रक्रिया र अध्ययन विश्लेषणको सैद्धान्तिक आधार हुनुपर्दछ । त्यसैले अनुसन्धानको लागि आवश्यक सामग्रीहरूको स्रोत, सामग्रीको सङ्कलन र त्यसको परीक्षण एवं कार्यान्वयनसम्मको समग्र प्रक्रियालाई अध्ययन विधि भनिन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा संकलित तथ्याङ्कहरू शाब्दिक तथा सांख्यिक दुवै प्रकारका रहेका छन् । शाब्दिक तथ्याङ्कलाई वर्णनात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको छ । सांख्यिक तथ्याङ्कलाई तालिका, रेखाचित्र जस्ता साधनहरूको आवश्यकता अनुसार प्रयोग गरी विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएकोले यो अनुसन्धान मिश्रित ढाँचामा आधारित छ ।

यस शोध अध्ययनलाई खोजमूलक बनाउनुका साथै यी क्षेत्रमा बस्ने मेचे जातिका बालबालिकाहरूको शैक्षिक, आर्थिक आदि पक्षको बारेमा अध्ययन गरी यससँग सम्बन्धित समस्याहरू र यिनका कारक तत्वहरू केलाउने र सम्बन्धित उपायहरूको खोजी गर्ने प्रयास गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना छनौट

### ३.२.१ जनसंख्या

यस अध्ययनको जनसङ्ख्याको रुपमा झापा जिल्ला अन्तर्गत मेचे समुदायको कुल जनसंख्या ४,०७६ (जिल्ला विकास समिति २०७२) मध्ये महिला २२०० र पुरुष १८७६ रहेका छन् । जसअनुसार विभिन्न गाउँ विकास समिति र नगरपालिका अन्तर्गत मेचे जातिका बालबालिकाहरूको सहभागिता भएका धाइजन, जलथल तथा मेची नगरपालिका स्थित पाँचवटा सामुदायिक प्राथमिक विद्यालय (बलभद्र जनता उच्च माध्यमिक विद्यालय, दिपेन्द्र प्राथमिक विद्यालय, पञ्चायत माध्यमिक विद्यालय, मेची

विद्योदय प्राथमिक विद्यालय, ज्यामिरगढी माध्यमिक विद्यालय) लाई नमूना छनौटमा समावेश गरिएको छ । जसको जनसंख्या निम्न तालिकामा देखाइएको छ :

तालिका १ : नमूना छनौटमा परेका जनसंख्याको विवरण

| क.सं. | जनसंख्या विवरण | नमूना छनौट | छनौट विधि | कैफियत |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ५ | मिश्रित | |
| २ | शिक्षक | १५ | मिश्रित | |
| ३ | बालबालिका | १५ | मिश्रित | |
| ४ | विद्यालय पदाधिकारी समिति | १० | मिश्रित | |
| ५ | अभिभावक | १० | मिश्रित | |
| ६ | स्रोत व्यक्ति | ३ | मिश्रित | |
| | **जम्मा** | **५८** | | |

*स्रोत : स्थलगत सर्वेक्षण २०७२*

### ३.२.२ नमूनाको आकार

यस अध्ययनको लागि छनौंट गरिएको नमूनाको आकार यस प्रकार छ । झापा जिल्लाको गाउँ विकास समिति र नगरपालिका अन्तर्गतका धाइजन, जलथल तथा मेची नगर पालिका स्थित पाँचवटा सामुदायिक प्राथमिक विद्यालयहरू छनौट गरिएको छ ।

### ३.२.३ नमूना छनौट विधि

प्रत्येक विद्यालयबाट उद्देश्यमूलक नमूना छनौंटका आधारमा तथ्याङ्क तथा राय सङ्कलनका लागि पाँच वटा विद्यालयका ५ जना प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सहित ५ जना सदस्य, शिक्षक अभिभावक संघका अध्यक्ष सहित ५ जना सदस्य, प्रत्येक विद्यालयबाट तीन-तीन गरी १५ जना शिक्षक, मेचे वा अन्य बालबालिका प्रत्येक विद्यालयबाट तीन-तीन जना गरी १५ जना, मेचे तथा अन्य अभिभावक १० जना र स्रोतकेन्द्र अर्न्तगतका स्रोतव्यक्ति ३ जना गरी जम्मा ५८ जनासँग मिश्रित नमूना छनौट विधिबाट गरिएको छ ।

## ३.३ अनुसन्धानका साधन

यस अध्यनको क्रममा निम्न अनुसारका अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ :-

### ३.३.१ प्रश्नावली

हरेक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्याङ्क सङ्कलन गरिने विधि मध्ये प्रश्नावली पनि एक प्रमुख विधिको रुपमा मानिन्छ । यस अध्ययनमा ५ जना प्रधानाध्यापक, १५ जना शिक्षक र ३ जना स्रोत व्यक्तिलाई प्रश्नावली प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ (अनुसूची १, २, ६) ।

### ३.३.२ अर्न्तवार्ता

प्राथमिक शिक्षामा बालबालिकाको शैक्षिक सहभागिता अध्ययन गर्नको लागि प्रयोग गरिने विभिन्न साधन मध्ये अन्तर्वाता एक विशिष्ट विधि हो । यस अध्ययनमा विभिन्न जातजातिका बालबालिका तथा अभिभावकसँग अर्न्तवार्ता लिइ प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ (अनुसूची ३, ४) ।

### ३.३.३ विद्यार्थी अभिलेख फारम

प्राथमिक शिक्षामा बालबालिका सहभागिता अध्ययन गर्नको लागि केही निश्चित फारमहरू तयार गरिएको थियो । यही फारम प्रयोग गरी बालबालिकाको भर्ना अवस्था, कक्षा छाड्ने र दोहोऱ्याउने दर जस्ता तथ्याङ्क सङ्कलन गरिएको छ (अनुसूची ७, ८, ९, १०, ११) ।

### ३.३.४ छलफल

यस अध्ययनमा प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता अध्ययन गर्नको लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ पदाधिकारीहरू बीच वसी निश्चित प्रश्नहरू माथि केन्द्रित रही छलफल गरेर तथ्याङ्क सङ्कलन गरियो (अनुसूची ५) ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

यस शोध अध्ययनका क्रममा निम्न अनुसारका साधनहरूको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता सन्दर्भमा, प्रधानाध्यापक, शिक्षक, बालबालिका, अभिभावक, पदाधिकारीसँग विभिन्न साधनहरू प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, छलफल आदि साधनहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरियो ।

### ३.४.२ द्वितीय स्रोत

यस शोध अध्ययन कार्यमा सहयोग पुऱ्याउनका लागि

द्वितीय स्रोतका रुपमा सम्बन्धित विद्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, गाउँ विकास समिति, संघसंस्थाका अभिलेख प्रोफाइल, तथ्याङ्क प्रयोग गरिएको छ साथै सम्बन्धित साहित्यसँग सम्बन्धित शोध पत्र, लेख रचना, बुलेटिन, शिक्षा ऐन नियमावली, पुस्तक पत्रपत्रिका आदि समेतलाई उपयोगी स्रोतका रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रकिया

यो शोधपत्र मेचे बालबालिकाहरूको शिक्षामा सहभागितासँग सम्बन्धित अध्ययन भएकोले उद्देश्यपूर्ण बनाउन किटान गरिएका उद्देश्यहरूको आधारमा तथ्याङ्क सङ्कलनको लागि झापा जिल्लाका गाउँ विकास समिति र नगरपालिका अन्तर्गतका नमूना छनोटमा परेका ५ वटा सामुदायिक विद्यालयहरूलाई छनोट गरिएको छ । त्यसैगरी प्रत्येक विद्यालयबाट तीन-तीन जना बालबालिका गरी १५ जना प्रत्येक क्षेत्रबाट तीन-तीन जना गरी १० जना मेचे महिला र पुरुष साक्षर अभिभावकलाई छनौट गरिएको छ । यसका लागि सम्बन्धित विद्यालयमा स्थलगत भ्रमण गरी प्रश्नावली फारम मौखिक अर्न्तवार्ता लिइएको साथै प्रत्यक्ष अवलोकन गरी विद्यालयमा उपलब्ध प्रोफायल, अभिलेख र तथ्याङ्क समेत प्रयोगमा ल्याइएको छ । मेचे अभिभावकबाट सूचना प्राप्त गर्न प्रश्नावली फारम, मौखिक अर्न्तवार्ता आदि प्रयोग गरिएको छ । स्रोत व्यक्ति, प्रधानाध्यापक र शिक्षकलाई समेत प्रश्नावली फारम भराई विवरण तथा तथ्याङ्क सङ्कलन गरिएको छ साथै यस शोधपत्रसँग सम्बन्धित प्रकाशित शोधपत्र, पुस्तक, लेख, बुलेटिन, पत्रपत्रिका आदिको आधारमा शोधपत्र तयार गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस शोधपत्र अध्ययन अनुसन्धानका लागि प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कलाई खुल्ला र बन्द प्रश्नावली बनाई नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक र बालबालिकाका अभिभावक तथा स्रोत व्यक्तिबाट राय सुझाव सङ्कलन गरी शोध कार्यलाई गुणात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ । त्यसैगरी द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई तालिकाद्वारा स्पष्ट रुपमा प्रस्तुत गरिएको छ । झापा जिल्लाका

मेचे समुदाय बसोबास गरिएका सम्बन्धित गाउँ विकास समिति र नगरपालिकाका छनौटमा परेका ५ वटा सामुदायिक विद्यालयबाट प्राप्त सूचना, तथ्याङ्कलाई विश्लेषण गरिएको छ । नमूना छनौटमा परेका विद्यालयको बालबालिकाहरूको भर्ना सङ्ख्या, परीक्षामा सामेल, उत्तीर्ण, अनुत्तीर्ण बालबालिकाहरूको सङ्ख्यालाई तालिकामा प्रस्तुत गरिएको छ । त्यसैको आधारमा बालबालिकाको शिक्षामा सहभागिताको स्थिति कस्तो छ भनी तथ्यगत कुराहरू सङ्ख्यात्मक रुपमा प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

तथ्याङ्कको विश्लेषण गर्ने क्रममा नमूना छनौटमा परेका विद्यालयहरूको सम्पूर्ण बालबालिकाहरूको कुल भर्नादेखि लिएर कक्षा छाड्ने, दोहोऱ्याउने, उर्त्तीण, अनुर्त्तीण अवस्था तालिकामा प्रस्तुत गरिएको छ । मेचे तथा अन्य बालबालिकाहरूको कक्षा छाड्ने दोहोऱ्याउने अवस्थालाई पनि तालिकीकरण गरिएको छ । नमूना छनौटमा परेका बालबालिकाहरूको कक्षा छाड्ने, दोहोऱ्याउने अवस्थाहरूको कारणहरूलाई पनि तालिकामा प्रस्तुत गरिएको छ । साथै शैक्षिक सहभागिताका कारणहरू पहिचान गरी सोका न्यूनिकरण गर्ने उपायहरूलाई पनि बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

कुनै पनि अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष भनेकै तथ्याङ्कको व्याख्या र विश्लेषण गर्नु रहेको छ । यस परिच्छेदमा सम्बन्धित सरोकारवाला पक्षहरूसँग गरिएको अनुसुची छलफल, अन्तर्वार्ता वा प्रश्नोत्तर, प्रत्यक्ष भेटघाट तथा अवलोकन र तथ्य सुचनाहरूलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न तालिका तथा बुँदाहरूमा प्रस्तुत गरी तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको हो । त्यसैगरी नमुना छनौटमा परेका विद्यालयहरूको स्थलगत सर्वेक्षण गरी मार्कलेजर, अभिलेख, शैक्षिक उपलब्धिको नतिजा, विद्यालय सुधार योजना, दैनिक रजिष्टर, डकुमेन्ट प्रतिवेदन, विभिन्न पुस्तक, पत्रपत्रिका, कम्प्युटर आदिबाट प्राप्त सङ्कलित सुचनाहरूलाई क्रमवद्ध रुपमा राखी व्याख्या र विश्लेषण गर्ने कार्यलाई अनुसन्धानको रुपमा लिएको छ ।

## ४.१ बालबालिकाको शैक्षिक सहभागिताको स्थिति

मेचे बालबालिकाको शैक्षिक सहभागिताको स्थिति पहिचान गर्न देखा परेका समस्याहरू समाधानका उपायहरूको खोज अनुसन्धान कार्य गर्न नमूना छनौटमा परेका काँकडभिट्टा स्रोतकेन्द्रका २ वटा, हल्दिबारी स्रोतकेन्दका २ वटा र वुधवारे स्रोतकेन्द्रबाट १ गरी जम्मा ५ विद्यालयहरूको स्थलगत सर्वेक्षण गरी ति विद्यालयमा अध्ययनरत मेचे तथा अन्य समुदायका बालबालिकाहरूको तीन शैक्षिक सत्रको विद्यालय अभिलेख विवरण अध्ययन गरिएको हो ।

नमूना छनोटका विद्यालयहरूको प्राथमिक तहमा शैक्षिक सत्र २०६९, २०७०, २०७१ सालमा भर्ना भएका मेचे तथा अन्य बालबालिकाहरूको छात्रा छात्र सहितको संख्यात्मक विवरणलाई तालिका २ मा देखाइएको छ :

तालिका २ : प्राथमिक तहमा भर्ना भएका विद्यार्थी विवरण

| विद्‌यालय | शैक्षिक सत्र | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|---|
| **बलभद्र जनता उच्च मा. वि.** | छात्र | १२० | १५० | १२० |
| | छात्रा | १८० | १६० | १८५ |
| | **जम्मा** | **३००** | **३१०** | **३०५** |
| **दिपेन्द्र प्रा. वि.** | छात्र | ६० | ६७ | ४५ |
| | छात्रा | ५४ | ७५ | ६० |
| | जम्मा | ११४ | १४२ | १०५ |
| **पञ्चायत मा. वि.** | छात्र | ५८ | ६० | ८२ |
| | छात्रा | ४५ | ४१ | ४३ |
| | **जम्मा** | **१०३** | **१०१** | **१२५** |
| **मेची विद्‌योदय प्रा. वि.** | छात्र | २६ | २६ | ३३ |
| | छात्रा | ४१ | ३३ | २८ |
| | जम्मा | ६७ | ६९ | ६१ |
| **ज्यामिरगढी मा.वि** | छात्र | ९५ | ७८ | ५९ |
| | छात्रा | ७५ | ७८ | ६० |
| | **जम्मा** | **१७०** | **१५६** | **११९** |

*स्रोत : स्थलगत सर्वेक्षण २०७२*

नमूना छनौटमा परेका विद्यालयहरूको तालिका नं. १ ले देखाए अनुसार बलभद्र जनता उच्च माध्यमिक विद्यालयको शैक्षिक सत्र २०६९, २०७०, २०७१ को प्राथमिक तहमा बालबालिकाहरूको जम्मा भर्ना संख्या क्रमशः छात्र तर्फ १२० र छात्रा तर्फ १८० गरी जम्मा ३००, त्यस्तै अर्को सत्रमा १५० र १६० गरी जम्मा ३१० र अन्त्य सत्रमा १२० र १८५ गरी ३०५ रहेको पाइयो । जसमा वर्षेनी सरदरमा विद्यार्थी संख्या घट्‌दो दरमा रहेको पाइयो ।

त्यसैगरी अर्को नमूना छनौटमा परेका दिपेन्द्र प्राथमिक विद्यालयको शैक्षिक सत्र २०६९, २०७० र २०७१ मा जम्मा बालबालिकाको संख्या क्रमश : छात्र तर्फ ६० र छात्रा तर्फ ५४ गरी जम्मा ११४, त्यस्तै छात्र ६७ र छात्रा ७५ गरी १४२, त्यस्तै अर्को

सत्रमा छात्र तर्फ ४५ र छात्रा तर्फ ६० गरी १०५ रहेको पाइयो ।

त्यसैगरी पञ्चायत माध्यमिक विद्यालयको शैक्षिक सत्र २०६९, २०७० र २०७१ मा जम्मा बालबालिकाहरूको संख्या क्रमशः छात्र तर्फ ५८ र छात्रा तर्फ ४५ गरी कुल १०३, छात्र ६०, छात्रा ४१ गरी कुल १०१, त्यस्तै अन्त्यमा छात्र तर्फ ८२ र छात्रा तर्फ ४३ गरी कुल १२५ रहेको पाइयो । उक्त विद्यालयमा बर्षेनी बालबालिकाहरूको सहभागितामा वृद्धि भएको पाइयो ।

त्यसैगरी मेची विद्योदय प्राथमिक विद्यालयको शैक्षिक सत्र २०६९, २०७० र २०७१ मा जम्मा बालबालिकाहरूको संख्या क्रमशः छात्र तर्फ २६ र छात्रा तर्फ ४१ गरी कुल ६७, छात्र २६, छात्रा ३३ गरी कुल ५९, त्यस्तै अन्त्यमा छात्र तर्फ ३३ र छात्रा तर्फ २८ गरी कुल ६१ रहेको पाइयो । यस विद्यालयमा वर्षेनी घट्दो अवस्था देखिन्छ ।

त्यसैगरी ज्यामिरगढी माध्यमिक विद्यालयको शैक्षिक सत्र २०६९, २०७० र २०७१ मा जम्मा बालबालिकाहरूको संख्या क्रमशः छात्र तर्फ ९५ र छात्रा तर्फ ७५ गरी कुल १७०, छात्र ७८, छात्रा ७८ गरी कुल १५६, त्यस्तै अन्त्यमा छात्र तर्फ ५९ र छात्रा तर्फ ६० गरी कुल ११९ रहेको पाइयो । उक्त तथ्याङ्क हेर्दा पहिलो शैक्षिक सत्रमा वृद्धिको अवस्था देखिन्छ भने तेस्रो शैक्षिक सत्रमा न्यून सहभागिता देखियो ।

माथि उल्लेखित तालिका अनुसार बलभद्र उच्च माध्यमिक विद्यालयको शैक्षिक सत्र २०६९ को तुलनामा २०७० सालमा बालबालिकाको संख्या बढदो अवस्था पाइन्छ भने २०७० सालको भन्दा २०७१ सालमा घट्दो देखियो । यो सालमा पनि घट्दो अवस्था रहेको पाइयो ।

यस्तै मेची विद्योदय प्राथमिक विद्यालयमा शैक्षिक सत्र २०६९ को तुलनामा भर्ना संख्यामा वृद्धि रहेको पाइए तापनि  २०७० र २०७१ को भर्ना हेर्दा घट्दो अवस्था नै पाइयो ।

त्यस्तै ज्यामिरगढी माध्यमिक विद्यालयको तीन वटै शैक्षिक सत्र बालबालिकाको सहभागिता अध्ययन गर्दा क्रमशः घट्दो अवस्था देखिन्छ । त्यस्तै  दिपेन्द्र  प्राथमिक विद्यालयको भर्ना अवस्थालाई हेर्दा सुरुका शैक्षिक सत्रमा घट्दो दरमा देखिन्छ भने बीचमा बढे तापनि अन्त्यमा घट्दो अवस्था नै देखिन्छ ।

### ४.१.१ प्राथमिक तहका बालबालिकाको भर्ना विवरण

नमूना छनौटमा परेका प्राथमिक विद्यालयमा भर्ना भएका दलित, जनजाति र अन्य बालबालिकाको विद्यालयबाट प्राप्त अभिलेख अनुसार निम्न विवरण रहेको पाइयो ।

तालिका ३ : प्राथमिक तहका बालबालिकाको भर्ना विवरण

| विद्यालय | शैक्षिक सत्र | दलित | | जनजाती | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| **बलभद्र जनता उच्च मा. वि.** | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| | २०६९ | २० | ३१ | ३० | ६० | ६० | ९० | ११० | १८१ |
| | २०७० | २५ | ३५ | ४० | ५० | ७० | ७५ | १३५ | १६० |
| | २०७१ | २० | १५ | २५ | ३५ | ४० | ४५ | ८५ | ९५ |
| **दिपेन्द्र प्रा. वि.** | २०६९ | १५ | ९ | ३० | २५ | १५ | २० | ६० | ५४ |
| | २०७० | २० | १३ | ३२ | ३० | २५ | २० | ६७ | ७५ |
| | २०७१ | १० | ११ | १४ | ३० | ११ | २० | ४५ | ६० |
| **पञ्चायत मा. वि.** | २०६९ | १० | ७ | ३७ | २३ | ११ | १५ | ५८ | ४५ |
| | २०७० | ८ | ४ | ३७ | २६ | १५ | ११ | ६० | ४१ |
| | २०७१ | १२ | ५ | ४९ | २८ | २० | १० | ८२ | ४३ |
| **मेची विद्योदय प्रा. वि.** | २०६९ | २ | ३ | २२ | २३ | २ | १५ | २६ | ४१ |
| | २०७० | १ | ० | २० | १६ | ५ | १७ | २६ | ३३ |
| | २०७१ | ० | १ | २४ | १४ | ९ | १३ | ३३ | २८ |
| **ज्यामिरगढी मा. वि.** | २०६९ | ४ | १० | ८० | ५७ | ११ | ८ | ९५ | ७५ |
| | २०७० | ४ | ९ | ६७ | ६० | ७ | ९ | ७८ | ७८ |
| | २०७१ | ७ | ७ | ५१ | ४८ | १ | ५ | ५९ | ६० |

*स्रोत : स्थलगत भ्रमण २०७२*

उक्त तालिका नं. २ अनुसार बलभद्र जनता उच्च माध्यमिक विद्यालयको शैक्षिक सत्र २०६९, २०७०, २०७१ मा दलित छात्राछात्रको कक्षा १ देखि ५ सम्मको विवरण क्रमश : २०, २५, २० र ३१, ३५, १५ रहेको पाइयो । त्यसैगरी जनजाती छात्राछात्रहरू क्रमश : ३०, ४०, २५ र ६०, ५०, ३५ रहेको पाइयो साथै अन्य छात्रछात्राहरू तर्फ क्रमश: ६०, ७०, ४० र ९०, ७५, ४५ रहेको पाइयो ।

सोही शैक्षिक सत्रमा दिपेन्द्र प्राथमिक विद्यालयको दलित छात्रछात्राहरू क्रमशः १५, २०, १० र ९, १३, ११ रहेको, जनजाति छात्रछात्राहरू क्रमश : ३०, ३२, २४ र २५, ३०, ३० रहेको पाइयो भने अन्य छात्राछात्र तर्फ क्रमश : १५, २५, ११ र २०, २०, २० रहेको पाइयो ।

सोही शैक्षिक सत्रमा पञ्चायत निम्न माध्यमिक विद्यालयको दलित छात्रा छात्रहरू क्रमश : १०, ८, १२ र ७, ४, ५ रहेको पाइयो भने जनजाती छात्रा र छात्र तर्फको संख्या क्रमश : ३७, ३७, ४९ र २३, २६, २८ रहेको र अन्य बालबालिकाको छात्रा र छात्र तर्फको संख्या क्रमशः ११, १५, २० र १५, ११, १० रहेको पाइयो ।

त्यसैगरी उक्त शैक्षिक सत्रमा मेची विद्योदय प्राथमिक विद्यालयको दलित छात्रा र छात्रको संख्या क्रमशः २०, ३० र १ रहेको जनजाति छात्रा छात्रको संख्या क्रमश : २२, २०, २४ र २३, १६ र १४ रहेको साथै अन्य बालबालिकाको छात्रा र छात्रको संख्या क्रमशः २, ५, ९ र १५, १७, १३ रहेको छ ।

फेरी सोही शैक्षिक सत्रमा ज्यामिरगढी माध्यमिक विद्यालयको दलित छात्रछात्राको विवरणको संख्या क्रमशः ४, ४, ७ र १०, ९, ७ रहेको जनजाति छात्राछात्रको विवरणको संख्या क्रमश : ८०, ८७, ५१ र ५७, ६०, ४८ रहेको पाइयो ।

समग्रमा नमूना छनौटका पाँच वटै विद्यालयहरूको शैक्षिक सत्र २०६९, २०७०, २०७१ को दलित विद्यार्थीको संख्या हेर्दा छात्राको संख्या बढी देखियो भने जनजाति बालबालिकाको संख्यामा समता पाइयो । अन्य बाँकी बालबालिकाहरूको संख्यामा छात्राको संख्या बढी देखिन्छ । प्राथमिक तहमा छात्राको संख्या बढी देखिनुमा छात्रहरूलाई बढी शुल्क तिरेर नीजि विद्यालयमा पढ्न पठाएको विश्लेषण गर्न सकिन्छ ।

**४.१.२ बालबालिकाको अध्ययन गर्ने विद्यालय र विद्यार्थी विवरण**

नमूना छनौटमा परेका विद्यालयको स्थलगत अध्ययन गर्दा मेचे बालबालिकाको अध्ययन गर्ने विद्यालय र उनीहरूको प्राथमिक तहमा शैक्षिक सहभागिताको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४ : बालबालिकाको अध्ययन गर्ने विद्यालय र विवरण

| विद्यालय | शैक्षिक सत्र | मेचे बालवालिकाको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | प्रतिशत | छात्रा | प्रतिशत | जम्मा | प्रतिशत |
| **बलभद्र जनता उच्च मा. वि.** | २०६९ | ३२ | ४५.७१ | ३८ | ५४.२८ | ७० | १००% |
| | २०७० | ३० | ४६.१५ | ३५ | ५३.८४ | ६५ | १००% |
| | २०७१ | २५ | ४५.४५ | ३० | ५४.५४ | ५५ | १००% |
| **दिपेन्द्र प्रा. वि.** | २०६९ | ५० | ५८.८२ | ३५ | ४१.१७ | ८५ | १००% |
| | २०७० | ४५ | ६० | ३० | ४० | ७५ | १००% |
| | २०७१ | ३५ | ५८.३३ | २५ | ४१.६६ | ६० | १००% |
| **पञ्चायत मा. वि.** | २०६९ | १५ | ६० | १० | ४० | २५ | १००% |
| | २०७० | ११ | ५७.८९ | ८ | ४२.१० | १९ | १००% |
| | २०७१ | २२ | ७३.३३ | ८ | २६.६६ | ३० | १००% |
| **मेची विद्योदय प्रा. वि.** | २०६९ | ९ | ४७.३६ | १० | ५२.६३ | १९ | १००% |
| | २०७० | ६ | ३३.३३ | १२ | ६६.६६ | १८ | १००% |
| | २०७१ | ५ | ५० | ५ | ५० | १० | १००% |
| **ज्यामिरगढी मा. वि.** | २०६९ | १ | ३३.३३ | २ | ६६.६६ | ३ | १००% |
| | २०७० | १ | १०० | ० | ० | १ | १००% |
| | २०७१ | ० | ० | ० | ० | ० | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण २०७२*

माथिको तालिका अनुसार मेचे बालबालिकाको अध्ययन गर्ने विद्यालयहरूमा सबभन्दा बढी बलभद्र उच्च माध्यमिक विद्यालयमा पाइयो । जसमा विभिन्न शैक्षिक सत्र २०६९, २०७०, २०७१ मा छात्र र छात्रा सहितको भर्ना क्रमशः २०६९ मा ३२ जना (२२.४%) र ३८ जना (२६.६%) गरी कुल मेचे बालबालिका संख्या ७० जना रहेको पाइयो । त्यसैगरी २०७० मा ३० जना (२१%) र ३५ जना (२९.५%) गरी कुल ६५ जना मेचे बालबालिकाको भर्ना रहेको पाइयो । शैक्षिक सत्र २०७१ म २५ (१७.५%) र ३० जना (१३.५%) गरी कुल ५५ जना रहेको पाइयो । अतः तीन वटै शैक्षिक सत्रमा पहिलो, दोस्रो, तेस्रोमा क्रमशः घट्दो अवस्थामा देखियो ।

त्यसैगरी दिपेन्द्र प्राथमिक विद्यालयको शैक्षिक सत्र २०६९ मा छात्र ५० जना (५८.८२%) र छात्रा ३५ जना (४१.१७%) गरी कुल ८५ जना रहेको पाइयो । शैक्षिक सत्र २०७० मा छात्र ४५ जना (६०%) र छात्रा ३० जना (४०%) गरी कुल ७५ जना रहेको पाइयो । शैक्षिक सत्र २०७१ मा छात्र ३५ जना (५८.३३ %) र छात्रा २५ जना (४१.६६ %) गरी कुल ६० जना मेचे बालबालिकाको भर्ना रहेको पाइयो ।

पञ्चायत माध्यमिक विद्यालयको शैक्षिक सत्र २०६९ मा छात्र १५ जना (६०%) र छात्रा १० जना (४०%) गरी कुल २५ जना रहेको पाइयो । शैक्षिक सत्र २०७० मा छात्र ११ जना (५७.८९%) र छात्रा ८ जना (४२.१०%) गरी कुल १९ जना रहेको पाइयो । शैक्षिक सत्र २०७१ मा छात्र २२ जना (७३.३३ %) र छात्रा ८ जना (२६.६६ %) गरी कुल ३० जना मेचे बालबालिकाको भर्ना रहेको पाइयो ।

त्यसैगरी मेची विद्योदय प्राथमिक विद्यालयको शैक्षिक सत्र २०६९ मा छात्र ९ जना (५८.८२%) र छात्रा १० जना (४१.१७%) गरी कुल १९ जना रहेको पाइयो । शैक्षिक सत्र २०७० मा छात्र ६ जना र छात्रा १२ जना (६०%) गरी कुल १८ जना रहेको पाइयो । शैक्षिक सत्र २०७१ मा छात्र ५ जना (५८.३३ %) र छात्रा ५ जना (४१.६६ %) गरी कुल १० जना मेचे बालबालिकाको भर्ना रहेको पाइयो । उक्त तालिका हेर्दा विद्योदय प्राथमिक विद्यालयको पहिलो, दोस्रो र तेस्रो सत्रमा घट्दो अवस्था देखियो ।

त्यसैगरी ज्यामिरगढी माध्यमिक विद्यालयको शैक्षिक सत्र २०६९ मा छात्र १ जना (३३.३३%) र छात्रा २ जना (६६.६६%) गरी कुल ३ जना, शैक्षिक सत्र २०७० मा छात्र १ जना (१००%) र छात्रा ० गरी कुल १ जना रहेको पाइयो । शैक्षिक सत्र २०७१ मा कुनै मेचे बालबालिकाको सहभागिता नभएको पाइयो ।

समग्रमा विभिन्न शैक्षिक सत्रमा ५ वटै विद्यालयमा छात्रको भन्दा छात्राको संख्या बढी पाइयो भने वर्षेनी बालबालिकाको भर्ना संख्या घट्दो दरमा रहेको पाइयो । छनौटका विद्यालय मध्ये बढी संख्यामा रहेको विद्यालय बलभद्र उच्च माध्यमिक विद्यालयको संख्या वर्षेनी घट्दो अवस्थामा देखियो । सबैभन्दा कम संख्यामा भर्ना देखिने विद्यालय श्री ज्यामिरगढीको शैक्षिक सहभागितामा न्यून देखियो । यस अवस्थामा मेचे बालबालिकाको शैक्षिक सहभागिता न्यून हुनुमा अशिक्षित अभिभावक, गरिवी, चेतनाको अभाव आदि प्रतिक्रियाहरू देखा परे ।

### ४.१.३ बालबालिका बीचैमा कक्षा छाड्ने र दाहोऱ्याउने अवस्था

नमूना छनौटमा परेका विद्यालयहरूको स्थलगत सर्वेक्षण गरी विद्यालयबाट प्राप्त तथ्याङ्क अभिलेख अनुसार मेचे तथा अन्य बालबालिकाको कक्षा छाड्ने र दोहोऱ्याउने दर भिन्न भिन्न तालिकामा देखाइएको छ :

तालिका ५ : बालबालिकाको कक्षा छाड्ने अवस्था

| विद्यालय | शैक्षिक सत्र | मेचे | | | अन्य (सबै) | | |
|---|---|---|---|---|---|---|---|
| | | भर्ना | कक्षा छाड्ने | प्रतिशत | भर्ना | कक्षा छाड्ने | प्रतिशत |
| **बलभद्र जनता उच्च मा. वि.** | २०६९ | ७० | १० | १४.२८ | ३०० | ३० | १० |
| | २०७० | ६५ | १५ | २३.०४ | ३१० | २५ | ८.०६ |
| | २०७१ | ५५ | ७ | १२.७२ | ३०५ | २० | ६.५५ |
| | **जम्मा** | **१९०** | **३२** | **१६.८४** | **९१५** | **७५** | **८.१९** |
| **दिपेन्द्र प्रा. वि.** | २०६९ | ५० | ५ | १० | ६४ | ३ | ४.६८ |
| | २०७० | ४५ | ० | ० | ९७ | २ | २.०६ |
| | २०७१ | ३५ | ३ | ८.५७ | ७० | ७ | १० |
| | **जम्मा** | **१३०** | **८** | **४.६१** | **१३१** | **१२** | **९.१६** |
| **पञ्चायत मा. वि.** | २०६९ | २५ | ० | ० | ७८ | ७ | ८.९७ |
| | २०७० | १९ | १ | ५.२६ | ८२ | ११ | १३.४१ |
| | २०७१ | ३० | ३ | ९.०९ | ९५ | १२ | १२.६३ |
| | **जम्मा** | **७४** | **४** | **५.४०** | **२५५** | **२३** | **९.०१** |
| **मेची विद्योदय प्रा. वि.** | २०६९ | १९ | १ | ५.२६ | ४७ | ४ | ८.५१ |
| | २०७० | १८ | ३ | १६.६६ | ३८ | ५ | १३.१५ |
| | २०७१ | १० | २ | २० | ४९ | ७ | १४.२८ |
| | **जम्मा** | **४७** | **६** | **१२.७६** | **१३४** | **१६** | **११.९४** |
| **ज्यामिरगढी मा. वि.** | २०६९ | ३ | ० | ० | १६७ | १७ | १०.१७ |
| | २०७० | १ | ० | ० | १५५ | २१ | १३.५४ |
| | २०७१ | ० | ० | ० | ११९ | १६ | १३.४४ |
| | **जम्मा** | **४** | **०** | **०** | **४४१** | **५४** | **१२.२४** |

*स्रोत : स्थलगत सर्वेक्षण २०७२*

प्रस्तुत तालिका अध्ययन गर्दा पाँच वटै विद्यालयका तीन शैक्षिक सत्रको मेचे तथा अन्य बालबालिकाको भर्ना संख्या र कक्षा छाड्ने दरलाई देखाइएको छ । बलभद्र

उच्च माध्यमिक विद्यालयको प्राथमिक तहमा भर्ना भएका तीन शैक्षिक सत्रमा १९० बालबालिकाहरू मध्ये ३२ जना (१६.८४) ले कक्षा छाडेको पाइयो भने अन्य बालबालिकाहरू मध्ये भर्ना भएका ९१५ जनामा ७५ जना (८.१९) बालबालिकाले विद्यालय छाडेको पाइयो ।

त्यसैगरी मेची विद्योदय प्राथमिक विद्यालयको तीन शैक्षिक सत्रमा भर्ना भएका ४७ मेचे बालबालिकाहरूमध्ये ६ जना (१२.७६%) ले विद्यालय छाडेको र अन्य भर्ना भएका १३४ मध्ये १६ जना (१९.९७%) बालबालिकाले विद्यालय छाडेको पाइयो ।

त्यसैगरी ज्यामिरगढी माध्यमिक विद्यालयको तीन शैक्षिक सत्रमा भर्ना भएका ४ बालबालिका मध्ये कसैले पनि विद्यालय छाडेको पाइएन भने अन्य बालबालिकाहरूमाक भर्ना भएका ४४१ जना मध्ये ५४ जना (१२.२४%) बालबालिकाले विद्यालय छाडेको पाइयो ।

त्यसैगरी दिपेन्द्र प्राथमिक विद्यालयको तीन शैक्षिक सत्रमा भर्ना भएका १३० मेचे बालबालिकाहरूमध्ये ८ जना (४.६१%) ले विद्यालय छाडेको र अन्य भर्ना भएका १३१ मध्ये १२ जना (९.१६%) बालबालिकाले विद्यालय छाडेको पाइयो ।

त्यसैगरी पञ्चायत माध्यमिक विद्यालयको तीन शैक्षिक सत्रमा भर्ना भएका ७४ मेचे बालबालिकाहरूमध्ये ४ जना (५.४०%) ले विद्यालय छाडेको र अन्य भर्ना भएका २५५ मध्ये २३ जना (९.०१%) बालबालिकाले विद्यालय छाडेको पाइयो ।

निष्कर्षमा, पाँचवटै विद्यालयको अध्ययन गर्दा तीन शैक्षिक सत्रमा भर्ना भएका ४४५ जना मेचे बालबालिकाहरू मध्ये ५० जना (११.२३%) ले कक्षा छाडेको पाइयो भने अन्य बालबालिकाहरू तर्फ भर्ना भएका १८७६ जना मध्ये १८० जना (९.५९%) ले कक्षा छाडेको पाइयो ।

यसबाट के प्रष्ट हुन्छ भने बलभद्र उच्च माध्यमिक विद्यालय बाहेक अन्य विद्यालयमा मेचे बालबालिकाको कक्षा छाड्ने दर न्यून रहे तापनि अन्य बालबालिकाको तुलनामा बलभद्र उच्च माध्यमिक विद्यालयको कक्षा छाड्ने दर उच्च रहेको पाइयो । कक्षा छाड्ने प्रवृतिले राज्यको अत्याधिक शैक्षिक क्षति हुने हुँदा “सबैको लागि शिक्षा”को नारा चुनौतीपूर्ण भई अपूरो रहन्छ ।

तालिका ६ : कक्षा दोहोऱ्याउने अवस्था

| विद्यालय | शैक्षिक सत्र | मेचे | | | अन्य (सवै) | | |
|---|---|---|---|---|---|---|---|
| | | भर्ना | कक्षा दोहोऱ्याउने | प्रतिशत | भर्ना | कक्षा दोहोऱ्याउने | प्रतिशत |
| **श्री बलभद्र जनता उच्च मा. वि.** | २०६९ | ७० | ७ | १० | ३०० | १७ | ५.६६ |
| | २०७० | ६५ | ५ | ७.६९ | ३१० | २० | ६.४५ |
| | २०७१ | ५५ | ९ | १६.३६ | ३०५ | १० | ३.२७ |
| | **जम्मा** | **१९०** | **२१** | **११.०५** | **९१५** | ४७ | **५.१३** |
| **श्री दिपेन्द्र प्रा. वि.** | २०६९ | ५० | ३ | ६ | ६४ | ७ | १०.९३ |
| | २०७० | ४५ | २ | ४.४४ | ९७ | ५ | ५.१५ |
| | २०७१ | ३५ | ५ | १४.२८ | ७० | ९ | १२.८५ |
| | **जम्मा** | **१३०** | **१०** | **७.६९** | **१३१** | **२१** | **९.५०** |
| **श्री पञ्चायत मा. वि.** | २०६९ | २५ | ० | ० | ७८ | ० | ० |
| | २०७० | १९ | ३ | १५.७८ | ८२ | ५ | ६.०९ |
| | २०७१ | ३० | १ | ३.३३ | ९५ | २ | २.१० |
| | **जम्मा** | **७४** | ४ | **५.४४** | **२५५** | **७** | **२.७४** |
| **श्री मेची विद्योदय प्रा. वि.** | २०६९ | १९ | ० | ० | ४७ | १ | २.१२ |
| | २०७० | १८ | ० | ० | ३८ | १ | २.६३ |
| | २०७१ | १० | ० | ० | ४९ | ३ | ६.१२ |
| | **जम्मा** | **४७** | **०** | **०** | **१३४** | **५** | **३.७३** |
| **श्री ज्यामिरगढी मा. वि.** | २०६९ | ३ | ० | ० | १६७ | ६ | ३.५९ |
| | २०७० | १ | ० | ० | १५५ | १७ | १०.९६ |
| | २०७१ | ० | ० | ० | ११९ | १० | ८.४० |
| | **जम्मा** | ४ | **०** | **०** | ४४१ | **३३** | **७.४८** |

*स्रोत : स्थलगत सर्वेक्षण २०७२*

तालिका नं. ६ लाई अध्ययन गर्दा पाँचवटै विद्यालयका तीन शैक्षिक सत्रमा मेचे तथा अन्य बालबालिकाको भर्ना र कक्षा दोहोऱ्याउने संख्या देखाइएको छ । बलभद्र उच्च माध्यमिक विद्यालयमा तीन शैक्षिक सत्रमा भर्ना भएका १९० जना मेचे बालबालिकाहरू मध्ये २१ जना बालबालिकाहरूले कक्षा दोहोऱ्याएको पाइयो । विद्योदय प्राथमिक विद्यालयको मेचे बालबालिकाहरूले कुनै पनि सत्रमा कक्षा दोहोऱ्याएको

पाइएन तर अन्य बालबालिका मध्ये अन्य ९१५ जनामा १७ जनाले कक्षा दोहोऱ्याएको पाइयो ।

तीन शैक्षिक सत्रमा ४७ मेचे बालबालिका कसैले पनि कक्षा दोहोऱ्याएनन् भने अन्य १३४ जना मध्ये ५ जनाले मात्र कक्षा दोहोऱ्याएको पाइयो । ज्यामिरगढी माध्यमिक विद्यालयमा तीन शैक्षिक सत्रमा भर्ना ४ जना मध्ये कसैले पनि कक्षा नदोऱ्याएको पाइयो र अन्य ४४१ जनामा ३३ जना बालबालिकाले कक्षा दोहोऱ्याएको पाइयो । पञ्चायत माध्यमिक विद्यालयमा भर्ना भएका ७४ जना बालबालिका मध्ये ४ जनाले कक्षा दोहोऱ्याएको पाइयो भने अन्य २२५ बालबालिका मध्ये ७ जनाले कक्षा दोहोऱ्याएको पाइयो ।

त्यस्तैगरी दिपेन्द्र प्राथमिक विद्यालयमा भर्ना भएका १३० मेचे बालबालिका मध्ये १० जनाले कक्षा दोहोऱ्याएको पाइयो भने अन्य बालबालिका २२१ मध्ये २१ जनाले कक्षा दोहोऱ्याएको पाइयो । समग्रमा पाँचवटै विद्यालयको बालबालिकाहरूको तुलना गर्दा मेचे बालबालिका भन्दा अन्य बालबालिकाको कक्षा दोहोऱ्याउने अवस्था बढी पाइयो ।

### ४.१.४ शैक्षिक उपलब्धिको अवस्था

नमूना छनौटमा परेका विद्यालय क्षेत्र भित्र मेचे जातिको समग्र शैक्षिक अवस्थाका साथै यस जातिको शैक्षिक उपलब्धिको बारेमा स्थलगत भ्रमणका साथै प्राप्त अभिलेखका आधारमा तालिका निम्नानुसार छ :

तालिका ७ : शैक्षिक उपलब्धिको अवस्था

| तह | हल्दीवारी | काँकड्भिट्टा | राष्ट्रियस्तर |
|---|---|---|---|
| एस.एल. सी. | २५ | १७ | २५७ |
| प्रविणता प्र. पत्र | ९ | १३ | ५३ |
| स्नातक | ७ | ३ | १५ |
| स्नातकोत्तर | २ | ० | ५ |
| विद्यावारिधी | १ | ० | १ |
| प्राविधिक | २ | ५ | १० |

*स्रोत : रा.ज.म. तथ्याङ्क शाखा*

प्रस्तुत तालिका अनुसार नमूना छनौटमा परेका क्षेत्रभित्र र मेचे समुदायहरूको शैक्षिक अवस्थालाई हेर्दा एस.एल.सी २५७ जना, प्रविणता तह ५३ जना, स्नातक तह १५ जना, स्नाकोत्तर तह ५ जना, विद्यावारिधी तर्फ १ जना र प्राविधिक जनशक्ति तर्फ १० जना रहेको पाइयो ।

नमूना छनौटमा परेका विद्यालयको क्षेत्रभित्र परेका विद्यालयको क्षेत्रभित्र पर्ने हल्दीवारी र काँकडभिट्टा धाइजन क्षेत्रमा मेचे समुदायको शैक्षिक उपलब्धि हेर्दा क्रमशः २५, १७ र २५७ जना एस.एल.सी. तहमा, प्रविणता तहमा ९, १३, ५३ जना, स्नातक तहमा ७, ३, १५ जना, स्नाकोत्तर तर्फ २, ०, ५ जना, विद्यावारिधी तर्फ १, ०, १ जना र प्राविधिक तर्फ २,  ५,  १० जना रहेको पाइयो तर नमूना छनौटमा परेका क्षेत्रमा शैक्षिक स्तर राष्ट्रिय स्तर भन्दा बढी देखियो । त्यसैले यस तथ्याङ्कबाट के जानकारी पाउन सकिन्छ भने मेचे जातिको शैक्षिक स्तर अन्य समुदायको तुलनामा ज्यादै न्यून अवस्थामा छ ।

**४.१.५ बालबालिकालाई विद्यालयमा टिकाइ राख्नका लागि कार्यक्रम**

नमूना छनौटमा परेका विद्यालयहरूको विभिन्न शैक्षिक सत्रहरूमा नेपाल सरकार र स्थानीय संघ संस्थाले मेचे तथा अन्य बालबालिकाहरूलाई विभिन्न छात्रवृत्ति र सुविधाहरू प्रदान गरेर शैक्षिक सहभागिता वृद्धि गरेको छ । जुन निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ८ :  बालबालिका नमूना विद्यालयको शिक्षा छात्रवृत्ति तथा अन्य कार्यक्रमको विवरण

| योजना | शै.सत्र | बलभद्र जनता उ.मा.वि. | | | | दिपेन्द्र प्रा.वि. | | | | श्री पञ्चायत मा.वि. | | | | श्री मेची विद्योदय प्रा.वि. | | | | ज्यामिरगढी मा.वि. | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मेचे | | अन्य (सबै) | | मेचे | | अन्य (सबै) | | मेचे | | अन्य (सबै) | | मेचे | | अन्य (सबै) | | मेचे | | अन्य (सबै) | |
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| ५०% छात्रा दलित | २०६९ | ३२ | ३८ | - | १८० | ५० | ३५ | - | ६० | १५ | १० | - | ३५ | ९ | १० | - | ३१ | १ | २ | - | ७३ |
| | २०७० | ३० | ३५ | - | १६० | ४५ | ३० | - | ६७ | ११ | ८ | - | ३३ | ६ | १२ | - | २१ | १ | - | - | ७८ |
| | २०७१ | २५ | ३० | - | १८५ | ३५ | २५ | - | ४५ | २२ | ८ | - | ३५ | ५ | ५ | - | २३ | - | - | - | ६० |
| पुस्तक वितरण | २०६९ | ३२ | ३८ | १२० | १८० | ५० | ३५ | ५४ | ६० | १५ | १० | ५८ | ३५ | ९ | १० | १७ | ३१ | १ | २ | ९४ | ७३ |
| | २०७० | ३० | ३५ | १५० | १६० | ४५ | ३० | ७५ | ६७ | ११ | ८ | ६० | ३३ | ६ | १२ | २० | २१ | १ | - | ७७ | ७८ |
| | २०७१ | २५ | ३० | १२० | १८५ | ३५ | २५ | ६० | ४५ | २२ | ८ | ८२ | ३५ | ५ | ५ | २८ | २३ | - | - | ६९ | ६० |

*स्रोत : विद्यालय अभिलेख २०७२*

प्रस्तुत तालिका नेपाल सरकार, गैर सरकारी संस्था तथा विद्यालयबाट प्रदान गरिने विभिन्न छात्रवृत्ति र सुविधाहरूको बारेमा देखाइएको छ । नमूना छनौटमा परेका पाँचवटै विद्यालयका तीन शैक्षिक सत्रमा प्रदान गरिएको छात्रवृत्ति र सुविधाहरू मेचे र अन्य (सबै) बालबालिकाहरूका छात्रछात्रा तर्फ प्राप्त गरेका तथ्याङ्कहरू चित्रण गरिएको छ ।

बलभद्र उच्च माध्यमिक विद्यालयको तीनवटै शैक्षिक सत्रमा प्राप्त गरेको पाइयो भने अन्य बालबालिका तर्फ दलित, सिमान्तकृत छात्र छात्राले पनि छात्रवृत्ति प्राप्त गरेको पाइयो ।

मेची विद्योदय प्राथमिक विद्यालयमा तीनवटै शैक्षिक सत्रमा भर्ना भएका ४७ मेचे बालबालिका सबैले छात्रवृत्ति पाएको देखिन्छ भने अन्य बालबालिका तर्फ दलित, सिमान्तकृत र अन्य ५०% छात्रा छात्रवृत्ति पनि प्राप्त गरेको पाइयो ।

त्यस्तै गरी ज्यामिरगढी माध्यमिक विद्यालयमा तीन वटै शैक्षिक सत्रमा ४ मेचे बालबालिकाहरू सबैले छात्रवृत्ति प्राप्त गरेको पाइयो भने दलित, जनजाति अन्यले पनि ५०% छात्रा छात्रवृत्ति पाएको देखिन्छ ।

त्यस्तै दिपेन्द्र प्राथमिक विद्यालयको तीनवटै शैक्षिक सत्रमा २२० मेचे बलबालिकाहरू छात्रवृत्ति प्राप्त गरेको र दलित, जनजाति अन्यलाई ५०% छात्रा छात्रवृत्ति प्राप्त गरेको पाइयो । पञ्चायत निम्न माध्यमिक विद्यालयको तीनवटै शैक्षिक सत्रमा ७४ मेचे बालबालिकाहरूले छात्रवृत्ति पाएको देखिन्छ ।

समग्रमा पाँचवटै विद्यालयमा अध्ययनरत बालबालिकाले नेपाल सरकारबाट प्रदान गरिने पाठ्यपुस्तक निःशुल्क प्राप्त गरेको पाइयो । नेपाल सरकारबाट प्रदान गरिने दलित, सीमान्तकृत ५०% छात्रा छात्रवृत्तिले अभिभावक तथा बालबालिका स्वयमलाई उपयोगिता भई आकर्षित भएको पाइयो तर वास्तविक गरिब छात्र बालबालिकाले छात्रवृत्ति नपाएकोले उनीहरू लिङ्गीय भेदभावले नकारात्मक असर पर्ने सम्भावना देखियो । साथै मेचे तथा अन्य बालबालिकाहरूलाई केही गैरसरकारी संघसंस्थाहरूले सहयोग गरे पनि स्थानीय निकायले मेचे जातिका बालबालिकाहरूलाई मात्र भत्ता दिएका तर अन्य बालबालिकाहरूलाई कुनै किसिमको छात्रवृत्ति तथा सुविधाहरूको व्यवस्था नभएको पाइयो ।

### ४.१.६ बालबालिकाको विद्यमान शैक्षिक अवस्था

हल्दिवारी स्रोतकेन्द्र अन्तर्गत रहेका पञ्चायत निम्न माध्यमिक विद्यालय र दिपेन्द्र प्राथमिक विद्यालय जलथल गाउँ विकास समिति अन्तर्गतका विद्यालयहरू हुन जसमा मेचे समुदायहरूको जनसंख्या करिव १३०० देखिन्छ । जसमा विद्यालय उमेरका बालबालिकाहरू ४०० को हाराहारीमा छ । त्यस्तै काँकडभिट्टा स्रोतकेन्द्र अन्तर्गत मेची विद्योदय प्राथमिक विद्यालय मेची नगरपालिका-७, ज्यामिरगढी माध्यमिक विद्यालय ज्यामिरगढी-४ अन्तर्गत पर्दछन् । बुधवारे स्रोतकेन्द्र अन्तर्गत धाइजन गाउँ विकास समितिका बलभद्र उच्च माध्यमिक विद्यालय नमूना छनौटका विद्यालयहरू हुन् । यी नमूना छनौटमा परेका विद्यालयहरूको प्राथमिक तहमा भर्ना भएका सम्पूर्ण विद्यार्थीका तीन शैक्षिक सत्रको विवरणलाई अनुसूचीमा राखिएको छ । त्यसैगरी नमूना विद्यालयहरूको प्राथमिक तहमा भर्ना भएका मेचे, दलित, जनजाती र अन्य बालबालिकाका तीन वटै सत्रको परीक्षामा भर्ना सामेल, उत्तीर्ण, अनुत्तीर्ण, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने अवस्थालाई अनुसूची (७, ८, ९, १०, ११) मा चित्रण गरिएको छ ।

नमूना विद्यालयहरूको मेचे बालबालिकाको शैक्षिक सत्र २०६९, २०७०, २०७१ को भर्ना अवस्थालाई अध्ययन गर्दा प्रति शैक्षिक सत्र भर्नादर घट्दो अवस्थामा देखियो ।

बलभद्र उच्च माध्यमिक विद्यालयको मेचे बालबालिकाको भर्ना अवस्थालाई हेर्दा शैक्षिक सत्र २०६९, २०७०, २०७१ क्रमशः ७० (२३%), ६५ (२०.९६%), ५५ (१८.०३%) रहेको पाइयो भने मेची विद्योदय प्राथमिक विद्यालयको क्रमशः १९ (२८.३५%), १८ (३०.५०%) र १० (१६.३९%) रहेको पाइयो । त्यस्तै ज्यामिरगढी माध्यमिक विद्यालयको क्रमशः ३ (१.०७%), १ (०.६४%), अन्तिम शैक्षिक सत्रमा कुनै पनि मेचे बालबालिका भर्ना नभएको पाइयो । त्यस्तै दिपेन्द्र प्राथमिक विद्यालयको क्रमशः ८५ (७४.४५%), ७५ (५६.८१%) ६० (५७.१४%) रहेको पाइयो भने पञ्चायत माध्यमिक विद्यालयको क्रमशः २५ (२४.२७%), १९ (१८.८०%), ३० (२४%) रहेको पाइयो ।

नमूना छनौटमा परेका विद्यालयहरूको उत्तीर्णदर शिक्षा नीतिको उदार कक्षोन्नति र निरन्तर मूल्याङ्कन प्रणालीले गर्दा राम्रै देखिए तापनि बीचैमा कक्षा छाड्ने दरले गर्दा देशको समस्याको विषय बनेको छ । बलभद्र उच्च माध्यमिक विद्यालयको शैक्षिक सत्र २०६९, २०७०, २०७१ मा क्रमशः मेचे बालबालिकाको कक्षा छाड्ने अन्य जातिको तुलनामा उच्च देखियो । त्यसैगरी मेची विद्योदय प्राथमिक विद्यालय, ज्यामिरगढी

माध्यमिक विद्यालयमा कक्षा छाड्ने दर कम देखिए तापनि शैक्षिक सहभागिता नै कम मात्रामा देखियो । त्यसैगरी दिपेन्द्र प्राथमिक विद्यालयको मेचे बालबालिकाको कक्षा छाड्ने संख्या अन्य बालबालिकाको भन्दा बढी देखिन्छ भने कक्षा दोहोऱ्याउने कम देखिन्छ । त्यसैगरी पञ्चायत माध्यमिक विद्यालयको मेचे बालबालिका कक्षा छाड्ने र दोहोऱ्याउने दर बढी छ ।

यसैगरी नमूना छनौटमा परेका विद्यालयहरूको तीन शैक्षिक सत्रको भर्ना, परीक्षामा सामेल उत्तीर्ण, अनुत्तीर्ण, बीचैमा कक्षा छाड्ने अवस्थालाई आधार मानी विश्लेषण गर्दा समग्रमा अन्य बालबालिकाहरू मध्ये मेचे बालबालिकाहरूको सहभागिता प्राथमिक तहमा दयनीय र घट्दो क्रममा देखियो साथै प्रत्येक शैक्षिक सत्रमा नमूना विद्यालयहरूमा सहभागिता नियमितता निरन्तरता र टिकाउपनको सट्टा बीचैमा कक्षा छाड्ने न्यून उपस्थित हुने, बारम्बार छुट्टी माग्ने प्रवृत्तिको विकास भएको पाइयो । मेचे बालबालिकाहरूलाई जन्मदै भत्ताको व्यवस्थाले निजी विद्यालयमा जाने प्रवृत्ति बढ्दो क्रममा देखियो । भविष्यमा नेपाल सरकारले भत्ता कटौती गरिएमा मेचे बालबालिकाहरूको शैक्षिक भविष्य अन्यौन देखिने सम्भावना देखिन्छ ।

## ४.२ शैक्षिक सहभागिता न्यून हुनाका कारणहरू

नमूना छनौटमा परेका पाँच विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा पदाधिकारी, शिक्षक अभिभावक संघका अध्यक्ष तथा पदाधिकारी, मेचे बालबालिका, अन्य बालबालिका, मेचे अभिभावक, अन्य अभिभावकसँग गरिएका छलफल, प्रश्नावली, अन्तरर्वाता, अवलोकन आदिबाट प्राप्त प्रतिक्रियाका आधारमा मेचे बालबालिकाको शैक्षिक सहभागिता हरेक वर्ष न्यून हुने कारण तथा त्यसलाई प्रभाव पार्ने तत्वहरू विभिन्न तालिका तथा चित्रमा प्रस्तुत गरी व्याख्या गरिएको छ ।

अनुसन्धानकर्ताले अध्ययन क्षेत्रभित्र रहेका पाँचवटा विद्यालयको तीन शैक्षिक सत्रको मेचे तथा अन्य बालबालिकाको भर्ना संख्या, कक्षा छाड्ने, उत्तीर्ण, अनुत्तीर्ण, कक्षा दोहोऱ्याउने अवस्था विद्यालय विवरण हेर्दा मेचे बालबालिकाहरूको शैक्षिक सहभागिता प्रत्येक वर्ष न्यून हुँदै जाने समस्या रहेको पाइयो । मेचे बालबालिकाको शैक्षिक सहभागिता प्रत्येक वर्ष न्यून हुँदै जाने कारणहरू र त्यसमा प्रभाव पार्ने तत्वहरूको पहिचान र खोजी गर्न पाँच वटै विद्यालयका पाँच जना प्रधानाध्यापक, पन्ध्र

जना शिक्षक, दश जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, ३ जना स्रोत व्यक्ति, दश जना शिक्षक, दश जना मेचे र अन्य अभिभावक, पन्ध्र जना मेचे र अन्य बालबालिकाहरूलाई विभिन्न साधनहरू प्रयोग गरी आ-आफ्ना धारणा र प्रतिक्रियाहरू लिइएको थियो । स्थलगत भ्रमणमा आएका धारणा र प्रतिक्रियाहरूलाई भिन्न भिन्न तालिकामा प्रस्तुत गरिएको छ ।

**४.२.१ प्रधानाध्यापकको धारणा**

नमूना छनौटमा परेका पाँचवटा विद्यालयका पाँच जना प्रधानाध्यापकसँग प्रश्नावली फारम भराई प्राप्त विचार तथा धारणालाई निम्नानुसार व्यक्त गरिएको छ ।

तालिका ९ : प्रधानाध्यापकको धारणा

| क.सं. | कारण/तत्वहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनाको कमी | ५ | १००% |
| २ | आर्थिक अवस्था | ३ | ६०% |
| ३ | नियमित उपस्थित नहुनु | २ | ४०% |
| ४ | असफल बढी हुने | १ | १०% |
| ५ | बालमैत्री कक्षा नभएको | १ | १०% |
| ६ | भाषागत समस्या | २ | ४०% |

*स्रोत : स्थलगत भ्रमण २०७२*

माथिको तालिका अनुसार प्राथमिक तहमा मेचे बालबालिकाको शैक्षिक सहभागिता प्रत्येक वर्ष न्यून हुँदै जाने प्रमुख कारण मध्ये अभिभावकको चेतनाको कमी नै हो भन्ने धारणा पाइयो । जसमा ५ प्रधानाध्यापकले (१००%) को मत उक्त तत्वहरूमा पाइयो भने अन्य कारणहरूमा आर्थिक अवस्था ३ (६०%), नियमित उपस्थित नहुनु २ (४०%), असफल बढी हुनेमा १ (१०%), बालमैत्री कक्षा नभएको १ (१०%), भाषागत समस्या २ (४०%) नै न्यून कारण तथा तत्वहरू रहेको धारणा प्राप्त रहेको पाइयो ।

**४.२.२ शिक्षकको धारणा**

नमूना छनौटमा परेका पाँच वटा विद्यालयका पन्ध्र जना शिक्षकहरूसँग प्रश्नावली फारम भराई प्राप्त गरिएका विचार तथा धारणा निम्नानुसार प्रस्तुत गरिन्छ ।

तालिका १० : शिक्षकहरूको धारणा

| क.सं. | कारण/तत्वहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मातृभाषाको पठन पाठन नहुनु | ७ | ७०% |
| २ | चेतनाको कमी | ९ | ९०% |
| ३ | कमजोर आर्थिक अवस्था | ५ | ५०% |
| ४ | घरायसी काम | २ | २०% |
| ५ | पढ्नै मन नलागेर | २ | २०% |

*स्रोत : स्थलगत भ्रमण २०७२*

माथिको तालिकालाई अध्ययन गर्दा प्राथमिक तहमा मेचे बालबालिकाको शैक्षिक सहभागिता न्यून हुने प्रमुख कारणमध्ये भाषागत समस्या देखियो जसमा चेतनाको कमीले गर्दा बालबालिकाकाहरू विद्यालयमा सहभागितामा कमी देखियो । भाषागत समस्या ७ (७०%), चेतनाको कमी (९०%), कमजोर आर्थिक अवस्था ५ (५०%), घरायसी काम २ (२०%), पढ्नै मन नलागेर २ (२०%) रहेको पाइयो ।

**४.२.३ बालबालिकाको धारणा**

नमूना छनौटमा परेका पाँचवटा विद्यालयका पन्ध्र जना मेचे तथा अन्य बालबालिकाहरूसँग प्रश्नहरू तथा अन्तरवार्ता प्राप्त आ-आफ्ना मत/धारणा निम्नानुसार व्यक्त गरेका थिए ।

तालिका ११ : बालबालिकाको मत धारणा

| क.सं. | कारण/तत्वहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मातृभाषा शिक्षण नहुँदा | ५ | ५०% |
| २ | घरायसी कामले | ८ | ८०% |
| ३ | बालमैत्री कक्षा नहुनु | ७ | ७०% |
| ४ | शिक्षकको वेवास्ता | ३ | ३०% |
| ५ | पढ्न मन नलागेर | ५ | ५०% |
| ६ | साथीभाईको चकचकेपनले | १ | १०% |

*स्रोत : स्थलगत भ्रमण २०७२*

तालिका ११ अनुसार मेचे तथा अन्य बालबालिकाको मत संकलन गर्दा घरायसीम कामकाजले ८ (८०%), बालमैत्री कक्षा नहुनु ७ (७०%), मातृभाषा शिक्षण

नहुँदा ५ (५०%), शिक्षकको वेवास्ता ३ (३०%), पढ्नै मन नलागेर ५ (५०%) साथीभाईको चकचकेपनले १ (१०%) रहेको पाइयो ।

**४.२.४ अभिभावको धारणा**

नमूना छनौटमा परेका पाँचवटा विद्यालयमा अध्ययनशील मेचे तथा अन्य बालबालिका दश जना अभिभावकहरूसँग प्रश्न तथा अन्तर्वाता विधि प्रयोग गरी उनीहरूका राय, सुझाव तथा प्रतिक्रियालाई निम्न तालिका बमोजिम प्रस्तुत गरिएको छ :

तालिका १२ : बालबालिकाका अभिभावकको मत/धारणा

| क.सं. | कारण/तत्वहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पारिवारिक पृष्ठभूमि | ९ | ९०% |
| २ | रुचीपूर्ण व्यवहार नभएकोले | ७ | ७०% |
| ३ | जनचेतनाको कमीले | १७ | १७०% |
| ४ | शिक्षाको महत्व बताउनु पर्ने | ८ | ८०% |
| ५ | मातृभाषा शिक्षणको व्यवस्था नहुँदा | ८ | ८०% |

*स्रोत : स्थलगत भ्रमण २०७२*

तालिका १२ अनुसार सबैभन्दा बढी ७ जना अभिभावकले जनचेतनाको कमीले १७०% मत मेचे बालबालिकालाई विद्यालय नपढाएको पाइयो । अन्य कारणहरूमा पारिवारिक पृष्ठभूमि ९ जना अर्था ९०%, विद्यालयमा रुचीपूर्ण व्यवहार नभएको ७ जना अर्थात ७०%, शिक्षाको महत्व बताउनु पर्ने ८ जना अथवा ८०% र मातृभाषा सिकाउनु पर्ने ८ जना अर्थात ८०% भएको पाइयो ।

**४.२.५ विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीको विचार/धारणा**

नमूना छनौटमा परेका विद्यालयहरूका सञ्चालन र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विद्यालय व्यवस्थापन समिति र विद्यालयको सदैव शैक्षिक गुणस्तरमा सक्रिय रहने शिक्षक अभिभावक संघ दुवै समितिबाट दश जना पदाधिकारीसँग छलफलमा उठाएका प्रश्नहरूबाट निम्न प्रतिक्रिया प्राप्त हुन आयो । जुन प्रस्तुत तालिकाद्वारा देखाइएको छ :

तालिका १३ : विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको धारणा

| क.सं. | कारण/तत्वहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दीर्घकालीन नीति | ८ | ८०% |
| २ | अभिभावकको चेतनामा कमी | ९ | ९०% |
| ३ | सामाजिक संस्कारमा अल्भिनु | ५ | ५०% |
| ४ | सुविधाको अभाव | ७ | ७०% |
| ५ | आर्थिक तत्व | ८ | ८०% |

माथिको तालिकाका आधारमा विश्लेषण गर्दा सम्बन्धित समिति र पदाधिकारीसँग राय सुझावबाट मेचे बालबालिकाको शैक्षिक सहभागिता वर्षेनी घट्दै जानुमा अभिभावकको चेतनाको स्तरमा कमजोरी देखियो । जसमा ९ जना वा ९०% हो भन्ने पक्षमा, दीर्घकालीन नीति आवश्यक छ भन्ने पक्षमा ८ जना वा ८०%, अझै पनि सामाजिक संस्कारमा अल्भिरहेको भन्ने पक्षमा ५ जना वा ५०%, विद्यालयमा विभिन्न सुविधाहरूको अभाव भन्नेमा ७ जना वा ७०%, आर्थिक पक्ष कमजोर भन्नेमा ८ जना वा ८०% राय सङ्कलन प्राप्त गरियो ।

### ४.२.६ स्रोतकेन्द्रका स्रोतव्यक्तिको धारणा

नमूना छनौटमा परेका पाँचवटा विद्यालयको स्रोतकेन्द्रहरू काँकडभिट्टा स्रोतकेन्द्रका स्रोतव्यक्तिसँगको धारणा अनुसार शैक्षिक सहभागिता न्यून हुने प्रमुख कारण अभिभावकको चेतनामा अभाव, भाषागत समस्या, अनियमितता रहेको प्राप्त भयो । त्यसै हल्दीवारी स्रोतकेन्द्रका स्रोतव्यक्ति र वुधवारे स्रोतकेन्द्रका स्रोतव्यक्तिको धारणा पनि आर्थिक पक्षमा प्रभाव, भाषिक कठिनाइ, साथीभाईको संगत र नियमित कक्षामा उपस्थित नहुँदा बारम्बार असफल भै विद्यालय छाड्ने प्रमुख समस्याहरू प्राप्त हुन आयो ।

## ४.३ शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरूको विश्लेषण

नमूना छनौटमा परेका पाँचवटै विद्यालयका प्रधानाध्यापक, शिक्षक, मेचे तथा अन्य बालबालिका, विद्यालय समितिका पदाधिकारी, मेचे तथा अन्य अभिभावकसँग गरिएका प्रश्नावली तथा छलफल, अन्तर्वार्ता, अवलोकन आदिबाट प्राप्त प्रतिक्रियाका आधारमा मेचे बालबालिकाको शैक्षिक सहभागिता न्यून हुनाका कारण र प्रभाव पार्ने तत्वहरूको बुँदागत रुपमा व्याख्या विश्लेषण गरिएको छ :

**४.३.१ अभिभावकमा चेतनाको कमी हुनु**

मेचे बालबालिकाको शैक्षिक सहभागिता घट्दै जाने तत्वहरू मध्ये अभिभावकको चेतनामा कमी आउनु हो भन्ने पक्षमा ३ प्रधानाध्यापक र स्रोतव्यक्ति ३ (१००%) जना, शिक्षक, समिति पदाधिकारी ९ (९०%) जना, अभिभावक ७ (७०%) जना रहेको पाइयो । जसमा ८ जना उत्तरदाताहरू मध्ये ३१ जना (५३.४४%) ले अभिभावकमा चेतनाको कमीले शैक्षिक सहभागिता कम भएको प्रतिक्रिया दिए ।

पूर्वी तराईको आदिवासीको रुपमा स्थापित मेचे समुदाय प्राचीन कालमा पूर्वको भू-भागमा आफ्नो स्थायी बसोबास गर्न भारतको उत्तरपूर्व आसामबाट आएको देखिन्छ । शारीरिक श्रममा विश्वास राख्ने यस जातिका मानिसहरू चेतनाको कमीले फेरी परानै थाकथलो फर्केका प्रमाणहरूले गर्दा मेचे बालबालिकाहरूको शैक्षिक सहभागिता कम देखिन्छ । नेपाल सरकारको भत्ताको प्रलोभनमा परेर आफ्ना बालबालिकाहरू नीजि संघ-संस्थामा अध्ययन गराउन उत्साही देखिन्छन् । जसको कारणबाट सामुदायिक विद्यालयहरूमा सहभागिता घट्दो क्रममा देखियो ।

**४.३.२ भाषागत समस्या**

भाषागत समस्याी भई मेचे जातिको शैक्षिक सहभागिता कमी भएको प्रतिक्रियाका पक्षहरूमा प्र.अ. २ (४०%) जना, शिक्षक ७ (७०%) जना, मेचे बालबालिका ५ (५०%) जना, मेचे अभिभावक ८ (८०%) जना र स्रोतव्यक्ति ३ (१००%) जना रहेको पाइयो । जसमा ५८ जना उत्तरदाताहरू मध्ये २५ जना (४३.१०%) ले भाषागत समस्याका कारणले मेचे बालबालिकाको शिक्षामा सहभागिता घट्दो भएको प्रतिक्रिया प्राप्त भयो ।

मेचे बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न पाउनु मौलिक अधिकार हो । जुन नेपालको अन्तरिम संविधान शिक्षा ऐन तथा नियमावलीमा स्पष्ट व्यवस्था गरेको छ । तर आफ्नो मातृभाषा भएका बालबालिकाहरूले पहिलो पाठशालामा नै सिकेका कारणले विद्यालयमा दोस्रो भाषाका रुपमा सिक्न गाह्रो भई शिक्षण बोझिलो हुन गएको छ । भाषागत समस्याले अप्ठ्यारो भई मेचे बालबालिका विद्यालयमा न्यून भएको पाइया ।

**४.३.३ घरायसी काम**

मेचे बालबालिकाको शैक्षिक सहभागिता घट्दो क्रममा जानुलाई घरायसी

कामकाजलाई मुख्य तत्व ठान्नेहरूमा शिक्षक ८(८०%) जना, समिति पदाधिकारी ५ (५०%) जना, अन्य बालबालिका ८(८०%) जसमा ५८ जना उत्तरदातामध्ये २१ जनाले घरायसी कारणले मेचे बालबालिकाको शिक्षामा सहभागिता काम भएको प्रतिक्रिया पाइयो ।

घर नै बालबालिकाको पहिलो सिकाइको उद्‌गम स्थल हो हरेक भाषागत सीपदेखि लिएर दोहोरो प्रश्न उत्तरका मौलिक ज्ञान, सीप सिक्ने अवसर आफ्नै पारिवारिक वातावरणमा पाइसकेको हुनुपर्छ तर यस मेचे समुदायका बालबालिकाहरू उचित वातावरणको अभावले प्राय जसो दैनिक मजदुरी गर्ने काम गर्न वाध्य हुन्छन् । बालबालिकाहरू पनि घरको हेरचाह सरसफाई गर्नुपर्ने, पालेका जनावरहरूको हेरविचारका साथै स-साना भाइवैनीहरूको समेत स्याहार सम्भार गर्नुपर्ने आदि कार्यले विद्यालयमा उपस्थिति पातलिदै जान्छ । त्यसैले यस जातिको पहिलो आवश्यकता गाँस, वाँस, कपास हुने भएकोले शिक्षा दोस्रो आवश्यकता हुन जान्छ र शैक्षिक सहभागिता कम देखिन्छ ।

### ४.३.४ पारिवारिक पृष्ठभूमि

मेचे बालबालिकाको शैक्षिक सहभागिता न्यून हुँदै जाने कारण पारिवारिक पृष्ठभूमि हो भन्ने मत राख्नेहरूमा प्रधानाध्यापक ३ (६०%) जना शिक्षक ५ (५०%) जना, अभिावक ९(९०%) जना रहेको पाइयो । जसमा ५८ उत्तरदातामध्ये १७ (२९.३१%) जनाले पारिवारिक पृष्ठभूमिका कारणले मेचे बालबालिकाको शिक्षामा सहभागिता कम हुँदै गएको प्रतिक्रिया दिए ।

हरेक परिवारमा शिक्षित र बौद्धिक स्तरका सोच भएका व्यक्तिको जीवनस्तर गुणस्तरीय भएको पाइन्छ । हरेक कामकाज सरल, सहज ढङ्गबाट सञ्चालन गरेको देखिन्छ । भावी सन्ततीलाई आफ्नो लक्ष्य अनुसार सही गोरेटोमा डोऱ्याउने अभिलाषा गरिरहेको हुन्छन् । परिवारबाट नै असल र खराबको, राम्रो र नराम्रोको धारणा विकास भएको हुन्छ । परिवारको आकार, स्तर, व्यवहार, संस्कार, संस्कृति, रहनसहन, लुवाईखुवाई आदि तत्वहरूले बालबालिकाहरूलाई सकारात्मक वा नकारात्मक प्रभाव पारीरहेको हुन्छ । मेचे समुदायका जातिहरूमा पनि परिवारको आकारमा वृद्धि, पूराना संस्कार संस्कृतिको हातेमालो पढेर के नै हुन्छ र भन्ने शिक्षाप्रति नकारात्मक सोचले गर्दा शैक्षिक सहभागितामा कमी भएको देखिन्छ ।

### ४.३.५ शैक्षिक सामग्री तथा सुविधाको अभाव

नमूना छनौटमा परेका विद्यालयहरूमा अध्ययन गर्ने क्रममा त्यहाँको बाहिरी आवरणले मनै छुन्छ । त्यसैले शैक्षि र भौतिक वातावरणले सिकाइमा प्रभाव पार्छ । विद्यालयमा कम उपस्थित र पढ्न मन नलाग्ने भन्नेहरूमा प्रधानाध्यापक ५ (५०%) जना, शिक्षक २ (२०%) जना, अभिभावक ८ (८०%), समिति पदाधिकारी ७ (७०%) र स्रोतव्यक्ति ३ (१००%) रहेको पाइयो । जसमा ५८ जना उत्तरदाता मध्ये २८ (४८.२७%) जनाले शैक्षिक सामग्री तथा भौतिक सुविधाको अभावले मेचे बालबालिकाहरू शैक्षिक क्षेत्रमा रुची कम रहेको पाइयो ।

शैक्षिक सामग्री पाठ्यक्रमको साधनको रुपमा मानिन्छ । जुन विना कुनै शैक्षिक उद्देश्य हाशील गर्न प्रभावकारी हुँदैन । शिक्षण सिकाइ क्रियाकलाप अधुरो र निररश हुन गई बालबालिकाको दैनिक व्यवहारमा परिवर्तन हुन सक्दैन । तसर्थ बालबालिकालाई सिकाइमा पूर्णता प्राप्त भई बालकेन्द्रित विधिको प्रयोग गरी सिकाइलाई प्रभावकारी बनाउन शैक्षिक सामग्रीको महत्व छ । त्यसैगरी विद्यालयमा उपलब्ध भौतिक सामग्रीहरू कक्षाकोठा अनुसार फर्निचर, कालो र सेतो पाटी शौचालय, खेलमैदान, खेलसामग्री, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला, पेसा, ल्याब आदिले पनि महत्वपूर्ण प्रभाव पारेको हुन्छ । विद्यालयमा यी सम्पूर्ण सामग्रीहरू अभाव भएमा बालबालिकाहरूको सिकाइ निरश र पट्याइ लाग्दो हुन जाने भएकोले बालबालिकाहरूको शैक्षिक अवस्था न्यून देखिन्छ ।

### ४.३.६ कमजोर बालबालिकालाई शिक्षकले वेवास्ता गर्नु

मेचे बालबालिकाको शैक्षिक अवस्था कम हुने कारण मध्ये कक्षाकोठामा शिक्षकले कमजोर बालबालिकालाई वेवास्ता गरेको हो वा शिक्षाको महत्व कम बताइदिएको भन्ने प्रतिक्रिया दिनेहरूमा मेचे तथा अन्य बालबालिका ३ (३०%), अभिभावक ८ (८०%) जना रहेको पाइयो । जसमा ५८ जना उत्तरदाता मध्ये ११ (१८.९६%) ले कमजोर बालबालिकालाई शिक्षकले वेवास्ता गरी शिक्षण गरेकोमा शैक्षिक सहभागिता न्यून रहेको पाइयो । शिक्षण सिकाइको मुख्य केन्द्रविन्दु बालबालिका हुन् । बालबालिका माटो जस्तै कच्चापदार्थ भएकोले उनीहरूमा रहेका अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न शिक्षाको अहम भूमिका रहन्छ । तेज दिमाख भएका बालबालिका चाडै सिक्ने भएकोले उनीहरूलाई बढी ध्यान दिने प्रवृति देखिन्छ । कमजोर बालबालिका कक्षाकोठाको

पछाडि बस्ने र शिक्षक प्राय त्यस ठाउँमा नपुग्ने अवस्थाले त्यस्ता मन्द दिमाख भएका बालबालिका पछाडि पर्न बाध्य हुन्छन् । यसप्रकारको समस्या मेचे बालबालिका पनि देखिएकोले शैक्षिक सहभागिता न्यून देखिन्छ ।

## ४.४ बालबालिकालाई विद्यालयमा टिकाइ राख्ने उपायहरू

शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको जन्मसिद्ध अधिकार हो । 'जहाँ शिक्षा, त्यहाँ विकास' भन्ने नारालाई आत्मसात गर्दै मेचे बालबालिकालाई अन्य बालबालिका सरह शैक्षिक अवसर प्रदान गर्नुपर्छ । मेचे बालबालिकालाई अन्य बालबालिकालाई शिक्षाको माध्यमबाट दैनिक जीविकोपार्जन गर्ने क्षमतामा सुधार गरी उनीहरूलाई परिवर्तन र क्षमतामुखी बनाएर समाजमा उनीहरूका समस्याप्रति संवेदनशील र सजग बनाउनु राज्यको दायित्य हो । त्यसैले मेचे वा अन्य बालबालिकालाई शैक्षिक अवसर दिएर उनीहरूका अगाडि आएका समस्याहरूसँग जुध्न सक्ने विवेकशील व्यक्ति बनाउन शिक्षा अनिवार्य छ ।

नमुना  छनौटमा परेका विद्यालयका मेचे तथा अन्य बालबालिका, अभिभावक, प्रधानाध्यापक, शिक्षक, समितिका पदाधिकारीहरू, स्रोत व्यक्ति गरी ५८ जना उत्तरदाताहरुबाट प्राप्त धारणा तथा प्रतिक्रियाहरूको व्याख्या गर्दा मेचे बालबालिकाको शैक्षिक सहभागिता प्रत्येक वर्ष कम भएको देखियो साथै सरोकारवाला पक्षसँग प्रश्नावली, अन्तर्वार्ताबाट प्राप्त गरिएका सुझावहरूले मेचे बालबालिकाको शैक्षिक सहभागिता बढाउने उपायहरूको मुख्य बुँदाहरू बनाई व्याख्या र विश्लेषण गरिएको छ ।

मेचे बालबालिकाको क्षमता, रुचि, पारिवारिक पृष्ठभूमि जस्ता पक्षहरूको गहन अध्ययन गरी विभिन्न शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा सहभागी हुन उत्प्रेरणा जगाउनु पर्छ । त्यसका लागि सरकार तथा विद्यालयका तर्फबाट छात्रवृत्ति, अनुदान तथा आर्थिक सहयोग प्रदान गर्नुपर्छ । अन्य समुदाय भन्दा पछि परेका मेचे जातिलाई शैक्षिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, सामाजिक जनचेतना बढाउन सकेमा मेचे बालबालिकाको पनि विद्यालयमा सहभागिता बढ्न जान्छ ।

नेपालको लोपोन्मुख रूपमा चिनिएका मेचे जाति प्राचिन कालमा भूमि मालिक भए पनि हाल भूमिहीन भई मजदुरीलाई आफ्नो पेसाको रुपमा अगाडि बढाई जीविकोपार्जन गर्न वाध्य छन् । उनीहरूलाई राज्यले विभिन्न रोगजगारहरू, दीर्घकालीन

आयमूलक कार्यक्रमहरूमा सहभागी गराउने, सचेतनाका कार्यक्रमहरूको व्यवस्था गर्नुपर्ने, मेचे बालबालिकाहरूको हीनतावोध हटाउन सकेमा पक्कै पनि मेचे बालबालिकाको विद्यालयमा सहभागिता बढ्ने आधार सिर्जना हुन्छ । त्यसैगरी राज्यले अनौपचारिक प्रौढ शिक्षाका कार्यक्रमहरू सञ्चालन गरेर तथा गैर सरकारी संस्था तथा विद्यालयमा विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेर हीनताबोध, असक्षमता, पछौटेपनलाई हटाई चेतनामुखी बनाउन सकिन्छ ।

आजको युग छोएर सिक भन्ने युगमा । शिक्षा क्षेत्रलाई पनि विज्ञान प्रविधिमा भएको विकाससँगै अगाडि बढाउनु पर्छ । हाम्रो शिक्षा प्रणाली परम्परागत शैलीमा आधारित भएकोले समयानुकूल शिक्षा नीतिमा परिवर्तन गर्नुपर्ने हुन्छ । आजका पिँढीहरूलाई व्यवहारिक र वैज्ञानिक ढङ्गको ज्ञान, सीप र क्षमता प्रदान गर्न सकेमा मात्र व्यवहारिक शिक्षा प्रदान हुनुका साथै मेचे तथा अन्य बालबालिकालाई विद्यालय तर्फ आकर्षित गरी शैक्षिक सहभागिता बढाउन सकिन्छ ।

शिक्षण सिकाइको क्रियाकलापको मुख्य केन्द्र कक्षाकोठा हो । पाठ्यक्रमका अपेक्षित उद्देश्यहरू प्राप्त गर्नका लागि शिक्षण क्रियाकलाप प्रभावकारी, रुचिपूर्ण र अर्थपूर्ण बनाउन शिक्षकले विभिन्न साधनहरू प्रयोग गर्नु अति आवश्यक देखिन्छ । जस्तैः कक्षाकोठामा श्रव्य, दृश्य, श्रव्य-दृश्य, मुद्रित सामग्रीहरूको प्रयोग गरी शिक्षण गर्ने प्रक्रियाबाट बालबालिकाको व्यवहारिक ज्ञानमा परिवर्तन देखिन्छ । अर्को तर्फ शिक्षकले सबै विद्यार्थीलाई मेरै छोराछोरी हुन भावनाले लैङ्गिक र जातिय विभेद नगरी समान व्यवहार गर्नुपर्छ । साथै कमजोर र मन्द बुद्धि भएका बालबालिकाहरूको पहिचान गरी प्रेरणा, हौसला र पुरस्कार जस्ता साधनहरू प्रयोग गरी शिक्षण गर्नुपर्छ । जसबाट बालबालिकाको शैक्षिक सहभागिता बढाउन सकिन्छ । विद्यालयमा हुने गरेका प्रत्येक सहक्रियाकलाप, अतिरिक्त क्रियाकलाप, अन्तरक्रिया, छलफल, प्रयोगात्मक कार्य, परियोजना कार्य आदि कार्यक्रमहरूमा प्रत्येक बालबालिकाहरूलाई अनिवार्य सहभागी गराउनु पर्छ । विद्यार्थी निरन्तर मूल्याङ्कनलाई आधार लिएर नियमित नभएका र बीचैमा भाग्ने प्रथालाई निर्मूल बनाउन अभिभावकहरूलाई अनिवार्य रुपमा दैनिक वा साप्ताहिक सहभागितामा समावेश गराउनु पर्छ । फलस्वरुप शैक्षिक सहभागितामा उल्लेख्य वृद्धि गराउन सकिन्छ । विद्यालय समय बाहेक अतिरिक्त थप सिकाइको व्यवस्था गर्नुका साथै

बेलाबेलामा भ्रमण, बनभोज, अवलोकन जस्ता कार्यक्रमहरूमा सहभागी गराएर पनि शैक्षिक वृद्धि गर्न सकिन्छ ।

नेपालको अन्तरिम संविधान २०६३, शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ ले प्रत्येक जातिको बालबालिकालाई प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिने व्यवस्था गरेको छ । यसका लागि सरकारको तर्फबाट सम्बन्धित जातिको मातृभाषाको पाठ्यक्रम, पाठ्यपुस्तकका साथै सन्दर्भ सामग्रीको निर्माण गर्नु जरुरी छ । मेचे जातिको सर्न्दभमा मेचे भाषाको पाठ्यपुस्तक निर्माण भइसकेको भएता पनि यसको सफल कार्यान्वयन हुन सकेको छैन । यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गरी सम्बन्धित बालबालिकाहरूलाई विद्यालयमा आउने वातावरण सृजना गर्नुपर्छ । लोपोन्मुख अवस्थामा रहेका बालबासिलकाहरूको पहिचान र अस्तित्व जीवित राख्न राज्यले विभिन्न कार्यक्रमहरू मार्फत सचेतना जगाउनु आजको आवश्यकता हो । पूर्वी नेपालका प्राचीन जातिका रुपमा नेपालको स्थायीत्य जोगाउने मेचे जाति आज आफू लोप हुने अवस्थामा रहेको यस जातिलाई सरकार, संघ-संस्था, राष्ट्रिय, अन्तर्राष्ट्रिय चासोको विषय बनाई अगाडि बढाउनु आजको आवश्यकता हो ।

### ४.५ प्राप्ति

झापाको काँकडभिट्टा स्रोतकेन्द्र अन्तरगत रहेको श्री मेची विद्योदय प्रा.वि. मेची नगरपालिका अन्तर्गत पर्दछन् । मेची विद्योदय प्राथमिक विद्यालयमा अध्ययनरत तीन शैक्षिक सत्र २०६९, २०७० र २०७१ को मेचे तथा अन्य बालबालिकाको छात्र र छात्राको सहितको भर्ना संख्या क्रमशः ६७, ५९, ६१ मध्ये मेचे बालबालिकाको भर्ना संख्या क्रमशः १९ (२८.३५%), १८ (३०.५०%) र १० (१६.३९%) रहेको पाइयो । जसअनुसार अन्य बालबालिकाको संख्या भन्दा मेचे बालबालिकाको संख्या सन्तोषजनक देखिए तापनि प्रत्येक शैक्षिक सत्रमा घट्दो अवस्था देखिन्छ ।

त्यसैगरी बलभद्र उच्च माध्यमिक विद्यालयको तीन वटै शैक्षिक सत्र २०६९, २०७०, २०७१ अध्ययन गर्दा मेचे तथा अन्य बालबालिकाको छात्र र छात्रा सहितको भर्ना संख्या क्रमशः ३००, ३१०, ३०५ मध्ये मेचे बालबालिकाको भर्ना संख्या ७० (२३%), ६५ (२१%) र ५५ (१८%) रहेको पाइयो । जसमा मेचे बालबालिकाको भर्ना संख्या कम देखिन्छ ।

अर्को नमूना विद्यालय श्री ज्यामिरगढी मा.वि.को शैक्षिक सत्र २०६९, २०७०, २०७१ को मेचे तथा अन्य बालबालिकाको छात्र र छात्रा सहितको भर्ना संख्या क्रमशः १७०, १५६ र ११९ मध्ये मेचे बालबालिकाको भर्ना संख्या क्रमशः ३ (१.०७%), १ (०.६४%) र अन्तिम शैक्षिक सत्रमा नरहेको पाइयो । उक्त विद्यालयमा मेचे बालबालिकाको संख्यामा चिन्ताजनक अवस्था देखियो ।

त्यस्तै नमूना विद्यालय श्री दिपेन्द्र प्रा.वि.को तीनवटे शैक्षिक सत्र २०६९, २०७०, २०७१ को मेचे तथा अन्य बालबालिकाको भर्ना संख्या क्रमशः ११४, १४२ र १०५ रहेको पाइयो । मेचे बालबालिकाकको भर्ना संख्या क्रमशः ८५ (७४.४५%), ७५ (५२.८१%), ६० (५७.८१%) रहेको पाइयो र अन्य विद्यालयभन्दा यस विद्यालयको भर्ना अवस्था राम्रो देखिन्छ ।

नमूना विद्यालय श्री पञ्चायत नि.मा.वि. शैक्षिक सत्र २०६९, २०७०, २०७१ को मेचे अन्य बालबालिकाको छात्र तथा छात्राको भर्ना संख्या क्रमशः १०३, १०१ र १२५ मध्ये  मेचे बालबालिकाको भर्ना संख्या क्रमशः २५(२४.२७%), १९(१८.८०%), ३० (२४%) रहेको पाइयो । उक्त विद्यालयमा मेचे बालबालिकाहरूको भर्ना संख्या अन्यको तुलनामा न्यून देखिन्छ ।

नमूना छनौटमा परेका पाँचवटा विद्यालयहरूको शैक्षिक सत्र २०६९, २०७० र २०७१ को परीक्षामा सामेल, उत्तीर्ण अवस्था, कक्षा छाड्ने, दोहोऱ्याउने मेचे बालबालिकाकोम संख्यात्मक अवस्थालाई मूल्याङ्कन गर्दा श्री बलभद्र उ.मा.वि. र श्री दिपेन्द्र प्रा.वि.को भर्ना दर उच्च देखिए तापनि मेचे बालबालिकाहरूको कक्षा छाड्ने र दोहोऱ्याउने दर अन्य बालबालिकाको भन्दा बढी देखियो । श्री ज्यामिरगढी मा.वि.मा भर्ना दरमा कमी देखियो भने पञ्चायतमा पनि अन्य बालबालिकाको भन्दा न्यून देखिन्छ ।

समग्रमा छनौटमा परेका विद्यालयहरूको मेचे बालबालिकाको तीन शैक्षिक सत्रको शैक्षिक सहभागिता अन्य बालबालिकाको तुलनामा सन्तोषजनक पाइए तापनि उनीहरूको भर्ना अवस्था दिनप्रतिदिन घट्दो रुपमा देखियो । परीक्षामा सामेल र उत्तीर्ण अवस्था भने सन्तोषजनक नै पाइयो तर कक्षा छाड्नो अवस्था बढी भएको पाइयो । विद्यालयमा मेचे बालबालिकाको शैक्षिक सहभागिता, नियमितता र निरन्तरताको स्थायित्व नहुँदा झन जटिलता थपेको पाइयो ।

मेचे बालबालिकाको शैक्षिक अवस्था सहभागिता प्रत्येक शैक्षिक सत्रमा बालबालिकाहरू न्यून हुनाका कारणहरू र त्यसलाई प्रभाव पार्ने तत्वहरूको बारेमा पाँचवटा विद्यालयका प्रधानाध्यापक, शिक्षक, बालबालिका, अभिभावक समिति, पदाधिकारीसँगको प्रश्नावली, अन्तर्वार्ता, अन्तरक्रिया, छलफलका प्रश्नउत्तर आदि साधनकोम प्रयोग गरी प्राप्त गरिएको नतिजालाई विभिन्न तालिकामा देखाइएको छ । उक्त तालिका अनुसार बालबालिकाको धारणा घरायसी कामले ८ (८०%), पढ्न मन नलाग्ने ५(५०%) मातृभाषाको माध्यमबाट शिक्षण नहुँदा ८ (८०%), शिक्षको वेवास्ता ५(५०%), गलत साथीको संगलते १ (१०%) रहेको पाइयो । त्यसैगरी अभिभावकको मत अनुसार अभिभावकका चेतनामा कमी ७ (७०%) पारिवारिक पृष्ठभूमि ९ (९०%), आर्थिक अवस्थामा कमी ७ (७०%), मातृभाषा पढाई नहुँदा ८ (८०%) रहेको पाइयो । प्रधानाध्यापकको धारणा अनुसार अभिभावकको चेतनामा कमी ३ (६०%), आर्थिक अवस्था ३ (६०%), भाषागत समस्या २ (४०%) गलत संस्कारको पक्षमा २ (४०%), बालबालिकाको अनियमितता २ (४०%) रहेको पाइयो । त्यस्तै शिक्षकको धारणा अनुसार कमजोर आर्थिक अवस्था ५ (५०%), चेतनाको कमी ९ (९०%), मातृभाषा शिक्षण नहुँदा ७ (७०%), घरायसी काम २(२०%), पढ्न मन नलागेर २(२०%), पाइयो । त्यसैगरी विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको धारणा व्यक्त गर्दा आर्थिक स्थिति ८ (८०%), सामाजिक संस्कारमा अल्मलिनु ५(५०%), चेतनाको कमी ९ (९०%), सुविधाहरूको कमी ७ (७०%), रहेको पाइयो । स्रोत व्यक्तिको धारणा अनुसार अभिभावकको चेतनामा कमी ३ (१००%), आर्थिक अवस्था, भाषागत समस्या, शिक्षकको वेवास्ता र साथीभाईको गलत संगत आदिले मेचे बालबालिकाहरू शैक्षिक सहभागितामा कमी भएको पाइयो ।

मेचे बालबालिकाको शैक्षिक सहभागिता घट्दो अवस्थामा रहनुका कारणहरू र तत्वहरूको विश्लेषण गर्द ५८ जना उत्तरदाताहरू मध्ये १७ जना (२९.३१%) ले कमजोर आर्थिक अवस्था भन्ने धारणा व्यक्त गरे । त्यसै गरी २५ जना (४३.१०%) ले भाषागत समस्या, ३१ जना (५३.४४%) ले अभिभावको चेतनामा कमी, घरायसी कामले २१ जना (३६.२०%), कमजोर विद्यार्थी वेवास्ता गर्नु २१ जना (३६.२०%), ले विद्यालयमा शैक्षिक सामग्री तथा सुविधाको कमीले मेचे बालबालिकाहरूको शैक्षिक सहभागितामा वर्षेनी न्यून हुँदै जाने अवस्था रहेको प्रतिक्रिया प्राप्त भयो । नमूना विद्यालयहरूको

नेपाल सरकारबाट प्रदान गरिने निशुल्क पाठ्यपुस्तक ५०% छात्रा छात्रवृत्ति, दलित, सीमाकृत छात्रवृत्ति, मेचे तथा अन्य बालबालिकाहरूलाई वितरण गरेको पाइयो । प्रत्येक विद्यालयमा बालबालिकाहरूलाई पोशाकको साथै दिवा खाजाको समेत व्यवस्था गरेको पाइयो । त्यसैगरी स्थानीय संघ-संस्था र अन्य समूहरूले पनि समयसमयमा भौतिक, आर्थिक, मानसिक सहयोग गरेको देखियो ।

मेचे बालबालिकाहरूको शैक्षिक सहभागिता बढाउनको लागि सम्बन्धित सरोकारवालाहरू पक्षहरूले छात्रवृत्ति, आर्थिक सहयोग प्रदान गर्नु पर्ने, अभिभावकको आयमूलक कार्यक्रमहरू सञ्चालन गरी आर्थिक अवस्था सुधार्नु पर्ने व्यवसायिक तथा प्राविधिक शिक्षामा जोड दिनुपर्ने, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने, विशेष पुरस्कार, प्रेरणा, हौसला प्रदान गर्नु पर्ने, आमा/बुबा तथा सरोकारवाला पक्षसँग अन्तरक्रिया गराउनु पर्ने, मातृभाषाको माध्यमबाट पठन-पाठनको व्यवस्था गर्नुपर्ने, अङ्ग्रेजी माध्यमबाट पनि पठनपाठन गर्नु पर्ने, शिक्षा नीतिलाई समयानुकुल परिवर्तन गर्दै जानु पर्ने आदि उपायहरू अवलम्वन गरेको पाइयो ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

सरकार र विभिन्न संघसंस्थाले 'शिक्षाको अवसर हरेक बालबालिकालाई' भनी घोषणा गरेपनि विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको पहुँचमा पुऱ्याउने लक्ष्यमा कमी आएको देखिन्छ । वर्षेनी सामुदायिक विद्यालयका बालबालिकाहरूको संख्या घट्दैन जाने, कक्षा छाड्ने प्रवृत्ति देखियो । अध्ययनको क्रममा वस्तुगत तथा यथार्थ, तथ्यपरक तथ्याङ्क सङ्कलन ३ वटा स्रोतकेन्द्रका ५ वटा नमूना विद्यालयहरूको मेचे बालबालिकाहरूको भर्ना अवस्था थोरै मात्रामा सन्तोषजनक पाइए तापनि धेरै मात्रामा चिन्ताजनक देखियो । त्यस्तै कक्षा छाड्ने, परीक्षामा सामेल मेचे बालबालिकाहरूको भर्ना भएको संख्या भन्दा कम भएको देखियो । त्यसैले मेचे बालबालिकाको भर्ना अवस्थामा कमी आउने र बीचैमा कक्षा छाड्ने समस्या वर्तमान अवस्थाको टड्कारो समस्या देखिन्छ ।

सामुदायिक विद्यालयको प्राथमिक तहमा मेचे बालबालिकाहरूको शैक्षिक अवस्था न्यून हुनका कारण तथा प्रभावहरूमा आर्थिक अवस्था कमजोर, अभिभावकको जनचेतनामा कमी, पारिवारिक पृष्ठभूमि, मातृभाषाको माध्यमबाट शिक्षण नहुनु, समयानुकुल शिक्षण वातावरण नहुनु, साथीभाईको गलत संगत, भौतिक तथा शैक्षिक सुविधाको अभाव, सामाजिक सांस्कृतिक पक्ष, अस्पष्ट शिक्षा नीति जस्ता पक्षहरू रहेको पाइयो ।

सामुदायिक विद्यालयमा बालबालिकाको सहभागिता बढाउनको लागि सरकारले निशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, पोशाकहरू वितरण गरेको पाइयो । प्राथमिक तहमा मेचे तथा अन्य बालबालिकालाई सरकारले ५०% छात्रा छात्रवृत्ति, दलित सिमान्तकृतलाई १००% छात्रवृत्ति प्रदान गरेको पाइयो । केही विद्यालयहरूमा खानेपानी, छात्र/छात्रा शौचालय, झोला, पोशाक आदि भौतिक सुविधाहरू प्रदान गरेको पाइयो । तर मेचे बालबालिकाहरूलाई सरकारले दिने भत्ता स्थानीय निकाय आफैले बाढ्ने व्यवस्था भएकोले एकद्वार प्रणाली नभएको भन्ने गुनासो विद्यालय परिवारबाट जानकारी प्राप्त भयो ।

मेचे बालबालिकाहरूको शैक्षिक सहभागितामा मुख्य अवरोधको रुपमा रहेको अभिभावकमा जनचेतनाको अभावलाई प्रवोधिकरण गर्न अनौपचारिक शिक्षाका कार्यक्रमहरू राख्नु पर्छ, मेचे अगुवा व्यक्तिहरूलाई समितिमा समावेश गर्नु पर्छ साथै शिक्षाको महत्व कार्यक्रम घरदैलौसम्म पुऱ्याउनु पर्छ । मेचे बालबालिकाहरूलाई आकर्षित गर्न छात्रवृत्ति, पोशाक, शैक्षिक सामग्री, आर्थिक सहयोग, यातायातको सुविधा गर्नुका साथै पुरस्कार, प्रेरणा, हौसला र बालमैत्रीपूर्ण व्यवहार समतामूलक शिक्षा, आदि कार्यक्रमले बालबालिकाको निरन्तर र सक्रिय शिक्षण सिकाइ प्रभावकारी हुन्छ । विद्यालयमा गरिने साप्ताहिक अतिरिक्त क्रियाकलापहरूले बालबालिकामा अन्तरनिहित प्रतिभाहरू प्रस्फुटन गर्न सहयोग मिल्छ । जातिगत बाहुल्यता रहेका विद्यालयमा बहुभाषी बालबालिकाहरूको मातृभाषाको माध्यमबाट शिक्षण गर्न सकेमा शैक्षिक सहभागिता वृद्धि गर्न सकिन्छ । त्यसकारण समयसापेक्ष पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता हो । देश अनुकुल भौगोलिक र आर्थिक अवस्थालाई मध्यनजर गर्दै व्यवसायिक तथा प्राविधिक शिक्षामा जोड दिदै प्रगतिका बाटाहरू पहिल्याउने प्रयास गर्न सकेमा पक्कै मेचे बालबालिकाहरूको शैक्षिक सहभागिता बढ्ने सम्भावना देखिन्छ ।

## ५.२ सुझावहरू

शोधकार्य गर्ने क्रममा अध्ययन अनुसन्धानबाट प्राप्त परिणामको आधारमा नीत निर्माण गर्ने तहमा रहेका सम्बन्धित सरोकारवाला कक्षादेखि कार्यान्वयन गर्ने तहसम्म र व्यवहार परिवर्तन गर्ने बालबालिकाहरू माझमा रहेका सम्पूर्णका लागि सुझावहरू प्रस्तुत गरिएको छ । साथै सम्बन्धित शीर्षकको अध्ययनको विषयसँग सम्बन्धित रहेर खोज अनुसन्धान गर्न चाहने पक्षहरूका लागि सुझावहरू प्रस्तुत गरिएको छ । मेचे बालबालिकाको शैक्षिक सहभागितामा घट्दो क्रमका कारण त्यसलाई प्रभाव पार्ने तत्वहरूदेखि लिएर ति बालबालिकाको शैक्षिक सहभागिता बढाउनु पर्ने उपायहरू सम्बन्धित नीतिगत तह, अभ्यासगत तह, अनुसन्धानात्मक तहमा निम्न अनुसार सुझाव प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

अभिभावकको चेतनामा कमी भएका कारण मेचे बालबालिकाको शैक्षिक सहभागिता घट्दो क्रममा देखिन्छ । सरकारले विभिन्न किसिमका अल्पकालीन

कार्यक्रमहरू (छात्रवृत्ति, भत्ता) नल्याई भरपर्दो र दीर्घकालीन आर्थिक स्रोतको खोजी गरी योजना र जीवनोपयोगी र निर्वाहमुखी रोजगारको व्यवस्था गर्नुपर्छ । उनीहरूमा गर्दा खाने होइन, गरी खाने सोचमा परिवर्तन ल्याउनु पर्छ । त्यस्तै लक्षित समूहलाई किटान गरी त्यस क्षेत्रमा आयमूलक र रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरी हरेकलाई रोजगारका अवसरहरू दिनुपर्दछ ।

अध्ययनरत मेचे बालबालिकालाई छात्रवृत्ति सहित भत्ताको व्यवस्था, पोशाक, खाजाको व्यवस्था साथै उच्च तहसम्मको अध्ययनको लागि निशुल्क व्यवस्था, प्राविधिक विषयतर्फ विशेष जोड दिनुपर्ने मातहतका निकायहरू मार्फत नीति नियमहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । शिक्षित मेचे जातिका व्यक्तिलाई राज्यको विभिन्न निकायमा निम्न तहदेखि उच्च तहसम्म योग्यता अनुसारको स्थान दिई नीति निर्माणमा समेत सहभागिता गराउनु पर्ने देखिन्छ ।

भाषिक समस्याको कारणबाट मेचे बालबालिकाको शैक्षिक सहभागिता घट्दो क्रममा हुँदा प्राथमिक तहको शिक्षा प्रदान गर्न सरकारले मातृभाषाको पाठ्यक्रम पाठ्यपुस्तकको कार्यान्वयनको लागि मातहतका निकायले सर्वोच्चवाला पक्षसँग छलफलमा ध्यान दिनुपर्ने देखिन्छ । साथै मातृभाषाको भाषा विद्यालय अनौपचारिक भाषिक कार्यक्रम ल्याउनु पर्ने कुरामा जोड दिनुपर्ने देखिन्छ ।

मेचे जातिमा शिक्षा र चेतनाको अभावका कारणले आफ्ना नानीहरूलाई सामुदायिक विद्यालय पठाउनमा तुलनात्मक सोचलाई न्यूनिकरण गर्न राज्यले विभिन्न किसिमका शिक्षाका कार्यक्रमहरू (प्रौढ शिक्षा, महिला शिक्षा, साक्षरता शिक्षा, लोपोन्मखु शिक्षा) ल्याउन योजना वा नीति निर्माण सरकारी तहबाट गर्नुपर्छ । परम्परागत शिक्षा नीतिलाई व्यवहारिक र समयानुकुल परिवर्तन गर्दै सरकारले शिक्षा ऐन नियमावली संशोधन तथा परिवर्तन गरेर वा पाठ्यक्रम नै समय अनुकुल बनाएर पूर्वप्राथमिक तहदेखि नै व्यवहारिक र व्यवसायिक शिक्षा भए छिट्टै राज्यले कोल्टे फेर्ने देखिन्छ ।

**५.२.२ अभ्यासगत तह**

मेचे जाति हरेक क्षेत्रमा पछि परेकोले यस जातिको उत्थान, संरक्षण तथा संवर्द्धनका लागि बनेका ऐन, कानुन तथा नियमहरूलाई समयानुकुल संशोधन र परिवर्तन गरी पूर्ण रुपमा कार्यान्वयन तथा अभ्यासमा ल्याई यस जातिका बालबालिकालाई सरकार तथा विद्यालयको तर्फबाट छात्रवृत्ति, शैक्षिक सामग्री, पोशाक, खाजा, यातायात आदि सुविधाहरू उपलब्ध हुनुपर्छ । प्रधानाध्यापकले विद्यालयको

प्रशासनिक कार्य, शैक्षिक वातावरण शान्त तथा बालमैत्री बनाउन तर्फ ध्यान दिनुपर्ने हुन्छ । शिक्षकले तालिममा सिकेका ज्ञान, सीप, अभिवृद्धिलाई बालबालिको रुची चाहना, क्षमताको आधारमा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्छ । जटिल किसिमका बालबालिका पहिचान गरी समयमा नै सुधारका लागि उपचारात्मक विधि अपनाउनु पर्ने हुन्छ ।

मेचे बालबालिकाको शैक्षिक सहभागिता बढाउन सबै कक्षाको विद्यार्थी प्रोफाइल तयार गर्नुपर्ने, विद्यालयमा सबै प्रकारका आचारसंहिता तयार गरीम पूर्ण रुपमा पालना गर्नुपर्ने, पुस्तकालय स्थापना गरी बालबालिकालाई अध्ययनशील बनाउनु पर्ने, शैक्षिक पात्रो निर्माण गरी अभिभावक बालबालिकाहरूलाई विद्यालयका वार्षिक कार्यक्रमको नियमित जानकारी गराउनु पर्ने, परियोजना कार्य, एकाई, साप्ताहिक, त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने, विभिन्न किसिमका क्रियाकलापहरूमा सहभागी गराउन प्रोत्साहन दिनुपर्ने, राम्रो नतिजा ल्याउन हौसला प्रदान गर्नुपर्ने, कक्षा नछाड्ने वातावरण बनाउनका लागि दिवा खाजाको व्यवस्था, अभिभावकलाई दैनिक अनुगमनको व्यवस्था, बालबालिकाहरूबीच विभेदरहित व्यवहार गर्नुपर्ने, शैक्षिक जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी सचेत, जागरुक र कर्मठ नागरिक बनाउनु पर्छ । अनिमात्र देशको शैक्षिक अवस्थाले खुड्किलो थप्नेछ । अभिभावकलाई शिक्षाको महत्वबारे बताउन विद्यालयमा मासिक रुपमा आमा/बुबा भेला गराउनु अनिवार्य देखिन्छ । समुदायमा रहेका आमा वा विवाहित दिदीबहिनीहरूलाई उच्च शिक्षा अध्ययन गर्नु पर्ने कुरामा जोड दिनुपर्छ । अनिमात्र शैक्षिक सहभागितामा वृद्धि गर्न सकिन्छ । मेचे बालबालिकाको शैक्षिक स्तर उकास्न व्यवस्थापन समिति शिक्षक अभिभावक संघले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा सांस्कृतिक पक्षलाई सुदृढ गर्नुपर्ने देखिन्छ । साथै बालबालिकाहरूलाई अहिलेको नयाँ पविधिको युग अनुसारको शिक्षा प्रणालीमा जोड दिई हरेक कक्षामा कम्प्युटरबाट शिक्षण सिकाइ क्रियाकलापको व्यवस्था हुनुको साथै कृषि पेशालाई स्थायित्व प्रदान गर्न कृषि प्रयोगशाला विद्यालयमा लागु गर्नु पर्ने देखिन्छ ।

बीचैमा कक्षा छाड्ने र नियमित विद्यालय नजाने बालबालिकाहरूलाई नियमितता र प्रभावकारी सिकाइ गर्नको लागि अतिरिक्त कक्षाको व्यवस्थामा जोड दिनका लागि विभिन्न पक्षहरूसँग गोष्ठी, तालिम, छलफल, सञ्चालन गरी समाधानका उपायहरू अवलम्बन गर्नुपर्छ ।

सम्बन्धित विद्यालयका विद्यालय निरिक्षक, स्रोतव्यक्तिले वर्तमान निरिक्षण प्रणालीमा सुधार गर्नुपर्ने, अनुगमन नियमित गर्नुपर्ने, प्रधानाध्यापक तथा शिक्षकहरूलाई सकारात्मक सल्लाह, सुझाव तथा शैक्षिक परामर्शमा जोड दिनुपर्छ । शिक्षा कार्यालय र श्रोतकेन्द्रले शिक्षकहरूको पेशागत दक्षतालाई कदर गर्दै दीर्घकालीन शिक्षण सिकाइ र राजनीतिक रहित बिचारलाई अगाडि बढाउनु पर्छ । पेशागत लापरवाही पाइएमा दण्ड सजायको पनि नीति अवलम्वन गर्न राज्यले पछि हट्नु हुँदैन ।

**५.२.३ अनुसन्धानात्मक तह**

मेचे बालबालिकाको शैक्षिक सहभागिता बढाउन सम्बन्धित सरोकारवालाहरूसँग छलफल, गोष्ठी, सेमिनार, तालिम सञ्चालन गरी बालबालिकाहरूको समस्याहरू पहिचान गरी न्यूनीकरण उपायहरूका लागि विशेष पहल गर्नु आवश्यक छ । सरकारको तर्फबाट विभिन्न अन्वेषण, अनुसन्धान तथा खोजकार्य गर्न भौतिक, शैक्षिक तथा प्राज्ञिक सहयोगको व्यवस्था गर्नुपर्छ ।

यो शोध मुलतः झापा जिल्ला अन्तर्गत ३ वटा स्रोतकेन्द्रका ५ वटा सामुदायिक विद्यालयका प्राथमिक तहमा मात्र सिमित रहेकोले राष्ट्रिय स्तर र माथिल्लो तहमा समेत अध्ययन अनुसन्धान गरी राज्यलाई लोपोन्मुख अवस्थाका तथा अन्य बालबालिकाहरूको शैक्षिक गुणस्तरमा सुधार्नुपर्ने अवसरहरू मिल्ने देखिन्छ ।

प्रस्तुत अध्ययन प्राथमिक तहमा मेचे तथा अन्य बालबालिकाहरूको शैक्षिक सहभागिता के कस्तो छ भनी तथ्यगत अनुसन्धान गर्नका लागि यस विषयसँग नजिक भएर वस्तु स्थितिसँग भिज्न सक्ने क्षमता लिएर सामाजिक कार्यकर्ता, राजनीतिक व्यक्ति, गैर सरकारी संघसंस्था, प्रशासन साथै सम्बन्धित समुदायका जनसंख्याहरूलाई सहभागी गराएर अध्ययन अनुसन्धान गर्न सकेको खण्डमा बढी परिणाममुखी र यथार्थपरक बनाउन सकिन्छ ।

यो अध्ययन अनुसन्धान सीमित क्षेत्रमा रहेका मेचे तथा बालबालिकाहरूको भर्ना संख्या, कक्षा छाड्ने र दोहोऱ्याउने अवस्थाको वस्तुनिष्ठ र तथ्यपरक विवरणहरूको तालिकीकरण गरी प्राथमिक शिक्षा प्राप्तिमा प्रभाव पार्ने तत्वहरूको स्थलगत भ्रमणमा रहेर खोजी कार्य गरी समाधानका उपायहरू निकालिएको छ । यो शोध कार्यबाट प्राप्त नतिजालाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरसम्म पहिचान गर्ने अवसर प्रदान गर्छ । यो अनुसन्धान कार्यलाई अन्तिम रुप दिंदै मेचे तथा अन्य बालबालिकाहरूको शैक्षिक उपलब्धि तथा स्तरसँग सम्बन्धित रहेर अध्ययन गर्ने व्यक्ति, संघसंस्था, निकायहरूलाई सन्दर्भ सामग्रीको रुपमा स्वीकार्य हुन्छ भन्ने पूर्ण विश्वास छ ।

# सन्दर्भ सामग्री

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (२०६४/०६५ - २०६६/०६७), *आदिवासी जनजाति सम्बन्धी व्यवस्था,* काठमाडौं ।

ऋग्वेद, प्रज्ञा, वर्ष २६, पूर्णाङ्क २८ (२०५१), *मेचे जातिको संस्कार परिचय,* काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ए. क्याम्पवेल (१८४६), *नोट्स अन दि मेचीज इन ल्याङ्गुएज एण्ड रिलिजन्स,* कलकत्ता, एसियाटिक सोसाइटी ।

एफ.बी. ह्यामिल्टन (१९९०), *एन एकाउण्ट अफ दि किङ्डम अफ नेपाल,* न्यू दिल्ली, एशियन बुक्स सर्भिस ।

खनाल घनश्याम (२०३५), *झापाको मेचे जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अध्ययन,* अप्रकाशित लघुअनुसन्धान, पोखरा, त्रि.वि. सामाजिकशास्त्र अध्ययन संस्थान ।

ग्रेहर्सन, जी. ए. (१९२७), *लिङ्ग्युष्टिक सर्भे अफ इण्डिया,* कलकत्ता, तिब्बत बर्मन फेमिली मोल सेण्टर पब्लिकेशन ब्राञ्च ।

चौधरी, भूपेन्द्रनाथ (१९७२), *एम. ए. सोणर,* आसाम, बरुण लयर्स बुक्स स्टल, गौवाहटी ।

दाहाल, जनार्दन (२०५७), *मेचे जाति : एक अध्ययन,* अप्रकाशित शोधपत्र, काठमाडौं, त्रि.वि. इतिहास केन्द्रीय विभाग, कीर्तिपूर ।

नार्जरी, विद्यासागर (२००९), *नेपालानी मेचेफोर,* आसाम, गुवाहटी ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (२०४२), *पिछडिएका जाति तथा जनजातिको सामाजिक तथा आर्थिक प्रतिवेदन,* ललितपुर, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ।

बाबरी त्रैमासिक, वर्ष २, अङ्क १ (साउन २०५६), *नेपाली साहित्य, कला, संस्कृति,* काठमाडौं, बानेश्वर ।

बी. एच. हड्सन (१८८०), *मिस्सेलिनियस एस्से : रिलेशन टु इण्डियन सब्जेक्ट्स,* लण्डन, हुवनर एण्ड कम्पनी ।

बैसागु (७ - ९ मई, २००९), *मेचे जातिको उत्पत्ति,* आसाम ।

मछाहारी, भुवनलाल (२०६०), *मेचे जातिको चिनारी,* काठमाडौं ।

मेचे, सन्तलाल (२०६८), *मेचे इतिहास र संस्कृति,* अप्रकाशित शोधपत्र, काठमाडौं, त्रि.वि.समाजशास्त्र/मानवशास्त्र विभाग, कीर्तिपूर ।

मेचे, सन्तलाल ( ), *सिरिजंगा र बाबरी,*

श्रेष्ठ, कृष्णप्रसाद (२०४४), *स्थान नामकोष,* काठमाडौं ।

श्रेष्ठ, लोकबहादुर (२०५७), *मेचे (वोडो) जातिको सामाजिक, आर्थिक अवस्था,* अप्रकाशित शोधपत्र, ललितपुर, पाटन संयुक्त क्याम्पस ।

श्रेष्ठ, स्वयम्भुलाल (२०३२), *हाम्रो गरिमा,* झापा, अवलोकन प्रकाशन ।

सर्भेक्षण परियोजना (२०६५), *नेपाली लोकवार्ता तथा लोकजीवन,* काठमाडौं ।

सर्भेक्षण प्रतिवेदन (२०५१), *नेपालका केही जातिहरुको सामाजिक - आर्थिक अवस्था,* काठमाडौं, त्रिपुरेश्वर ।

# प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता

## अनुसूची १

## प्रधानाध्यापकका लागि प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

प्रधानाध्यापकको नाम : लिङ्ग :

शैक्षिक योग्यता : शिक्षण अनुभव :

१. तपाईको विद्यालयमा कुन जातिको बालबालिकाको सहभागिता बढी छ ?

(क) ब्राह्मण (ख) जनजाति (ग) सिमान्तकृत (घ) अन्य

२. तपाईंको विद्यालयमा बालबालिकाको भर्नाको स्थिति कस्तो रहेको छ ?

(क) २५% (ख) ५०% (ग) ५०% भन्दा बढी (घ) ६०% भन्दा बढि

३. बालबालिकामा छात्र र छात्रा मध्ये कस्को सहभागिता बढी छ ?

(क) छात्र (ख) छात्रा (ग) दुवै (घ) कुनै पनि होइन

४. तपाईंको विद्यालयमा प्राथमिक तहमा मेचे जातिका बालबालिकाहरूको सङ्ख्या अन्य जातिको तुलनामा कति प्रतिशत रहेको छ ?

(क) १५% (ख) २०% (ग) २५% (घ) २५ भन्दा माथि

५. प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता बढाउन विद्यालयप्रति समुदायको धारणा कस्तो रहेको छ ?

(क) सकारात्मक (ख) नकारात्मक (ग) सामान्य (घ) कुनै धारणा नै छैन

६. अन्य बालबालिकाको तुलनामा मेचे बालबालिकाको कक्षामा उपस्थिति कसतो छ ?

(क) नियमित (ख) न्यून (ग) अरु भन्दा कम (घ) बराबर

७. दैनिक रुपमा मेचे बालबालिका उपस्थित नहुने कारण के के हुन सक्छन् ?

(क) आर्थिक समस्या (ख) परीक्षामा बारम्बार असफल हुनु

(ग) कक्षागत उमेर नमिल्नु (घ) चेतनाको कमी

८. मेचे बालबालिकाहरूको शैक्षिक उपलब्धी अन्य बालबालिकाको तुलनामा कस्तो छ ?

(क) अति उत्तम (ख) उत्तम (ग) सामान्य (घ) न्यून

९. प्राथमिक तहमा रहेका विद्यार्थीमध्ये मेचे बालबालिकाको स्तर कस्तो छ ?

(क) निकै राम्रो (ख) राम्रो (ग) सामान्य (घ) कमजोर

१०. सबै जातिका बालबालिकालाई विद्यालय भर्ना गराउने उपायहरू के कस्ता हुन सक्छन् ?

(क) छात्रवृत्तिको व्यवस्था (ख) खाना, पेन्सिल, झोलाको व्यवस्था

(ग) अभिभावकको शैक्षिक भेला (घ) घरदैलो कार्यक्रम (ङ) माथिका सबै

११. मेचे बालबालिकाको प्राथमिक तहमा कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने, सफल, असफल के कस्तो अवस्था रहेको छ ?

(क) कक्षा दोहोऱ्याउने अवस्था बढी (ख) कक्षा छाड्ने अवस्था बढी

(ग) असफल हुने बढी (घ) स्थानान्तरण गर्ने बढी

१२. मेचे जातिका बालबालिकालाई विद्यालय भर्ना गराउन छुट्टै व्यवस्था गर्नु पर्छ वा पर्दैन ? पर्छ भने के के सुझावहरू अपनाउनु पर्ला ?

१. ...........................................................................................................

२. ...........................................................................................................

३. ...........................................................................................................

१३. विद्यालय बाहेक अन्य संघ संस्थाबाट बालबालिकालाई के कस्ता रणनीति आएका छन् ?

१. ...........................................................................................................

२. ...........................................................................................................

३. ...........................................................................................................

१४. मेचे र अन्य बालबालिकाको शैक्षिक स्थितिको जानकारी के कस्तो देखिन्छ ?

१. ...........................................................................................................

२. ...........................................................................................................

३. ...........................................................................................................

१५. बालबालिकाहरूको शैक्षिक स्थिति बढाउन के कस्ता योगदानहरू अपनाउनु भएको छ ? ति के के हुन् ?

१. ...........................................................................................................

२. ...........................................................................................................

३. ...........................................................................................................

# प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता

## अनुसूची-२

## शिक्षकका लागि प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

शिक्षकको नाम र ठेगाना :

१. तपाईंको विद्यालयमा मेचे समुदायका मानिसहरूको शिक्षाप्रति कस्तो चासो रहेको छ ?

(क) उत्साहपूर्ण (ख) सामान्य (ग) न्यून (घ) निस्कृय

२. तपाईंले अध्यापन गर्ने विद्यालयमा मेचे जातिका बालबालिकाको भर्ना व्यवस्था कस्तो छ ?

(क) उच्च (ख) मध्यम (ग) न्यून (घ) कुनै पनि होइन

३. कुन कारणले मेचे बालबालिकाहरू कक्षामा न्यून उपस्थिति र कक्षा दोहोऱ्याउने गर्दछन् ?

(क) घरायसी काम बढी भएकोले (ख) गरिबीको कारणबाट

(ग) अन्य घरबाट आउनु परेकोले (घ) अभिभावकले उचित वातावरण नदिएकोले

४. बालबालिकाको सिकाइमा प्रभाव पार्ने तत्वहरू मध्ये यस विद्यालयको सन्दर्भमा कुन चाहि बढी महत्वपूर्ण छ ?

(क) वंशानुगत (ख) वातावरण

(ग) आर्थिक व्यवस्था (घ) भाषागत समस्या

५. बालबालिकाहरूलाई विद्यालयमा १०-४ बजे सम्म राख्न कुन कदम बढी प्रभावकारी हुन्छ ?

(क) दिवा खाजाको व्यवस्था (ख) मनोरञ्जनात्मक क्रियाकलाप

(ग) अन्य व्यवस्था (घ) शैक्षिक सामग्रीको व्यवस्था

६. बालबालिकालाई सिकाइमा उत्प्रेरित गर्न तपाईं के कस्तो क्रियाकलाप गर्नुहुन्छ ?

(क) प्रश्नोत्तर विधि (ख) प्रयोगात्मक विधि (ग) खेल विधि (घ) अन्य

७. कक्षामा छात्र वा छात्र कस्को बढी उत्तीर्ण अवस्था देखिन्छ ?

(क) छात्र (ख) छात्रा (ग) दुवै (घ) बराबर

८. विद्यालयको अतिरिक्त कार्यक्रमहरूमा मेचे अभिभावकको उपस्थिति कतिको पाउनु हुन्छ ?

(क) उच्च (ख) सामान्य (ग) न्यून (घ) निस्कृय

९. तपाईंको कक्षामा मेचे बालबालिकाहरूको कक्षागत सक्रियता कतिको छ ?

(क) तिक्ष्ण (ख) सामान्य (ग) मन्द (घ) शुस्त

१०. मेचे बालबालिकाहरूको सहभागितामा कमी हुनाका कारणहरू मध्ये कुन कारण महत्वपूर्ण छ ?

(क) आर्थिक कारण (ख) सामाजिक कारण (ग) पारिवारिक कारण (घ) माथिका सबै

११. कक्षा छाड्ने अवस्था निराकरण गर्न के के कदम चाल्नु भएको छ ?

(क) अतिरिक्त क्रियाकलापमा जोड दिने (ख) अतिरिक्त कक्षाको व्यवस्था गर्ने

(ग) खाजाको व्यवस्था गर्ने (घ) सचेतना अभियान चाल्ने

१२. मेचे बालबालिकाहरूको सहभागिता बढाउन विद्यालयले के कस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ला ?

(क) मनोरञ्जनात्मक शिक्षण (ख) घरदैलौ कार्यक्रम

(ग) खाजाको व्यवस्था (ग) भर्ना स्वागत कार्यक्रम

१३. कक्षा व्यवस्थापन समितिको गठन गर्नुभएको छ ? छैन भने किन ?

१४. तपाईंको विद्यालयमा शैक्षिक सहभागिताको स्थिति कस्तो रहेको छ ?

(क) जनजाति संख्या बढी (ख) दलित संख्या बढी

(ग) मेचे जाति बढी (घ) माथिका सबै

१५. कक्षाको बीचमा कक्षा छाड्ने र पुनः उही कक्षा दोहोऱ्याउने बालबालिका छन् कि छैनन ? छन् भने किन ?

(क)..........................................................................................................

(ख)..........................................................................................................

(ग) ..........................................................................................................

१६. विद्यालयको बाल क्लबले के कस्ता क्रियाकलाप गरेको देखिन्छ ?

(क)..........................................................................................................

(ख)..........................................................................................................

# प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता

## अनुसूची-३

## अभिभावकका लागि अन्तर्वार्ताका प्रश्नहरू

अभिभावकको नाम : पेशा :

ठेगाना :

१. तपाईंको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

(क) ३ जना (ख) ४ जना (ग) ५ जना (घ) ६ जना

२. तपाईंको घरबाट विद्यालय कति दुरिमा छ ?

(क) १ कि. मि. (ख) १.५ कि.मि. (ग) २ कि. मि. (घ) अन्य कुनै

३. तपाईंका बालबच्चा विद्यालय जान कत्तिको रुची राख्छन् ?

(क) नियमित (ख) कहिलेकाही (ग) रुचि नै राख्दैनन् घ)विद्यालयमा भर्ना नगर्ने

४. तपाईंका नानीहरू विद्यालयको समय बाहेक के के काम गर्न रुचाउँछन् ?

(क) खेल्न र भाइबैनी हेर्न (ख) अध्ययन र विद्यालय गृहकार्य गर्न

(ग) कम्प्युटर चलाउन र गेम खेल्न (घ) अन्य

५. तपाईका नानीहरूलाई विद्यालय आउन के कस्ता समस्याहरू छन् ?

(क) गरिवीको कारणबाट भर्ना नगरेकोले (ख) विद्यालयमा रुचीपूर्ण व्यवहार नभएकोले

(ग) लामो दुरिमा विद्यालय भएकोले (घ) साथीहरू बीच झगडा हुने भएकोले

६. शिक्षक-अभिभावक संघले कस्तो काम गरोस् भन्ठान्नुहुन्छ ?

(क) विद्यार्थी नियमितता (ख) प्रभावकारी सिकाइ

(ग) शैक्षिक सामग्रीको उचित प्रयोग (घ) माथिका सबै

७. बालबालिकालाई विद्यालय वा सरकारले के कस्तो सुविधा दिएको छ ?

(क) छात्रवृत्ति (ख) निशुल्क पाठ्यपुस्तक

(ग) निशुल्क भर्ना व्यवस्था (घ) माथिका सबै (ङ) अन्य

८. सरकारले घोषणा गरेका कार्यहरू सहभागिता बढाउने कुरा के कसरी लागु गर्नु भएको छ ?

(क) थप छात्रवृत्ति व्यवस्था (ख) कार्यान्वयन नीतिको सही प्रयोग

(ग) सचेतना कार्यक्रम (घ) विशेष पुरस्कार, प्रेरणा र हौसला कार्यक्रम

९. विद्यालयले विद्यार्थी सहभागिता बढाउन के प्रयास गर्नु पर्ला ?

(क) अभिभावक भेला अन्तरक्रिया (ख) छात्रवृत्तिको सही वितरण

(ग) खेल सामग्री व्यवस्था (घ) विद्यालय परिवारका सक्रियता बढाउने

१०.तपाई आफ्नो पेसाको आम्दानीबाट बालबालिकाका लागि के के काममा खर्च गर्नुहुन्छ ?

(क)..........................................................................................................

(ख)..........................................................................................................

(ग) ..........................................................................................................

११.आफ्ना बालबालिकाहरू विद्यालय गए नगएको बुझ्न कति पटक विद्यालय जानुहुन्छ ?

(क)..........................................................................................................

(ख)..........................................................................................................

(ग) ..........................................................................................................

१२.तपाईंको समुदायमा मेचेको शैक्षिक, आर्थिक, सामाजिक हैसियतमा पहिले र अहिलेमा के कस्तो परिवर्तन पाउनु भएको छ ?

(क)..........................................................................................................

(ख)..........................................................................................................

(ग) ..........................................................................................................

१३. बालबालिकाको शिक्षामा सहभागिता बढाउन तपाईंको समुदायले के कस्तो भुमिका खेल्नुपर्छ ?

(क)..........................................................................................................

(ख)..........................................................................................................

(ग) ..........................................................................................................

# प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता

## अनुसूची-४

## विद्यार्थीका लागि अन्तर्वार्ताका प्रश्नहरू

विद्यालयको नाम : कक्षा :

विद्याथीको नाम : उमेर :

ठेगाना :

१. तपाईंको नाम के हो ?

.......................................................................................................

२. कति कक्षामा पढ्नुहुन्छ ?

(क) २ (ख) ३ (ग) ४ (घ) ५

३. तपाईंको घरबाट विद्यालय आइपुग्न कति समय लाग्छ ?

(क) आधा घण्टा (ख) १५ मिनट (ग) १ घण्टा (घ) अन्य

४. तपाई पढेर भविष्यमा के बन्ने इच्छा छ ?

(क) डाक्टर (ख) समाजसेवी (ग) शिक्षक (घ) अन्य

५. विद्यालयमा पढ्न जान कतिको मन पर्छ ?

(क) सँधै जान मन लाग्छ (ख) कहिलेकाही मात्र (ग) आउदिन (घ) अन्य

६. तपाईंको कक्षामा कुन जातिको बालबालिकाहरू बढी छन् ?

(क) जनजाती (ख) दलित (ग) अन्य (घ) माथिका सबै

७. तपाईको विद्यालयमा कस्ता क्रियाकलापहरू सञ्चालन हुन्छन् ?

(क) हाजिरी जवाफ (ख) हिज्जे प्रतियोगिता (ग) सरसफाई प्रतियोगिता (घ) अन्य

८. विद्यालयमा तपाईंलाई शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

(क) खेलद्वारा पढाउनुहुन्छ (ख) सधै माया गरेर पढाउनुहुन्छ

(ग) हप्काएर पढाउनुहुन्छ (घ) कहिलेकाही कुट्नुहुन्छ

९. तपाईंको पढाइ सहज बनाउन विद्यालयले के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?

(क) निशुल्क खाजा (ख) खाता पेन्सिल व्यवस्था (ग) छात्रवृत्ति (घ) माथिका सबै

१०. तपाईंको पढाई सहज बनाउन सरकारले के कस्ता कार्यक्रमहरू गर्नु पर्ला ?

(क)..........................................................................................................

(ख)..........................................................................................................

# प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता

## अनुसूची-५

## विद्यालय अभिभावक संघ र शिक्षक अभिभावक संघका पदाधिकारीका लागि छलफलमा उठाइने प्रश्नहरू

१. तपाईंले विद्यालयमा मेचे तथा अन्य समुदायका बालबालिकाको सहभागिता के कस्तो पाउनु भएको छ ?

(क) अरु भन्दा बढी (ख) तुलनात्मक रुपमा बढी

(ग) तुलनात्मक रुपमा कम (ग) सीमान्तकृत भएकाले थोरै

२. बालबालिकालाई विद्यालयमा पठाउन के कस्ता कार्यक्रमहरू अपनाउनुपर्ला ?

(क) भर्ना कार्यक्रम (ख) घरदैलो कार्यक्रम

(ग) विद्यार्थी स्वागत कार्यक्रम (घ) माथिका सबै

३. तपाईंको समुदायका सबै बालबालिकाहरू विद्यालययमा आउँछन ? आउँदैनन् भने के के कारण हुन सक्छन् ?

(क) अभिभावकमा चेतनाको कमी (ख) बालश्रमिक भएकाले

(ग) घरमा पढ्ने वातावरण नभएका (घ) घरबाट विद्यालयको दुरी टाढा भएकाले

४. मेचे बालबालिकाको भर्ना स्थिति बढाउन के गर्नुपर्दछ ?

(क) शिक्षकले राम्रो काम गर्ने (ख) अभिभावकमा चेतना जगाउने

(ग) असल अभिभावकलाई पुरस्कारको व्यवस्था (घ) अन्य

५. बालबालिकाको सहभागितामा कुन-कुन तत्वले प्रभाव पारेको छ ?

(क) आर्थिक तत्व (ख) शैक्षिक तत्व (ग) सामाजिक तत्व (घ) अन्य

६. सरकारले बालबालिकाको लागि के कस्ता सुविधाहरू प्रदान गरेको छ ?

(क) छात्रवृत्तिको व्यवस्था (ख) निःशुल्क पाठ्यपुस्तक वितरण

(ग) निः शुल्क भर्ना (घ) माथिका सबै

७. बालबालिकाहरूको शैक्षिक सहभागिता बढाउन के कस्ता उपायहरू अपनाउन सकिन्छ ?

(क) नीतिगत व्यवस्था (ख) भौतिक तथा आर्थिक पक्ष सुदृढ गर्नुपर्ने

(ग) अतिरिक्त कक्षाको व्यवस्था (घ) निरीक्षण प्रणालीमा सुधार

८. छात्रछात्राहरू विद्यालयमा कम उपस्थित हुनाका कारणहरू के के हुन सक्छन् ?

(क) अभिभावकको चेतनामा कमी

(ख) कमजोर पढाई हुनु

(ग) घरमा पढ्ने वातावरण नहुनु

९. स्थानीय निकाय मार्फत लोपोन्मुख बालबालिकाहरूका लागि के कस्ता नीतिहरू निर्माण भएका छन् ?

(क).............................................................................................................

(ख).............................................................................................................

(ग) ...........................................................................................................

# प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता

## अनुसूची-६

## स्रोत व्यक्तिका लागि प्रश्नावली

स्रोत केन्द्रको नाम : ठेगाना :

स्रोत व्यक्तिको नाम र ठेगाना :

१. तपाई स्रोत व्यक्तिकोम रुपमा काम गर्नु भएको कति वर्ष भायमेक ?

(क) ५ (ख) १० (ग) १५ (घ) १५ भन्दा माथि

२. तपाईले सुपरीवेक्षण गर्ने विद्यालयहरूको वास्तविक तथ्याङ्क के कति प्राप्त गर्नुभएको छ ?

(क) ६ (ख) छैन (ग) कम मात्र (घ) रेकर्ड नै छैन

३. प्राथमिक विद्यालय तहमा विद्यार्थीको सहभागिता कस्तो पाउनुहुन्छ ?

(क) न्यून (ख) सन्तोषजनक (ग) धेरै (घ) अपेक्षाकृत

४. बालबालिकाको शिक्षामा सहभागिता न्यून हुनाका कारणहरू के के हुन सक्छन् ?

(क) ..........................................................................

(ख) ..........................................................................

(ग) ..........................................................................

(घ) ..........................................................................

५. कति पटक विद्यालय सुपरीवेक्षण गर्न जानुहुन्छ ?

(क) महिनाको १ पटक (ख) महिनाको २ पटक

(ग) ३ महिनामा १ पटक (घ) ६ महिनामा १ पटक

६. बालबालिकाको शिक्षामा सहभागिता बढाउन के-कस्ता नीतिहरू अपनाउन सकिन्छ ?

(क) ..........................................................................

(ख) ..........................................................................

(ग) ..........................................................................

(घ) ..........................................................................

# मेचे जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूचि ७

## बालबालिकाको वर्तमान विद्यमान शैक्षिक अवस्था

**विद्यालय : बलभद्र जनता उच्च माध्यमिक विद्यालय**

| प्रार्थमिक तह | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शै.सत्र | कक्षा | मेचे | | | | | जनजाती | | | | | दलित | | | | | अन्य | | | | |
| | | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने |
| २०६९ | १ | १५ | १० | ८ | २ | - | २५ | २१ | १९ | १ | १ | १० | १० | १० | - | - | ५० | ५० | ४० | ५ | ५ |
| | २ | १५ | १२ | १० | १ | १ | ३० | २५ | २० | ३ | १ | १५ | १३ | १२ | १ | - | ६० | ६५ | ६० | ५ | ५ |
| | ३ | १२ | १० | ७ | २ | १ | ३५ | ३० | २५ | २ | १ | १० | ९ | ८ | १ | - | ७० | ७० | ७० | - | - |
| | ४ | १३ | १२ | १० | १ | १ | २० | १५ | १२ | २ | १ | १२ | १० | ८ | १ | - | ५५ | ५५ | ५५ | - | - |
| | ५ | १५ | १४ | १३ | १ | १ | २२ | २० | १५ | २ | ३ | १६ | १५ | १४ | - | १ | ३५ | ३५ | ३० | ३ | २ |
| २०७० | १ | ६५ | ५० | ४५ | १५ | ५ | ९० | ७८ | ७३ | ७ | १ | ५ | ३ | ५५ | २ | ३ | ८ | ८ | ७ | १ | १ |
| | २ | १५ | १५ | ९ | ५ | १ | ३० | २९ | २८ | १ | १ | १५ | १५ | १४ | - | १ | २० | २० | १७ | - | १ |
| | ३ | १० | १० | ७ | २ | १ | २० | १८ | १७ | २ | १ | २० | १९ | १७ | १ | २ | २७ | २६ | २४ | १ | ३ |
| | ४ | २२ | २२ | १९ | ३ | १ | १५ | १० | ९ | ५ | १ | १० | ९ | ९ | १ | - | ३० | ३० | २९ | - | १ |
| | ५ | ८ | ८ | ५ | २ | १ | १० | १० | ९ | - | १ | १० | १० | १० | - | - | १० | १० | १० | - | - |
| २०७१ | १ | ० | ० | ७ | ७ | ९ | २० | १५ | १४ | ५ | ५ | ३५ | ३३ | २८ | २ | १ | ३० | २५ | २४ | ५ | १ |
| | २ | १० | १० | १ | २ | ३ | १५ | १४ | १४ | १ | २ | ५ | ३ | ५ | - | - | २० | १८ | १७ | २ | १ |
| | ३ | १५ | १५ | १ | - | २ | १५ | १४ | १४ | १ | - | १० | ९ | १४ | १ | १ | ३० | २६ | २१ | ४ | ५ |
| | ४ | १२ | २५ | १ | ३ | २ | ५ | ४ | ४ | १ | १ | १५ | १५ | १३ | - | २ | ४० | ३५ | ३३ | ५ | २ |
| | ५ | १५ | १५ | १ | १ | २ | ५ | ४ | ४ | १ | १ | ५ | ४ | ४ | १ | - | ४० | ३३ | २९ | ७ | ४ |

*स्रोत : विद्यालय अभिलेख २०७२*

# मेचे जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूचि ८

## बालबालिकाको वर्तमान विद्यमान शैक्षिक अवस्था

**विद्यालय : दिपेन्द्र प्राथमिक विद्यालय**

| प्राथमिक तह | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शै.सत्र | कक्षा | मेचे | | | | | जनजाती | | | | | दलित | | | | | अन्य | | | | |
| | | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने |
| २०६९ | १ | १५ | १४ | १४ | १ | - | १० | १० | १० | - | - | ७ | ५ | ५ | १ | - | २१ | २० | १८ | १ | २ |
| | २ | ७ | ७ | ७ | - | १ | १५ | १४ | १४ | १ | - | ३ | २ | १ | - | १ | ९ | ९ | ७ | - | २ |
| | ३ | ३ | २ | १ | १ | - | ५ | ४ | ४ | १ | - | ५ | ३ | ३ | - | - | २० | १९ | १८ | १ | १ |
| | ४ | २३ | २१ | १९ | २ | २ | १० | ९ | ९ | १ | - | ४ | ३ | ३ | १ | - | ७ | ६ | ५ | १ | १ |
| | ५ | ७ | ६ | ६ | १ | - | १५ | १५ | १४ | - | १ | ५ | ४ | ४ | १ | - | ७ | ७ | ५ | - | २ |
| २०७० | १ | १७ | १७ | १२ | १५ | ५ | १० | ८ | ५ | २ | ३ | ६ | ५ | ४ | १ | १ | ११ | १० | ८ | १ | २ |
| | २ | १२ | १२ | ११ | ५ | १ | ९ | ९ | ८ | - | १ | ३ | ३ | ३ | — | - | १९ | १८ | १७ | १ | १ |
| | ३ | १ | १ | १ | २ | - | २१ | २० | १८ | १ | २ | ४ | ३ | २ | १ | १ | ३० | ३० | २८ | - | २ |
| | ४ | १० | १० | १० | ३ | - | ७ | ६ | ६ | १ | - | ४ | ३ | २ | १ | १ | २३ | २२ | २० | १ | २ |
| | ५ | ६ | ६ | ५ | २ | १ | १५ | १५ | १५ | - | - | ५ | ५ | ५ | — | - | १४ | १४ | १४ | — | - |
| २०७१ | १ | ५ | ४ | ३ | १ | १ | १३ | ११ | १० | २ | १ | ७ | ६ | ६ | १ | - | २० | १८ | १७ | २ | १ |
| | २ | ३ | ३ | २ | - | १ | ७ | ७ | ७ | - | - | ५ | ५ | ४ | - | १ | ३१ | २८ | २६ | ३ | २ |
| | ३ | १० | ९ | ९ | - | - | २१ | २० | १९ | १ | १ | - | - | - | - | - | १० | १० | ७ | - | ३ |
| | ४ | १७ | १६ | १६ | - | १ | ९ | ९ | ७ | - | २ | ३ | ३ | ३ | - | - | ५ | ५ | ३ | - | २ |
| | ५ | १० | ९ | ७ | १ | २ | ४ | ३ | ३ | १ | - | १ | १ | १ | - | - | ५ | ४ | ३ | १ | १ |

*स्रोत : विद्यालय अभिलेख २०७२*

# श्री दिपेन्द्र प्रा.वि. मेचे जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूचि ९

## बालबालिकाको वर्तमान विद्यमान शैक्षिक अवस्था

**विद्यालय : पञ्चायत माध्यमिक विद्यालय**

| प्रार्थमिक तह | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शै.सत्र | कक्षा | मेचे | | | | | जनजाती | | | | | दलित | | | | | अन्य | | | | |
| | | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने |
| २०६९ | १ | ५ | ४ | ४ | १ | - | १० | १० | ९ | - | १ | १७ | १६ | १६ | १ | - | २६ | १९ | १९ | ७ | ० |
| | २ | ५ | ५ | ४ | - | १ | १० | १० | १० | - | - | ५ | ५ | ४ | - | १ | १० | १० | १० | - | - |
| | ३ | ४ | ३ | २ | - | १ | १५ | १५ | १५ | - | - | ३ | ३ | ३ | १ | - | ५ | ५ | ५ | - | - |
| | ४ | ३ | २ | २ | १ | - | ५ | ५ | ४ | - | १ | १ | १ | १ | - | - | २ | २ | २ | - | - |
| | ५ | ६ | ५ | ५ | १ | - | २० | २० | १८ | - | २ | १ | १ | १ | - | - | ३ | ३ | ३ | - | - |
| २०७० | १ | ११ | १० | ९ | १ | १ | ३ | २ | २ | १ | - | १२ | ९ | ७ | ३ | २ | २६ | १५ | १० | ११ | ५ |
| | २ | ५ | ५ | ५ | — | - | १५ | १४ | १४ | १ | - | २ | १ | १ | १ | - | - | - | - | | |
| | ३ | ३ | ३ | ३ | - | - | ७ | ७ | ७ | - | - | १ | १ | १ | - | - | ४ | ४ | ४ | - | - |
| | ४ | ५ | ४ | ३ | १ | १ | २० | २० | १७ | २ | १ | २ | २ | २ | - | - | ३ | ३ | ३ | - | - |
| | ५ | ४ | ४ | ४ | — | - | १८ | १८ | १८ | - | - | ५ | ५ | ४ | - | १ | १३ | १३ | १३ | - | - |
| २०७१ | १ | ३ | २ | २ | १ | - | १० | १० | ८ | १ | १ | १७ | १५ | १४ | २ | १ | ३० | १८ | १६ | १२ | २ |
| | २ | ५ | ५ | ४ | - | १ | १९ | १९ | १९ | - | - | २ | २ | १ | - | १ | ३१ | २८ | २८ | ३ | |
| | ३ | ४ | ३ | ३ | १ | - | २१ | २१ | २१ | - | - | ३ | ३ | ३ | - | - | १० | १० | १० | - | - |
| | ४ | ५ | ५ | ३ | - | २ | १५ | १५ | १५ | - | - | ४ | ४ | ३ | - | १ | ५ | ४ | ४ | १ | |
| | ५ | ५ | ५ | ५ | - | - | १७ | १७ | १६ | - | १ | १ | १ | १ | - | - | ५ | ५ | ५ | - | - |

*स्रोत : विद्यालय अभिलेख २०७२*

# मेचे जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूचि १०

## बालबालिकाको वर्तमान विद्यमान शैक्षिक अवस्था

**विद्यालय : ज्यामिरगढी माध्यमिक विद्यालय**

| प्राथमिक तह | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शै.सत्र | कक्षा | मेचे | | | | | जनजाती | | | | | दलित | | | | | अन्य | | | | |
| | | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने |
| २०६९ | १ | ५ | ४ | ४ | १ | - | १८ | १४ | १४ | ४ | - | ४ | ४ | ३ | - | १ | १ | १ | १ | - | - |
| | २ | ४ | ३ | २ | १ | १ | २२ | २१ | २१ | १ | - | २ | २ | २ | - | - | - | - | - | - | - |
| | ३ | ५ | ४ | ४ | १ | - | ३१ | २७ | २७ | ४ | - | १ | १ | १ | - | - | ३ | ३ | ३ | - | - |
| | ४ | ३ | ३ | ३ | - | - | ४१ | ३६ | २५ | ५ | ११ | ३ | ३ | २ | - | १ | ९ | ७ | ७ | २ | - |
| | ५ | ७ | ७ | ५ | - | २ | २५ | २४ | २० | १ | ४ | ४ | ४ | २ | - | २ | ६ | ६ | ६ | - | - |
| २०७० | १ | ६ | ५ | ४ | २ | १ | १८ | १४ | १४ | ४ | - | २ | १ | १ | १ | - | - | - | - | - | - |
| | २ | २ | १ | १ | १ | - | १६ | १५ | १५ | १ | - | ५ | ४ | ४ | १ | - | २ | १ | १ | १ | - |
| | ३ | ४ | ४ | ४ | - | - | २२ | १९ | १६ | ३ | ३ | २ | २ | २ | - | - | १ | १ | १ | - | - |
| | ४ | ३ | ३ | २ | - | १ | ४२ | ३८ | ३८ | ४ | - | १ | - | - | - | - | ३ | २ | २ | १ | - |
| | ५ | ५ | ५ | ४ | - | १ | २९ | २९ | २९ | - | - | ३ | ३ | ३ | - | - | १० | ७ | ७ | ३ | - |
| २०७१ | १ | ७ | ५ | ४ | २ | १ | ८ | ७ | ७ | १ | - | २ | २ | २ | - | - | - | - | - | - | - |
| | २ | ५ | ५ | ४ | - | १ | १३ | १२ | १२ | १ | - | १ | १ | १ | - | - | १ | १ | १ | - | - |
| | ३ | १ | १ | १ | - | - | २१ | २१ | २१ | - | - | ६ | ६ | ६ | - | - | - | - | - | - | - |
| | ४ | ३ | ३ | २ | - | १ | १९ | १८ | १८ | १ | - | ३ | ३ | ३ | - | - | १ | १ | १ | - | - |
| | ५ | १ | १ | १ | - | - | ३८ | ३४ | २६ | ४ | ९ | २ | २ | १ | - | १ | ४ | ३ | ३ | १ | - |

*स्रोत : विद्यालय अभिलेख २०७२*

# मेचे जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूचि ११

## बालबालिकाको वर्तमान विद्यमान शैक्षिक अवस्था

**विद्यालय : मेची विद्योदय प्राथमिक विद्यालय**

| प्राथमिक तह | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शै. सत्र | कक्षा | मेचे | | | | | जनजाती | | | | | दलित | | | | | अन्य | | | | |
| | | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | भर्ना | परीक्षामा सामेल | उर्त्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने |
| २०६९ | १ | ९ | ८ | ८ | १ | - | १७ | १६ | १६ | १ | - | ५ | ४ | ४ | १ | - | १० | १० | १० | - | - |
| | २ | ३ | २ | १ | - | १ | ५ | ५ | ४ | - | १ | ५ | ५ | ४ | - | १ | १५ | १३ | १२ | १ | - |
| | ३ | ५ | ३ | ३ | - | - | ३ | ३ | ३ | १ | - | ४ | ३ | २ | - | १ | १० | ९ | ८ | १ | - |
| | ४ | ४ | ३ | ३ | १ | - | १ | १ | १ | - | - | ३ | २ | २ | १ | - | १२ | १० | ८ | १ | - |
| | ५ | ७ | ६ | ४ | १ | २ | १ | १ | १ | - | - | ६ | ५ | ५ | १ | - | १६ | १५ | १४ | - | १ |
| २०७० | १ | ६ | ५ | ४ | १ | १ | १२ | ९ | ७ | ३ | २ | ११ | १० | ९ | १ | १ | ५ | ३ | ५५ | २ | ३ |
| | २ | ३ | ३ | ३ | — | - | २ | १ | १ | १ | - | ५ | ५ | ५ | — | - | १५ | १५ | १४ | - | १ |
| | ३ | ४ | ३ | २ | १ | १ | १ | १ | १ | - | - | ३ | ३ | ३ | - | - | २० | १९ | १७ | १ | २ |
| | ४ | ४ | ३ | २ | १ | १ | २ | २ | २ | - | - | ५ | ४ | ३ | १ | १ | १० | ९ | ९ | १ | - |
| | ५ | ५ | ५ | ५ | — | - | ५ | ५ | ४ | - | १ | ४ | ४ | ४ | — | - | १० | १० | १० | - | - |
| २०७१ | १ | ७ | ६ | ६ | १ | - | १७ | १५ | १४ | २ | १ | ३ | २ | २ | १ | - | ३५ | ३३ | २८ | २ | १ |
| | २ | ५ | ५ | ४ | - | १ | २ | २ | १ | - | १ | ५ | ५ | ४ | - | १ | ५ | ३ | ५ | - | - |
| | ३ | - | - | - | - | - | ३ | ३ | ३ | - | - | ४ | ३ | ३ | १ | - | १० | ९ | १४ | १ | १ |
| | ४ | ३ | ३ | ३ | - | - | ४ | ४ | ३ | - | १ | ५ | ५ | ३ | - | २ | १५ | १५ | १३ | - | २ |
| | ५ | १ | १ | १ | - | - | १ | १ | १ | - | - | ५ | ५ | ५ | - | - | ५ | ४ | ४ | १ | - |